जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक ४६ २०८२ चैत ८ गते आइतबार (Mar. 22, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## आगामी १२ गते नयाँ प्रधानमन्त्रि नियुक्त हुने संभावना

# मन्त्रिको छनोटमा रवि र बालेन बीच खटपट

काठमाडौं । आगामी १२ गते नवनिर्वाचित सांसदहरुले सपथग्रहण गरेपछि त्यसैदिन नयाँ प्रधानमन्त्रिको नियुक्तिहुने र राष्ट्रपति रामचन्द्र पौडेलबाट संसदको हिउँदे अधिवेशनको आह्वान हुने संभावना रहेको छ। नयाँ प्रधानमन्त्रिको सपथ र मन्त्रिपरिषदको गठनभने १३ गते हुने संभावना छ। नयाँ प्रधानमन्त्रिमा हालसम्मको अवस्थामा बालेन साहनै नियुक्त हुनुहुने संभावना छ। तर संसदको सभामुख, उपसभामुख र मन्त्रिहरुको छनोटमाभने रास्वपाभित्र नेताहरुका बीचमा तानातान शुरुभएको बताइएको छ। सो पार्टीका सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन साह, उपसभापतिद्वय डीपी अर्याल र स्वर्णिम वाग्लेबीच पटक, पटक सामूहिक भेटवार्ता भएपछि अझै सहमति कायम हुनसकेको छैन। रास्वपाले प्रतिनिधिसभा सदस्य निर्वाचनमा झण्डै दुईतिहाइ बहुमत



ल्याएपछि एकल बहुमतको सरकार गठन हुनेभएको हो। गत फागुन २१ को निर्वाचनअघि जारीगरेको वाचापत्रअनुसार मन्त्रालय संख्या घटाउने गृहकार्यमा रास्वपा जुटेको भनिएको छ। मन्त्रालयको संख्या घटाएर १५ देखि १८ मा सीमितगर्ने तयारी रहेको बताइन्छ। त्यसैगरी उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्ले दुवैजनालाई मन्त्री बनाउनेगरी छलफल अगाडि बढेको थाहाभएको छ। अर्याल गृहमन्त्री र वाग्ले अर्थमन्त्री हुने प्रबल संभावना रहेको छ। त्यसैगरी महामन्त्री सुनिल लम्साल, प्रवक्ता मनिष झा, सांसदहरु शिशिर खनाल, सोबिता गौतम, राजुनाथ पाण्डे, सस्मित पोखरेललगायतलाई पनि मन्त्री बनाउने तयारी छ। शिशिरलाई परराष्ट्र र सोबितालाई कानूनमन्त्री बनाउने तयारी रहेको बताइन्छ। त्यसैगरी प्रधानमन्त्रीको शपथका बेला विदेशी राष्ट्राध्यक्षहरुलाई निम्तो दिनेगरी छलफल पनि भइरहेको महामन्त्री कविन्द्र बुर्लाकोटीले बताउनुभएको छ। राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगले गत साता प्रतिनिधिसभा सदस्य निर्वाचन-०८२ को प्रतिवेदन पेश गरेपछि नयाँ संसद र सरकार गठनको प्रक्रिया अगाडि बढेको हो। अब संविधानको धारा ७६ (१) अनुसारको सरकार गठन हुँदैछ। पहिलो हुने निर्वाचित हुने ( प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कूल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ (१८२ सांसद) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी हुनुभएको छ। रास्वपाबाट **बाँकी ८ पेजमा**

## नेटो सम्बद्ध देशहरु पनि ट्रम्पको बिपक्षमा

काठमाडौं। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प असफल भएको र तत्काल पद छाड्नुपर्ने माग बढेपछि उहाँले तत्काल इरानसँगको युद्ध अन्त्यगर्ने बताउन थाल्नुभएको छ। उहाँले हिजो शनिबार ट्रुथ सोसलमा एउटा पोष्टगर्दै इरान विरुद्धको युद्ध चाँडै अन्त्यगर्नेबारे बिचार गरिरहेको बताउनुभएको थियो। उहाँले नेटोका सहयोगी राष्ट्रहरुप्रति आक्रोश पनि व्यक्त गर्नुभएको छ। उहाँले इरानविरुद्धको अमेरिका-इजरायल युद्धमा साथनदिएको भन्दै नेटो सम्बद्ध देशहरुलाई डरपोकको संज्ञासमेत दिनुभएको छ। गत शुक्रबार सामाजिक सञ्जालमार्फत प्रतिक्रियादिँदै ट्रम्पले अमेरिका बिना नेटो एउटा कागजी बाघमात्रै रहेको बताउँदै ती देशहरुको भूमिका कमजोर रहेको टिप्पणी गर्नुभएको थियो। ट्रम्पले विशेषगरी स्ट्रेट अफ हर्मुजमा जहाजहरुको सुरक्षित आवागमन सुनिश्चितगर्न नेटो देशहरुले सहयोग नगरेको आरोप लगाउनुभएको छ। उहाँले सो क्षेत्र खुलाराख्न सहयोग नगर्दा विश्वव्यापी तेल मूल्य बढेको दाबी पनि गर्नुभएको छ। यसैबीच, जर्मनी, बेलायत, फ्रान्स, इटाली, नेदरल्याण्ड्स, जापान र क्यानडाले **बाँकी ८ पेजमा**

## कांग्रेसमा आधिकारिकताको बिवाद कायमै

काठमाडौं। नेपाली कांग्रेसमा आधिकारिकताको बिवाद कायमै रहेको अवस्थामा गगन थापाले नेतृत्व गरेको समूह फेरी बिभाजित हुने संकेत देखिएको छ। सो समूहको बैठक आज आइतबार पनि बस्दैछ। सो समूहबाट गगन थापा र बिश्वप्रकाश शर्मालाई हटाइएमा फेरी पार्टी एकता हुनसक्ने अवस्था रहेको जानकारहरुले बताएका छन्। नेपाली कांग्रेसको आधिकारिकता विवादसम्बन्धी मुद्धा हेर्न नभ्याइने सूचीमा राखिएको छ। सो विवादसम्बन्धी रिट सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासमा सुनुवाइका लागि पेशी तोकिएको थियो। उक्त इजलासको २२ नम्बरमा तोकिएको पेशी हेर्न नभ्याइनेमा राखेको हो। गत आइतबार सो मुद्धा हेर्न नभ्याइनेमा परेपछि सुनुवाइ सरेको बताइन्छ। कांग्रेसको विशेष महाधिवेशनबाट गगन थापा सभापति पदमा चयन भएसँगै निर्वाचन आयोगले आधिकारिकता दिने निर्णय गरेको थियो। आयोगको निर्णयविरुद्ध सभापति शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले सर्वोच्चमा रिट दायर **बाँकी ८ पेजमा**

## नेपाली कम्युनिष्ट पार्टीमा संकट बढ्दो

काठमाडौं। पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीमा संकट बढ्दैगएको थाहाभएको छ। तत्कालीन माओवादी केन्द्र सहितका २६ वटा पार्टी र समूह मिलेर बनेको भनिएको सो पार्टीले गत फागुन २१ गतेको निर्वाचनमा २६ सिट पनि ल्याउन नसकेपछि नेताहरुकाबीचमा एकअर्काप्रति घोचपेच शुरुभएको छ। सो पार्टीले अब तत्कालै सचिवालय बैठक बोलाउने तयारी गरेको थाहाभएको छ। सो पार्टीमा आवद्ध मुख्य घटक माओवादी केन्द्र एक्लैले ०७९ सालको निर्वाचनमा ३२ सिट जितेको थियो। एकीकृत समाजवादीसहित बिभिन्न दलसँग एकताका बाबजुद फागुन २१ मा भएको निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी १७ सिटमात्र जितेर चौथो स्थानमा पुगेको छ। अनुमान गरे विपरीतको चुनावी परिणाम आएपछि गत फागुन २८ गते केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले प्रारम्भिक समीक्षासमेत गरेको थियो। सातै प्रदेशका निर्वाचन परिचालन समितिका संयोजकसहित बसेको बैठकमा संयोजक दाहालले रास्वपाप्रति देखिएको जनलहरका कारण पार्टीले धक्का खाएको निष्कर्ष सुनाउनुभएको थियो। **बाँकी ८ पेजमा**

## क्रान्तिकारीले समीक्षा बैठक गर्ने

काठमाडौं। सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले देशको बर्तमान राजनीतिक परिस्थितिका बारेमा समीक्षा बैठकगर्ने भएको छ। सोही प्रयोजनका लागि केन्द्रिय समितिको बैठक आगामी १७ देखि १९ गतेसम्म दाङमा बस्ने भएको छ। आगामी १४ गतेभित्र सबै नेताहरु दाङ पुग्ने र त्यहीँ स्थायी समितिको बैठक गर्ने कार्यक्रम रहेको छ। केन्द्रिय समितिको बैठकमा सो पार्टी महासचिव सिपि गजुरेलले देशको समसामयिक राजनीति र पार्टीको आगामी कार्यभारका बिषयमा राजनीतिक प्रतिवेदन पेशगर्ने कार्यक्रम छ। सो पार्टीले गत फागुन २१ को संसदीय निर्वाचन बहिष्कार गरेको थियोभने अब नयाँ सरकार आएपछि नयाँ ढंगले अगाडि बढ्ने तयारी गरिरहेको सो पार्टी निकटका समाचारसूत्रहरुले बताएका छन्। सो पार्टीले दोश्रो संविधानसभा यताका कुनैपनि निर्वाचनमा भाग लिएको छैन। सो पार्टीले यसअघि नै ०७२ को संविधान नेपालका बिद्यमान सबै समस्याको जड **बाँकी ८ पेजमा**

## नेपालको विकास खर्च न्युन, ऋण बढ्दो

काठमाडौं। नेपालको विकास खर्च न्युन र ऋण बढ्दो अवस्थामा रहेको देखिएको छ। हालै सार्बजनिक एक बिवरण अनुसार चालु आब को फागुन मसान्त सम्मको विकास खर्च कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार दोश्रो चौमासिक अवधिसम्ममा १९ प्रतिशत हाराहारीमात्रै पूँजीगत खर्च भएको छ। आबका लागि केन्द्र सरकारले कूल १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएकोमा फागुन मसान्तसम्ममा नौ खर्ब २६ अर्ब ५८ करोड ६५ लाखमात्र खर्च भएको छ। यो वार्षिक विनियोजनको ४७.१८ प्रतिशत हो। चालु शीर्षकमा ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा ५४.३७ प्रतिशतमात्र खर्च भएको छ। त्यसैगरी चालु आब सकिन चार महिनामात्र बाँकी रहेको अवस्थामा चालु आबको **बाँकी ८ पेजमा**

## अर्जुननरसिंह केसी प्रमुख प्रतिपक्षी नेता हुने

काठमाडौं । नेपाली कांग्रेसका पुराना नेता अर्जुननरसिंह केसी अब संसदमा प्रमुख प्रतिपक्षी दलको नेता हुनुहुने भएको छ। आज आइतबार



बस्ने नेपाली कांग्रेसको बैठकले उहाँलाई सो पार्टीको प्रतिनिधिसभा संसदीय दलको नेता तथा प्रमुख प्रतिपक्षी दलको नेता घोषणा गर्ने संभावना छ। गत फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिकतर्फबाट सांसद हुनुभएका केसीलेसमेत संसदीय दलको नेतामा आफ्नो रहने बताउनु भएको छ। गत शुक्रबारदेखि पार्टी केन्द्रीय कार्यालय सानेपा ललितपुरमा शुरुभएको केन्द्रीय कार्यसमिति बैठकमा सहभागी **बाँकी ८ पेजमा**

## एमालेमा नेतृत्व परिवर्तन नगर्ने सहमति

काठमाडौं। एमालेमा गत फागुन २१ को निर्वाचनको बिषयलाई लिएर नेतृत्व परिवर्तन नगर्ने सहमति भएको थाहाभएको छ। सो पार्टीका अध्यक्ष केपी ओली हाल आफ्ना पिताको क्रियाकर्ममा रहनुभएको छभने अन्य नेताहरुले छलफल गरेर नेतृत्व परिवर्तन नगर्ने बरु ओलीकै नेतृत्वका सशक्त ढंगले अगाडि बढ्ने सहमति गरेको सूत्रहरुले उल्लेख गरेका छन्। यसैक्रममा सो पार्टीका उपाध्यक्ष पृथ्वी सुब्बा गुरुङले केही सञ्चार माध्यममा प्रतिक्रिया ब्यक्तगर्दै नेतृत्व परिवर्तनको अनावश्यक बहस मिडिया र अरु व्यक्तिले चलाएको बताउनु भएको छ। उहाँले निर्वाचनपछि पार्टीको बैठक बस्दा पनि सो बहस कुनैपनि ढंगले नचलेको बताउनुभएको छ। उहाँले पार्टी अध्यक्ष यतिबेला पिताको काजकिरियामा हुनुहुन्छ। सडक, **बाँकी ८ पेजमा**

## सवारी भाडा बढाउने माग बढ्दो

काठमाडौं। इरान र अमृरिकाको युद्ध चर्किएर पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएपछि सवारी साधनको भाडा बढाउन माग भएको छ। यसैक्रममा यातायात व्यवसायीहरुको छाता संगठन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएकोभन्दै सवारीसाधनमा भाडा समायोजनगर्न माग गरेको छ। महासंघका महासचिव डेकनाथ गौतमले एक विज्ञप्ति जारीगरी नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिप्रति गम्भीर ध्यानाकर्षण भएको बताउनुभएको छ। उहाँले पेट्रोलियम पदार्थको प्रत्यक्ष उपभोगगर्ने आम यातायात व्यवसायी र उपभोक्ता वर्गको हितलाई मध्यनजर नगरी साबिकको मूल्यमा एकाएक भारी मूल्यवृद्धिगर्दा देशभर यातायात सेवा सञ्चालनगर्ने यातायात व्यवसायी एबं यात्रुमा प्रत्यक्ष असरपर्न गएको बताउनुभएको छ। महासंघले नेपाल आयल निगमभित्रको आन्तरिक चुहावट र पेट्रोलियम पदार्थको खपतलाई नियन्त्रणगरी वैज्ञानिक विधि अपनाई पेट्रोलियम **बाँकी ८ पेजमा**

## कार्की आयोजको प्रतिवेदन बिवादास्पद

काठमाडौं। सरकारले गत भदौ २३ र २४ गते भएको बिध्वंशको क्षति पत्तालगाउन पूर्वन्यायाधीश गौरी बहादुर कार्कीको नेतृत्वमा गठन गरेको जाँचबुझ आयोगले गतसाता बुझाएको प्रतिवेदन आफैमा बिवादास्पद रहेको र त्यसको अध्ययनगर्न मन्त्रिपरिषद् अन्तर्गत विशेष समिति गठनगर्ने निर्णय भएको थाहाभएको छ। गतसाता बसेको मन्त्रिपरिषदको बैठकले कार्की आयोगको प्रतिवेदनको विस्तृत अध्ययन, विश्लेषण तथा कार्यान्वयनका लागि आवश्यक सुझाव दिन समिति गठनगर्ने निर्णय गरेको थियो। गत भदौ २३ र २४ गते भएको आन्दोलनकाक्रममा भएको मानवीय तथा भौतिक क्षतिको छानबिनगर्न सरकारले पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो।

**समाचार विश्लेषण**

उक्त आयोगले अनुसन्धानपछि आफ्नो प्रतिवेदन प्रधानमन्त्रीसमक्ष बुझाइसकेको छ। सरकारले उक्त प्रतिवेदन अध्ययनगरी आवश्यक निर्णय लिन तथा सिफारिसहरु कार्यान्वयनगर्ने विषयमा ठोस सुझाव दिन मन्त्रिपरिषद् अन्तर्गत समिति गठनगर्ने निर्णय गरेको बताइएको छ। आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा आन्दोलनकाक्रममा भएका घटनामा नेपाली सेनाका महासेनानी (कर्णेल) माथिका कसैलाई पनि कारवाहीको सिफारिस नगरी नेपाल प्रहरी र सशस्त्र प्रहरीलाईमात्र दोषी देखाएको पाइएको बताइन्छ। प्रतिवेदनमा आन्दोलनकाक्रममा भएका घटनामा सुरक्षा निकायअन्तर्गतका नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई दोषी देखाएर नेपाली सेनाका उच्च अधिकारीहरुलाई यसमा पारिएको छैन। सेनामा पनि महासेनानीभन्दा तल्लो तहकालाई मात्र कारवाहीको सिफारिस गरिएको जानकारहरुको भनाई छ। प्रतिवेदनमा आन्दोलनको बेला प्रधानमन्त्री मातहत रहेको राष्ट्रिय अनुसन्धान विभागका अधिकारीहरुलाई पनि कारवाहीको सिफारिस गरेको छ। विशेषतः गत **बाँकी ८ पेजमा**

## नेपालमा ठगीका घटनामा अत्यधिक बृद्धि

काठमाडौं। नेपालमा राजनीतिक संक्रमणकाल रहेको र अन्तराष्ट्रिय क्षेत्रमासमेत संकट बढ्दैगएको अवस्थामा बिभिन्न ठगीका घटनाहरु बढेका छन्। यसैक्रममा ठगीमा संलग्न रहेको अभियोगमा सातजनालाई प्रहरीले पक्राउग[redacted] पक्राउपर्नेहरुमा भक्त[redacted] थिमी नगरपालिका-२ गट्ठाघरबस्ने सप्तपरीको कञ्चनरुप नगरपालिका-१२ घरभएका बिबेक रेग्मी, ललितपुर महालक्ष्मी नगरपालिका-२ बाल कुमारीबस्ने भारत तेलंगाना हैदरावाद बोरण्डा थाना घर भएका हुसेन सैयद, साजिद ओमर सैयद, भारत तेलंगाना हैदरावाद चारमिनार थाना घरभएका महम्मद ईमरान, मिर खालिद हुसेन, रजाक महम्मद र भारतको तेलंगाना हैदरावाद कुकडपल्ली थाना घरभएका समादा गिरी रहेका छन्। काठमाडौं महानगरपालिका-१० थापागाउँ लाखेचौर मार्गस्थित सिर्तेल होलिडेज प्रालि नामको ट्राभल एजेन्सीबाट सर्वसाधारण व्यक्तिहरुलाई युरोप, एशिया, अफ्रिका लगायत १७५ देशहरुमा भ्रमणमा जानको लागि बिभिन्न नम्बरबाट फोनगरी ट्राभल लोटरी परेको छभनि झुक्यानमापारी अत्यन्त सस्तोदरमा भ्रमण गराउनेभनि विश्वास दिलाई पीडितहरुबाट रकमलिई भ्रमण नगराई रकमसमेत फिर्ता नगरी ठगी गरेकोभन्ने सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरुलाई सोही कार्यालय[redacted] गरेको हो। प्रारम्भिक [redacted] क्रममा उनीहरुले हालस[redacted] पीडितहरुबाट दुईकरोड [redacted] हजार ५७४ रुपैयाँ ठगी[redacted] आएको प्रहरीको भनाई छ। त्यसैगरी वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमापारी ग्रीस र स्पेन पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा दुईजनालाई प्रहरीले पक्राउगरेको छ। पक्राउपर्नेहरुमा काठमाडौंको नागार्जुन नगरपालिका-३ बस्ने काभ्रेको रोशी-६ घरभएका रकमबहादुर लोप्चन तामाङ र काठमाडौं महानगरपालिका-३१ बस्ने सिराहा मिर्चैया **बाँकी ८ पेजमा**

## मन्त्रिको...

प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सांसद निर्वाचित हुनुभएको छ। त्यसैगरी नेपाली काँग्रेसबाट ३८, एमालेबाट २५, नेपाली कम्युनिष्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट सात र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पाँच तथा एक स्वतन्त्र सांसद निर्वाचित हुनुभएको छ। जसलेगर्दा नेपाली काँग्रेस प्रमुख प्रतिपक्षी दल हुने पक्का भएको छ। सरकार गठन हुनैलाग्दा एकातिर हुरी बतास सहितको बर्षाका कारण विभिन्न राजमार्गहरु अवरुद्ध भएका छन्। देशका विभिन्न भागमा ठूलो क्षतिभएको छभने अर्कातिर इरान र अमेरिकाको युद्धका कारण इन्धनको संकटले बजारभाउ बढेर जनजीवन असहज भएको छ। जसलेगर्दा बालेन साहको नेतृत्वमा गठन हुने रास्वपाको सरकारको भविश्य संकटपूर्ण रहने देखिएको राजनीतिक क्षेत्रमा चर्चाको विषय भएको छ।

## क्रान्तिकारीले....

भएको ठहरगर्दै जन संविधानका लागि संघर्षमा जाने र जनगणतन्त्र स्थापना गराउने घोषणा गरिसकेको छ। क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका चारवटा कम्युनिष्ट पार्टीको अलग्गै गठबन्धन रहेको छ। जसले देशभक्त र गणतान्त्रिक शक्तिहरुको संयुक्त सरकार गठनका लागि देशव्यापि दबाव आन्दोलन पनि सञ्चालन गरिरहेको छ।

## एमालेमा....

सडकमा कुरा गरेर नेतृत्व परिवर्तन हुँदैन। पार्टीको आन्तरिक विधि प्रक्रिया र तरिका रहेको बताउनु भएको छ। उहाँले पार्टीको नीति, सिद्धान्त, विचार र प्रक्रियाअनुसार हुने बहसलाई बाटोमा चलाएर हुँदैन। भर्खरै महाधिवेशन भएको छ, नेतृत्व फेर्ने बहस कसरी उठाउने ? पपुलारिज्मना भिज्ने पार्टी एमाले होइन। बाहिर हल्लागर्दै हिँड्ने हो या आत्मसमीक्षागर्ने कुरा अलग हो पनि भन्नुभएको छ। उहाँले यतिबेला पार्टीमात्रै होइन, राज्य व्यवस्थानै जटिल अवस्थामा पुग्ने चिन्ता पनि व्यक्त गर्नुभएको छ। एमाले अब संसदमा वैचारिक प्रतिपक्षकारुपमा रहने राजनीतिक क्षेत्रमा चर्चाको विषय भएको छ।

## नेपालको...

बजेट कार्यान्वयनको अवस्थाभने तीनवटैतहका सरकारको नाजुक रहेको छ। चालु आर्थिक वर्षको दुईवटा चौमास सकिसक्दा पनि सातै प्रदेशले २५ प्रतिशतसम्म पनि खर्चगर्न सकेका छैनन्। धेरै प्रदेशको खर्च विनियोजनको २० प्रतिशतभन्दा कम रहेको छ। अर्कातिर चालु आब ०८२/८३ को शुरुमा कूल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा गत फागुन मसान्तसम्ममा २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ। पछिल्लो आठ महिनामामात्र दुई खर्ब चारअर्ब २४ करोड सरकारी ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। सो कार्यालयकाअनुसार यो अवधिसम्ममा सरकारले १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र १५ खर्ब ३० अर्ब १८ करोड बाह्य ऋण तिर्न बाँकी रहेको छ। कूल सार्वजनिक ऋणमा गत फागुन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.१६ र आन्तरिक ऋणको हिस्सा ४६.८४ प्रतिशत रहेको छ। हालसम्मको कूल सार्वजनिक ऋण कूल गार्हस्थ्य उत्पादनको ४७.१३ प्रतिशत हुनआउँछ। यसरी गत भदौको घटना र त्यसपछि बनेको चुनावी सरकारका कारण देशमा आर्थिक संकट थप बढेको देखिएको छ।

## सवारी....

पदार्थको सहज आपूर्ति व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष माग पनि गरेको छ। सार्वजनिक यातायात सञ्चालनमा सवारीसाधनहरु डिजेल तथा पेट्रोलको इन्धन प्रयोगगरी सञ्चालन हुनेहुँदा पेट्रोलियम पदार्थको मूल्य घटबढहुँदा प्रत्यक्ष असर सार्वजनिक सवारीसाधन सञ्चालनमा देखिएको महासंघले जनाएको छ। नेपाल आयल नियमले डिजेलमा १० र पेट्रोलमा १५ वृद्धि गरेको थियो। यातायात व्यवस्था विभागले कानूनबमोजिम पेट्रोलियम पदार्थमा मूल्यवृद्धिहुँदा वा मूल्य घट्दा स्वचालित प्रणालीबाट मूल्य समायोजनगर्दै आएकोभन्दै यातायात व्यवसायी महासंघले अहिले पनि उक्त व्यवस्था लागूगर्न अनुरोधसमेत गरेको छ। अब नयाँ सरकार गठन भएपछि यातायात व्यवसायीहरुले नयाँ प्रधानमन्त्रिलाई तत्काल घेराउगर्ने कार्यक्रम राखेको थाहाभएको छ।

## नेटो...

संयुक्त वक्तव्य जारीगर्दै हर्मुज क्षेत्रमा सुरक्षित आवागमनका लागि उपयुक्त प्रयासमा सहभागी हुने बताएका छन्। तर फ्रेडरिक मर्जले त्यसका लागि द्वन्द अन्त्य हुनुपर्ने शर्त राख्नु भएको छ। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने ब्रसेल्समा आयोजित शिखर सम्मेलनपछि प्रतिक्रियादिँदै अन्तर्राष्ट्रिय कानूनको रक्षा र तनाव कमगर्नु नै प्राथमिकता भएको बताउनुभएको छ। अर्कातिर अमेरिकाले मध्यपूर्वमा आफ्नो दोश्रो मरीन एक्सपेडिसनरी युनिट पठाएको छ। करिब दुईहजार २०० मरीन सैनिक र तीन युद्धपोत समावेश सो युनिट क्यालिफोर्नियाबाट प्रस्थान गरेको अमेरिकी अधिकारीहरुले बताएका छन्। पहिलो युनिट, जुन प्यासिफिकबाट आएको थियो, अझैपनि उक्त क्षेत्रमा जादैछ। दोश्रो युनिटलाई आफ्नो स्थानमा पुग्न केहीहप्ता लाग्ने अनुमान छ। पहिलो समूहमा परिचालित युएसएस त्रिपोली अम्फीबियस आक्रमण जहाज सबैभन्दा आधुनिक बिग डेभ जहाज हो। जसले एफ ३५ स्टेल्थ जेट, ओस्प्रे र अन्य विमानहरु राख्न बढी स्थान दिन्छ। यसअघि यस्ता युनिट युएसएस आइओ जिमा मार्फत भेनेजुएलाका नेता निकोलास मदुरोलाई सत्ताबाट हटाउने अपरेशनमा प्रयोग गरिएको थियो।

## कांग्रेसमा....

गर्नुभएको थियो। रिटमा पहिलो सुनुवाइ गरेको सर्वोच्चले गत माघ छगते कारण देखाउ आदेश जारीगर्दै सबै पक्षसँग लिखित जवाफ मागगरेको थियो। सर्वोच्चले अन्तिम सुनुवाइगर्नका लागि अग्राधिकार प्रदानगरेको थियो। सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले अन्तरिम आदेश दिन अस्वीकारगर्दै १५ दिनभित्र अग्राधिकार प्रदान गरेको थियो। निर्वाचन आयोगसमेतलाई विपक्षी बनाउदै देउवा पक्ष अदालत गएको थियो। देउवा पक्षले नियमित महाधिवेशनको मिति तोकिसकेको अवस्थामा विशेष महाधिवेशनको औचित्य नहुने उल्लेखगर्दै विशेष महाधिवेशन र त्यसको परिणामलाई अस्वीकारगर्दै आएको छ। नेकाको टिकटमा विजयी सांसदहरु ४० प्रतिशत मत पुर्‍याएर सो समूहबाट अलग हुनलागेको बताइएको छ। नेपाली काँग्रेसमा सभापति शेरबहादुर देउवामाथि गगन थापा र विश्वप्रकाश शर्माहरुले गंभिर अन्याय गरेकोभन्ने आवाज चर्को बन्दैगएको छ। गगन थापा समूहमा सहजै चल्न नसक्नेभई व्यापक सुधार गर्नुपर्ने भएपछि सुझावसमेत मागिएको छ। सो समूहका महामन्त्री प्रदीप पौडेलले पार्टी सुधारका लागि कार्यकर्ता र शुभेच्छुकसँग सुझाव माग गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमार्फत नीतिगत, संरचनागत तथा व्यावहारिक सुधारका विषयमा सुझाव दिन सार्वजनिक आह्वान गर्नुभएको हो। सो पार्टीका संस्थापन पक्षका सभापति देउवा सिंगापुरबाट स्वदेश फर्केपछि नियमित महाधिवेशनको प्रक्रिया अगाडि बढ्ने बताइन्छ।

## नेपाली...

पार्टीले जित्ने सुनिश्चित भएको स्थानमा पनि आफ्ना उम्मेदवार कसरी पराजित भएभन्ने सन्दर्भमा अर्को बैठकमा गम्भीर समीक्षा हुने बताइएको छ। चुनावको समीक्षागर्न सचिवालय बैठकबस्ने प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभएको छ। पार्टीलाई क्रियाशील तथा बलियो बनाउने सम्बन्धमा केन्द्रीय समिति बैठक बसेर महाधिवेशनको तयारीबारे छलफलगर्ने सापकोटाको भनाई छ। आगामी असारसम्ममा महाधिवेशन तयारीगर्नेबारे पनि बैठकमा छलफल हुने उहाँले बताउनुभएको छ। माओवादी आधार क्षेत्रमा समेत पराजय भोगेको नेकपाले प्रत्यक्षमा सात र समानुपातिकमा आठलाख ११ हजार ५७७ मतसहित नौसिट प्राप्तगरेको छ। ०६४ सालमा २२० सिट, ०७० सालमा ८० सिट, ०७४ सालमा ५३ सिट, ०७९ सालमा ३२ सिट जितेको तत्कालीन माओवादी जनमतमा निरन्तर खस्किँदै गएको देखिएको छ।

## अर्जुन....

हुन जानेक्रममा सञ्चारकर्मीहरुसँग केसीले उपरोक्त कुरा बताउनु भएको हो। उहाँले संसदीय दलको नेतामा स्वतः दाबी हुन्छ। म सबैभन्दा त्यहाँको सिनियर नेता हुँ, संसदीय अभ्यास र यात्रामा मैले धेरै ठूलो योगदान गरेको छु। अभ्र तपाईंहरु मध्ये कोही इतिहासलाई हेर्नुहुन्छ भने ०४७ देखिको संसद काँग्रेसको सिंगै धानिदिनेमध्ये म पनि हुँ भन्नुभएको थियो। केसी पञ्चायती शासन व्यवस्थाकै पालाबाट जनपक्षीय सांसद रहँदै आउनुभएको छ। सो पार्टीमा हाल उहाँ चर्चित र सम्मानित नेता मानिनु हुन्छ। उहाँ प्रतिनिधिसभामा जेष्ठ सदस्यसमेत रहनुभएको छ। आगामी १२ गते उहाँले नै सबै सांसदलाई सपथग्रहण गराउनुहुने भएको छ।

## कार्की....

भदौ २३ मा केन्द्रित प्रतिवेदनमा २४ गते भएका घटनामा सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको भूमिकाबारे कुनै व्याख्या गरिएको छैन। घटना विवरण संकलन गरेर राखेको र नयाँ सरकार बनाउन प्रधान सेनापतिले भूमिका निर्वाह गरेकोमा प्रशंसासमेत गरिएको छ। प्रतिवेदन जेनजी आन्दोलनको सूत्रधार को थियो, त्यसको शुरुवात कसले गरेको हो र आन्दोलनपछि त्यो प्लेटफर्म कसले बन्द गरेको हो भन्नेबारेमा पनि मौन रहेको देखिएको छ। प्रहरी र सशस्त्र प्रहरीतर्फ फिल्डमा खटिएका र फिल्डमा खटाउनेलाई फौजदारी कसुरदेखि विभागीय कारवाहीसम्मको सिफारिस गरिएको बताइन्छ। राष्ट्को सुरक्षागर्नेमाथि कारवाही र विध्वंश मच्चाउनेहरुलाई उन्मुक्ति दिने प्रयास भएकोभन्दै विरोध भएको छ। यसैबीच उज्यालो नेपाल पार्टीले जेनजी आन्दोलनसँग सम्बन्धित घटनाक्रमबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिकगर्न सरकारसँग माग गरेको छ। सो पार्टीका प्रवक्ता डा राजु थापाद्वारा जारी प्रेस वक्तव्यमा प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्नेसहितका पाँचबुँदे माग अघिसारिएको छ। प्रतिवेदन सार्वजनिकगर्न ढिलाइ भएकाबारे स्पष्ट आधिकारिक जानकारी र समयसीमा सार्वजनिक गर्न सो पार्टीको माग छ। त्यसैगरी आफूलाई जेनजी समूहका भएको दाबिगर्नेहरुले गतसाता कालोपट्टी बाँधेर सरकार विरुद्ध प्रदर्शनगरेका थिए। आयोगको प्रतिवेदन सार्वजनिकगर्न मागगर्दै उनीहरुले काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गरेका हुन्। उनीहरुले कार्की आयोगको पूर्ण प्रतिवेदन खोइ ? भन्दै आँखामा कालोपट्टी बाँधेर प्रर्दशन गरेका थिए। यसैक्रममा जेनजी मुभमेन्ट नेपाललेसमेत भदौ २३ र २४ गते भएको आन्दोलनका घटनाबारे छानबिनगर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिकगर्न सरकारसँग माग गरेको छ। सो संस्थाले एक प्रेस वक्तव्य जारीगर्दै उक्त आन्दोलनकाक्रममा भएका हत्या, आगजनी तथा हिंसात्मक घटनाको सत्यतथ्य सार्वजनिक नभएसम्म देशमा न्याय र स्थायित्व स्थापित हुन नसक्ने जनाएको छ। वक्तव्यमा उपरोक्त घटनाबारे निष्पक्ष छानबिनगरी दोषीलाई कानूनी दायरामा ल्याउन आवश्यक रहेको उल्लेख गरिएको छ। प्रतिवेदन सार्वजनिक नगरी सत्य लुकाउने वा दोषीलाई संरक्षणगर्ने प्रयास भएमा त्यसले जनभावना र लोकतान्त्रिक मूल्यविरुद्ध जाने चेतावनी पनि संस्थाले दिएको छ। त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगको अध्ययन समितिले पनि २३ भदौको जेनजी आन्दोलनकाक्रममा सरकारबाट अनावश्यक बल प्रयोग भएको निष्कर्ष निकाल्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीसहित जिम्मेवार अधिकारीमाथि अनुसन्धानगरी कारवाही अघिबढाउन सिफारिस गरेको छ। २४ भदौको विध्वंसमा संलग्नलाई पनि कारवाही गर्नुपर्ने समितिको निचोड रहेको छ। तर भदौ २४ मा विध्वंश मच्चाउने हरुकाबारेमा हालसम्म अध्ययन नै हुनसकेको छैन।

## नेपालमा...

नगरपालिका-३ घरभएका लक्ष्मणकुमार यादव रहेका छन्। पक्राउ परेकामध्ये रकमबहादुरले ग्रीस पठाइदिन्छुभन्दै तीनजना पीडितहरुबाट २५ लाख रुपैयाँ र लक्ष्मण कुमारले स्पेन पठाइदिन्छुभन्दै पाँचजना पीडितहरुबाट १३ लाख ५० हजार रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले रकम बहादुरलाई काठमाडौं महानगरपालिका-१३ बाट र लक्ष्मण कुमारलाई काठमाडौं महानगरपालिका-३१ बाट पक्राउगरेको हो। त्यसैगरी अष्ट्रेलिया पठाइदिन्छुभन्दै ठगीगर्ने व्यक्ति पनि पक्राउपरेका छन्। पक्राउपर्नेमा काठमाडौं महानगर पालिका-३२ बस्ने मिना घिमिरे रहेको प्रहरीले जनाएको छ। मिनाले अष्ट्रेलिया पठाइदिन्छुभन्दै एकजना पीडितबाट १२ लाख रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१४ बाट पक्राउगरेको हो। त्यसैगरी क्यानडा पठाइदिन्छुभन्दै ठगीगर्ने व्यक्ति पनि पक्राउ परेका छन्। प्रहरीले ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-९ बस्ने कञ्चनपुरको भीमदत्त नगर पालिका-१८ घरभएकी गीता भण्डारीलाई पक्राउगरेको हो। गीताले क्यानडा पठाइदिन्छु भन्दै पाँचजना पीडितहरुबाट २७ लाख रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ बाट पक्राउ गरेको हो। त्यसैगरी अनलाइनमार्फत ठगीगर्नेहरु पनि पक्राउपरेका छन्। अनलाइनमार्फत ठगीगर्ने कार्यमा संलग्न रहेको अभियोगमा स्याङ्जाको बिरुवा-२ का भेषराज बाग्लेलाई प्रहरीले पक्राउगरेको छ। सामाजिक सञ्जाल टिकटकमार्फत ह्वाट्सएप नम्बर मागी सम्पर्कगरी आफू अमेरिकन आर्मीमा कार्यरत रहेकोभनी विभिन्न बहाना बनाई प्रलोभनमापारी हाल विदामा नेपालमा जग्गाको कर तिर्नआएको लगायतको झुठा आश्वासन दिलाई रकम मागगरी ठगीगर्ने कार्यमा संलग्न उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले चन्द्रागिरी नगरपालिका-७ थानकोटबाट पक्राउगरेको हो। त्यसैगरी अनलाइन मार्फत सट्टाबाजी गराउने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाबस्ने मोरङको उर्लाबारी नगरपालिका-६ हाटखोला घरभएका मोहन लुईंटेललाई प्रहरीले पक्राउगरेको छ। सोसल मिडिया एण्ड अनलाइन पेमेन्ट प्याटफर्ममार्फत अनलाइन जुवा खेलाइरहेकोभन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई कागेश्वरी मनोहरा नगरपालिका-८ शिवचोकबाट पक्राउगरेको हो। पक्राउ परेकाहरु माथि आवश्यक अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।

## कुनैपनि...

धेरैजसो अवस्थामा मानिसहरु आउँछन्, पैसा दिन्छन् र फर्किन्छन्, तर त्यसको पछि के भयो भनेर फलोअप हुँदैनथ्यो। त्यसैले अब हामीले के सोचिरहेका छौँ भने, सचिवालयमै एउटा छुट्टै युनिट बनाएर प्रोजेक्टको निगरानी गर्ने छौँ। आवश्यक परे हामी पनि केही रकम थप्नेछौँ र प्रोजेक्ट ठिकसँग चलेको छ कि छैन भन्ने नियमित रुपमा हेर्नेछौँभनेर प्रस्ताव ल्याछौँ। यदि यो योजना लागूभयोभने, करिब ६० देशबाट ६० वटा प्रोजेक्ट सञ्चालन गर्न सकिन्छ। जस्तै-स्कुल बनाउने, अस्पताल बनाउने, वा विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

**एनआरएनएमा जेनजी र युवालाई जोड्ने नीति के छ नि ?**

यही अधिवेशनदेखि नै दोश्रो पुस्ताका गैरआवसीय नेपाली संयोजक तोकेका छौँ। उनीहरु त्यही जन्मेर त्यही पढेका, २५-३० वर्षमुनिका युवाहरु हुन्। ती संयोजकहरुले आफ्ना जेनेरेसनका मानिसहरुसँग सजिलै कम्युनिकेसन गर्न सक्छन्, । हरेक देशमा पनि हामीले संयोजक तोक्छौं, अनि उनीहरुमार्फत हाम्रो कुरा सुन्छौं, 'कसरी नेपालसँग कनेक्शन कायम गर्न सकिन्छ' भन्ने विषयमा। कमसेकम आउँदो समरमा, हाम्रो छोराछोरीलाई शैक्षिक भ्रमणजस्तो गराएर नेपाल घुम्न पठाउँदा नेपालसँग कनेक्शन बढाउन सकिन्छ।

**अन्त्यमा विश्वभर रहेका नेपालीलाई यहाँको सन्देश के छ नि ?**

अब नेपालको राजनीतिजस्तै एनआरएनलाई पनि फरक किसिमले अगाडि बढाउनुपर्छ। सम्पूर्ण गैरआवासीय नेपालीलाई आसावादी रहन आग्रह गर्छु। के नयाँ सरकारसँग सहकार्य गर्ने अवसर आएको छ। सरकारसँग समन्वय गरेर गैरआवासीय नेपालीहरुको मुद्धा सम्बोधन गर्छौ यसका लागि हामीलाई साथ दिनुहोला।

## ट्रेड युनियन...

त्यहाँ केही सीमाको सामना पनि गर्नुपर्ने हुन्छ। आत्मसम्मान, संस्थाको दक्षता र उत्पादकत्वमा वृद्धि, लाभांश प्राप्तिको सुनिश्चित, सामाजिक उत्तरदायित्व वहन, सेवाको प्रभावकारिता, कार्यकुशलता पूर्वक कार्यसम्पादनगरी सेवाग्राहीलाई सन्तुष्टि प्रदानगर्ने अभिप्रायले नेपालको सार्वजनिक क्षेत्रमा पनि ट्रेड युनियन अधिकारको विषयले व्यापकता पाएको देखिएको छ। ०७२ को संविधानलेनै सुनिश्चित गरेको ट्रेड युनियन अधिकारलाई थप व्यवस्थितगरी प्रशासन/व्यवस्थापनको समसामयिक सुधारगर्नु आजको आवश्यकता हो। अब बन्ने संसद र सरकारले ट्रेड युनियनकाबारेमा रचनात्मक र सिर्जनात्मक शोच राख्नु बढी उपयुक्त हुन्छ। खासगरी संसद र सरकारको नेतृत्वमा पुग्नलागेको रास्वपाले ट्रेड युनियनसम्बन्धी आफ्नो शोचकाबारेमा सम्बद्ध पक्षहरु समेतलाई राखेर छलफल चलाउनु आवश्यक छ।

## पक्राउपर्नेक्रम बढ्दो

काठमाडौं। विभिन्न देशमा नेपाली पक्राउपर्नेक्रम बढ्दैगएको देखिएको छ। खासगरी इरान र अमेरिका युद्धका कारण विदेशमा रहेका नेपालीहरु विभिन्न समस्यामा परेकै बेला कतिपय पक्राउसमेत पर्नथालेका छन्। एक समाचारअनुसार सामाजिक सञ्जालमार्फत भ्रामक सूचना फैलाएको आरोपमा संयुक्त अरब इमिरेट्स (यूएई) मा हालसम्म सातजना नेपाली नागरिक पक्राउ परेका छन्। इजरायल-अमेरिका र इरानबीचको तनाव बढेसँगै इरानले यूएईतर्फ मिसाइल तथा ड्रोन आक्रमणगर्दै आएको छ।



**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# नेपालमा बढ्दै गएको सार्बजनिक ऋृण र राजनीतिक अस्तब्यस्तता

**नेपालमा हालैका दिनमा सार्बजनिक ऋृण र राजनीतिक अस्तब्यस्तता बढ्दैगएको देखिएको छ। गतसाता सार्बजनिक एक तथ्यांकअनुसार चालु आर्थिक वर्ष ०८२/८३ को शुरुमा कूल सार्वजनिक ऋृण २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा गत फागुन मसान्तसम्ममा २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ। पछिल्ला आठ महिनामा मात्र दुई खर्ब चारअर्ब २४ करोड सरकारी ऋृण थपिएको पाइको छ। सरकारी तथ्यांकअनुसार पनि सो अवधिसम्ममा सरकारले १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र १५ खर्ब ३० अर्ब १८ करोड बाह्य ऋृण तिर्न बाँकी रहेको देखिनु आफ्नै डरलाग्दो आंकडा हो। कूल सार्वजनिक ऋृणमा फागुन मसान्तसम्ममा वैदेशिक ऋृणको हिस्सा ५३१६ र आन्तरिक ऋृणको हिस्सा ४६.८४ प्रतिशत रहेको पाइनु पनि आफैमा ब्याख्या र बिश्लेषणलायक बिषय रहेको छ। त्यसैगरी भदौ २३ र २४ गतेको बिध्वंशलाई आधार बनाएर भदौ २७ गते संसदको बैठक चलिरहेको र सो बैठकले नयाँ सरकार दिनसक्ने अवस्था रहेकै बेला संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरेर निर्वाचित संसद नै बिघटन गरियो। मनोनित प्रधानमन्त्रिले निर्वाचित संसद बिघटन गरेको बिश्वमै उक्त पहिलो घटना हुनपुगेको छ। सो घटनाका कारण एकातिर प्रमुख संसदवादी दलहरुलाई छिन्न भिन्न गराएको छभने अर्कातिर बिद्यमान संसदीय ब्यवस्थालाई समेत बिकृत बनाउने लक्षणहरु देखिएका छन्। गत फागुन २१ को निर्वाचनबाट नयाँ संसद र सरकार गठन भएपनि आर्थिक, सामाजिक र राजनीतिक समस्याहरुको सहजै समाधान हुन नसक्ने अवस्था सिर्जना भएको छ। नेपालमा मूल समस्या राजनीतिमा रहेको छ। विदेशीको नक्कल गरिएको र कतिपय विदेशीबाट प्रायोजित कुराहरु संविधानमा समाबेश गरिएका कारण राजनीतिक समस्या बढेर गएको हो।**

**त्यसैले अब फेरी पनि स्वतन्त्र र निष्पक्षरुपमा कामगर्न सक्ने संविधान निर्माण समितिद्वारा संविधान बनाउने आँट गरिएको हुनु पर्दछ। बिना पूर्बशर्त र हरेक समस्याको बिधि र पद्धतिद्वारा समाधान पर्न पाउने सर्बशक्तिमान समिति बिना नयाँ संविधान पनि बन्न सक्दैन र त्यस्तो कामचलाउ संविधानले नेपालको समस्याको समाधान पनि गर्दैन। त्यसैले होला क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले त देशमा बिद्यमान सबै समस्याको जडनै ०७२ को संविधान भएको ठहरगर्दै त्यसको परिवर्तन अनिवार्य भएको बताउँदै आएको छ। जबसम्म नेपालको संविधानबाट संघीयता, जातीय समाबेशी, धर्म निरपेक्षता र समानुपातिक निर्वाचन पद्धति हटाइँदैन तबसम्म राजनीतिक अन्योल र अनिश्चितताको अन्त्यनै हुन सक्दैन। त्यसैगरी जबसम्म राजनीतिक अन्योल र अनिश्चितताको अन्त्य हुँदैन तबसम्म विकासले गति लिन सक्दैन। देशमा संघीय शासन लागू गराइएपछि भौतिक संरचनामा अत्यधिक खर्च गर्नुपरेको छ। त्यस्ता भौतिक संरचनाको निर्माणका लागि श्रोतको अभाव भएपछि सरकारले आन्तरिक तथा वैदेशिक दुवै श्रोतबाट ऋृण लिने अभ्यास बढाउँदै गएको देखिएको छ। जुन कुरा माथि उल्लेखित तथ्यांकहरुले पनि स्पष्ट गरेका छन्। ०७८ सालको जनसंख्यालाई आधार मान्दा हालको ऋृणभार प्रतिव्यक्ति करिब ९८ हजार ६९१ रुपैयाँ पुग्ने देखिएको। जसलेगर्दा प्रत्येक नेपालीको काँधमा झन्डै एक लाख रुपैयाँ ऋृणको भार रहेको छ। यस्तो अवस्थामा नेपालमा अब चालिनुपर्ने पहिलो कदम भनेको राजनीतिक सुधार हो। सार्वजनिक ऋृणलाई अवसरमा बदल्न राजस्व प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ। त्यसैगरी कर प्रशासनमा सुधार गर्नुपर्ने कुराहरु पनि रहेका छन्। करको दायरा विस्तार तथा आर्थिक गतिविधि बढाउने नीतिले राजस्व बढाउन मद्दत गर्छ। हालको अवस्थामा सरकारी खर्चको पुनरावलोकन पनि त्यतिकै आवश्यक देखिएको छ। देशमा प्रमुख र इतिहास भएका संसदवादी दलहरु पछाडि परेको हालको अवस्थामा रास्वपा एक्लैले देशमा आमूल परिवर्तन गर्न/गराउन सकिने संभावना देखिएको छैन। त्यसैले सबैभन्दा पहिले संसदमा रहेका र नरहेका क्रियाशील दलहरुको सर्बदलीय र सर्बपक्षीय छलफलको आयोजना गरिनु पर्दछ। त्यसको निचोडअनुसार देशको राजनीतिक ब्यवस्थामा सुधार गरेर अगाडि बढ्नु पर्दछ। जसको अर्को बिकल्प छैन।**

# नेपालमा संयुक्त बाम मोर्चाको आवश्यकता र संभावनाहरु

**देश/परिवेश**
**डा. केशव देवकोटा**

नेपालमा खासगरी गत फागुन २१ को निर्वाचनमा भाग लिएका कम्युनिष्ट पार्टीहरुले सर्मनाक हार ब्यहार्नु परेपछि एकातिर सो हालको समीक्षा भैरहेको छभने अर्कातिर संयुक्त बाम मोर्चाको आवश्यकता र संभावनाहरुकाबारेमा पनि बहस थालिएका छन्। ०४६ सालमा संयुक्त बाम मोर्चा बनेर त्यतिबेलाको आन्दोलन सफल भएको थियो। तर सो मोर्चाले दीर्घकालीन स्वरुप धारणगर्न सकेन। त्यसपछि पनि बाम मोर्चा बनाउने अनेक प्रयासहरु नभएका होइनन्। तर कुनैपनि प्रयासहरु सफल हुनसकिरहेका छैनन्। ०४६ सालको राजनीतिक परिवर्तनपछि संयुक्त जनमोर्चा केही समय चलेको थियो। पछि त्यसलाई तत्कालीन नेकपा(माओवादी) ले एकलौटी बनाउने प्रयास गरेका कारण बीचैमा बिघटन हुनपुग्यो। नेकपा मसालले गठन गरेको एकल पार्टी मोर्चा ( राष्ट्रिय जनमोर्चा ) हालसम्म सञ्चालनमा रहेको छ। तर त्यो मसालको चुनावी मोर्चा भएका कारण अन्य समूहहरु गोलबन्द हुने कुरानै भएन।

गत फागुन २१ मा भएको निर्वाचनमा राजमो सुन्य अवस्थामा पुगेकाले त्यो पनि अगाडि बढ्ने खासै संभावना देखिएको छैन। सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी र लोकनारायण सुवेदी नेतृत्वको नेकपा लगायतका पार्टीहरुले क्रान्तिकारी मोर्चा गठन गरेका छन्। तर एकातिर सो मोर्चा उद्देश्यअनुरुप अगाडि बढ्न सकिरहेको छैनभने अर्कातिर सो मोर्चामा रहेका पार्टीहरु अन्य बाम मोर्चाहरुमा समेत रहेकाले बिभिन्न बिवाद र भ्रमहरुको सिर्जना भएको छ। उपरोक्त सबै घटनाक्रमहरुलाई हेर्दा नेपालका कम्युनिष्ट पार्टीहरु आपसमा मिल्न नसक्नुका खासखास कारणहरु रहेका छन्। जसको हालसम्म खोजीसमेत भैरहेको छैन। पछिल्ला बर्षहरुमा नेपालमा साम्राज्यवादी हसतक्षेप भएको भनेर कतिपय कम्युनिष्ट पार्टीहरुले सार्बजनिक रुपमा प्रचार गरे। तर तिनै पार्टीले साम्राज्यवाद बिरोधी संयुक्त मोर्चा बनाउन सकेनन्। अब फेरी बृहत् बाममोर्चाको आवश्यकताकाबारेमा बहसहरु चल्न थालेका छन्। त्यो कस्तो मोर्चा भन्ने कुराको स्पष्ट खाका बाहिर आएको छैन। नेपालको वर्तमान राजनीतिक अवस्थालाई हेर्दा बृहत बाम एकताको बहस फेरि पनि प्राशंगिक बनेको देखिन्छ। तर त्यस्तो मोर्चा गठन हुने संभावना भने कम छ। विशेषगरी विभाजित कम्युनिष्ट शक्तिहरुकाबीचमा सहकार्य वा एकताको आवश्यकताभन्ने विषय बारम्बार उठ्ने गरेको छ। पहिलो कुरा, नेपालको बाम आन्दोलन ऐतिहासिकरुपमा बलियो भए पनि अहिले बिभिन्न समूह र गुटमा विभाजित छ। संसदीय राजनीतिमा रहेका एमाले र नेपाली कम्युनिष्ट पार्टीलगायतका समूहहरुबीचको प्रतिस्पर्धा र असहमतिले बाम राजनीति कमजोर भएको देखिएको छ। जसले सरकार गठनदेखि नीति निर्माणसम्म अस्थिरता ल्याउने काम गरेको छ। त्यसैगरी संसदीय राजनीति नमान्ने क्रान्तिकारी कम्युनिष्ट पार्टी र संसदीय राजनीति मान्ने कम्युनिष्ट पार्टीहरुकाबीचमा पनि अलग्गै द्वन्द रहेको छ। नेकपा(मसाल) र नेमकिपाजस्ता पार्टीहरुको भनाई फेरी अलग्गै देखिएको छ।

जसलेगर्दा बृहत् बाम एकता नेपालका लागि आकर्षक नारा भएपनि समस्यासमेत रहँदै आएको छ। दोश्रो, विगतमा भएको नेपालका कम्युनिष्ट पार्टीहरुको एकीकरण केही समयका लागि स्थायित्वको आशा जगाएको थियो। तर आन्तरिक विवाद र नेतृत्वको संघर्षका कारण त्यो एकता दीर्घकालीन हुनसकेन। उपरोक्त अनुभवले देखाउँछकि केवल संगठनात्मक एकतामात्र पर्याप्त हुँदैन। बैचारिक स्पष्टता, नेतृत्वमा सहमति र आन्तरिक लोकतन्त्र पनि उत्तिकै आवश्यक हुन्छ। तेश्रो, आजको आवश्यकता के होभने बाम शक्तिहरुले न्यूनतम साझा कार्यक्रममा सहमतिगर्न सक्नुपर्दछ। पार्टीहरुकाबीचमा पूर्णएकता सम्भव नभए पनि नीतिगत सहकार्य, चुनावी तालमेल, र राष्ट्रिय मुद्धाहरुमा साझा धारणा बनाउनु बढी व्यावहारिक देखिन्छ। यसले राजनीतिक स्थायित्व, आर्थिक विकास, र सामाजिक न्यायका एजेन्डा अघिबढाउन मद्धतगर्न सक्छ। तर बृहत बाम एकता आफैंमा सबै समस्याको समाधानभने होइन। यदि फेरी पनि पुरानै शक्ति संघर्ष, व्यक्तिवाद, र अवसरवादी राजनीति दोहोरिन्छभने कुनैपनि खालको एकता टिकाउ हुँदैन। एकता साधन हो, अन्तिम लक्ष्य होइन। मुख्य लक्ष्यभनेको देशको समृद्धि र जनताको जीवनस्तर सुधार हुनु हो। त्यसैलाई आधार बनाएर बाम पार्टीहरुकाबीचमा बृहत् बाम मोर्चा बनाउने प्रयास हुनु आवश्यक रहेको छ। नेपालमा बाम एकता (कम्युनिष्ट शक्तिहरुको एकीकरण) दीर्घकालीनरुपमा टिक्न नसक्नुका पछाडि केही संरचनात्मक, बैचारिक र नेतृत्वसम्बन्धी कारणहरु पनि रहेका छन्। जसलाई बुझ्नका लागि छलफल चलाउन सक्नुपर्ने देखिएको छ। जस्तो सबै कम्युनिष्ट पार्टीहरुले आफूहरुकाबीचमा बैचारिक भिन्नता र बिवाद रहेको स्वीकार गर्नेगरेका छन्। नेपालका बाम दलहरुकाबीचमा कम्युनिज्मको व्याख्यानै फरक, फरक रहेको देखिन्छ।

पार्टीको स्थापनाकाबारेमा समेत बिवादहरु रहेका छन्। केही पार्टीहरु संसदीय लोकतन्त्रलाई स्वीकारगर्दै क्रमिक सुधारमा विश्वास गर्छन्भने केही अझै पनि क्रान्तिकारी वा उग्रवाम धारमा जोड दिइरहेका छन्। जसले साझा नीति र रणनीति बनाउन कठीन भएको छ। त्यसैगरी नेतृत्वबीचको प्रतिस्पर्धा पनि अस्वस्थ रहने गरेको छ। जसले मुख्य नेताहरुका बीचमा शक्ति सन्तुलन मिलाउन ब्यवधान सिर्जना गरेको छ। जस्तो एमालेका अध्यक्ष केपी ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालबीचको सम्बन्ध समय,समयमा सहकार्य र द्वन्द दुवै रहने गरेको छ। व्यक्तिगत महत्वाक्यांक्षा र नेतृत्वको टकरावले एकता भत्किने प्रमुख कारण बन्नेगरेको छ। त्यसैगरी नेपालका कम्युनिष्ट पार्टीहरुकाबीचमा संगठनात्मक संस्कृति र विश्वासको अभाव रहेको छभने पार्टीभित्र गुटबन्दी बलियो रहने गरेको छ। एकअर्काप्रति अविश्वासले निर्णय प्रक्रियालाई कमजोर बनाउँछ। त्यसैगरी सत्ताकेन्द्रित राजनीति पनि नेपालका कम्युनिष्ट पार्टी र तिन्का नेताहरुकाबीचमा समस्याको बिषय बन्नेगरेको छ। धेरैजसो एकता दीर्घकालीन वैचारिक आधारभन्दा पनि सत्ता प्राप्ति वा टिकाइमा केन्द्रित हुन्छ। जब सत्ता बाँडफाँटमा विवाद हुन्छ तव एकता भंगको अवस्थामा पुगिहाल्छ। जसले पार्टी एकतालाई रणनीतिकभन्दा पनि अवसरवादी बनाउँछ। ०४६ साल यताको कम्युनिष्ट पार्टीहरुबीचको एकता र फुटको अवस्थालाई हेर्ने होभने पनि उपरोक्त कुराको पुष्टि हुन्छ।

त्यसैगरी बाह्य दबाब र भू-राजनीतिले पनि नेपालका कम्युनिष्ट पार्टीहरुलाई प्रभावित गरिरहेको देखिएको छ। नेपालको समग्र राजनीति छिमेकी देशहरुको प्रभावबाट पूर्णरुपमा अलग छैन। आन्तरिक एकता कायम राख्न बाह्य चासो र प्रभाव पनि चुनौती बन्नसक्छ। त्यसैगरी यहाँका कम्युनिष्ट पार्टीहरुकाबीचमा नीति र कार्यक्रमको अस्पष्टता रहने गरेको देखिन्छ। एकीकृत भएपछि साझा नीति स्पष्ट नहुँदा कार्यकर्ता तहमा अन्योलको अवस्था रहन्छ। स्पष्ट छ कि नेपालका कम्युनिष्ट पार्टीहरुका बीचमा आर्थिक, संघीयता, र विदेश नीतिमा एकमतको अभाव छ। जसले उनस्हरुका बीचमा बिभिन्न किसिमका विवादहरु बढाएर लगेको देखिएको छ। यसरी नेपालमा बृहत् बाम एकता सम्भव भएपनि त्यसलाई दिगो बनाउन स्पष्ट वैचारिक सहमति, पारदर्शी नेतृत्व संरचना, र सत्ताभन्दा माथि उठेको दीर्घकालीन दृष्टिकोण आवश्यक देखिएको छ। अन्यथा, एकता बारम्बार बन्ने र भत्किने चक्र जारी रहन्छ। नेपालमा बृहत् बाम **बाँकी ४ पेजमा**

# आजका सन्दर्भमा २८ औं सांस्कृतिक प्रतिरोध

**नारायण शर्मा**

सांस्कृतिक प्रतिरोध दिवस ! काठमान्डौ उपत्यकासँग सटेको काभ्रे जिल्लाको अनेकोटमा निहत्था कलिला जनकलाकार प्रतिभाहरु च्याङ्बा लामा, मञ्जु कुँवर, चिनीमायाँ तामाङ, गुम्बासिं तामाङ, सुभद्रा सापकोटा, डम्बर श्रेष्ठ र निर्मला देवकोटाले ०५५ सालको चैत पाँचगते उच्च शहादत प्राप्त गरेको २८ बर्ष पुगेको दिन हो ! ०५२ फागुन एकगतेदेखि नेपाल र नेपाली जनताको मुक्ति र प्रगतिको लागि तत्कालीन नेकपा (माओवादी) ले जनयुद्धको थालनी गरी निरन्तरता, विकास र विस्तार गरिरहेकै अवधि थियो। त्यही अवधिमा ०५५ सालमा चैत पाँचगतेका दिन काभ्रेको अनेकोटको एउटा पहाडी गाउँको फुसले छाएको एउटा घरमा बसेर उपरोक्त साँस्कृतिक प्रतिरोधीहरुले साँस्कृतिक कार्यक्रमको तयारी गर्दैगरिरहेका थिए।

त्यसैबेला संसदवादीका भाट र भरौटेहरुले घरमै आगो लगाई ती होनहार प्रतिभाहरुको बिभत्स र क्रूर हत्यागरेको दिन हो ०५५ को चैत्र पाँचगते। यसै महान् र ऐतिहासिक दिनको सम्झना र सम्मानगर्दै जनयुद्धको वैचारिक-राजनीतिक र फौजी प्रतिरोधको संकेन्द्तरुप सांस्कृतिक प्रतिरोध भएकाले सांस्कृतिक प्रतिरोधको क्षेत्रबाट समेत समग्र प्रतिरोध संघर्ष र संस्कृतिलाई माथि उठाएर जनयुद्धलाई घनीभूतरुपमा अघिबढाउने गम्भीर जिम्मेवारीबोधका साथ ०५७ सालमा तत्कालीन नेकपा (माओवादी) को पार्टीकेन्द्रबाट हामीले चैत्र पाँचलाई सांस्कृतिक प्रतिरोध दिवसकारुपमा मनाउने निर्णयगरी चौतर्फी प्रतिरोध बढाउने निर्णय गरेका थियौं। तत्पश्चात् चैत्र पाँचलाई हाम्रै जनवर्गीय मोर्चा अखिल नेपाल जनसांस्कृतिक संघले नै यसको मर्म र महहत्व आत्मसातगर्दै प्रतिरोध दिवसलाई सशक्त र व्यापक रुपमा मनाउने निर्णय गऱ्यो। आज पनि सच्चा माओवादी क्रान्तिकारीहरुले जहाँ भएपनि, जति भएपनि र जसरी भएपनि सांस्कृतिक प्रतिरोध दिवस मान्दै-मनाउँदै गरेर आएको दिन हो चैत्र पाँचको सांस्कृतिक प्रतिरोध दिवस। बरु बडो दुःखद विडम्बना त यो भएको छकि आज न त्यो सच्चा माओवादी पार्टी छ, न त्यो सच्चा सर्वहारावादी प्रतिरोधी संस्कृति र साँस्कृतिक संघनै छ न त वैचारिक, राजनीतिक, फौजी वा साँस्कृतिक आदि कुनै प्रभावकारी प्रतिरोधनै।

छ त केवल हामीले आआफ्नो डम्फू बजाउने र जनयुद्धको योगदान र बलिदानलाई भजाउने शतरंगी माओवादी बन्ने र सय चिरामा विभक्त नामधारी क्रान्तिकारी कम्युनिष्ट बन्ने संस्कार र संस्कृति मात्र। त्यसैले होला एउटा सच्चा क्रान्तिकारी भनिने शक्ति, व्यक्ति, समूह, संघसंस्था, मंचमोर्चा वा आन्दोलन-अभियान कसैले पनि आज आफ्नो घोषित, निर्देशित र पारम्परिक ऐतिहासिक दिवस, व्यक्तित्व वा नेतृत्वभन्दा अरु कसैको पनि सम्झना र सम्मान गरेको त्यति पाइन्न। अपवादको रुपमा आज चाहेर-नचाहेर पुष्पलाललाई मान्ने गरेको त पाइन्छ अन्यथा त्यो भन्दा बाहेक समग्रमा मान्नेभन्दा पनि जातीय, क्षेत्रीय, पारिवारिक जस्ता विभिन्न खण्डित-विखन्डित रुपमा मान्ने-मनाउने गरेको भने पाइएला। त्यो काम वा नाम जुन पार्टीको भएपनि आफ्नो जातिको छ वा क्षेत्रको छ वा परिवारको छ अथवा आफू सम्बन्धित विषय, विभाग वा भावनात्मक सम्बन्धको छ भने त्यसको मात्र मानसम्मान र गुणगान गर्ने गरेको पनि पाइएला।

यस्ता ऐतिहासिक कुराहरुलाई न मान्नु वा निषेध-उपेक्षा गर्नुभन्दा त यो तुलनात्मक रुपले सही काम वा संस्कृति भएपनि समग्रमा भन्नुपर्दा यो स्वार्थी सोंच र संस्कृतिको उपज हो। उपरोक्त कारणहरुले गर्दा आज यी साँस्कृतिक योद्धाहरुको मात्र होइन कोही पनि योद्धाहरुको बलिदान र योगदानको सच्चा सम्मान हुन सकेको छैन। त्यसैले हामीले आआफ्ना समूहमा रहेका यस्ता पूर्ववर्ती संकीर्ण सोंच, शैली, संस्कार र संस्कृतिबाट माथि उठेर विशाल छाती बनाएर अर्थात् क्रान्ति सम्पन्न गर्ने अहं जिम्मेवारी बोध गरेर तत्कालीन माओवादीले पुष्पलाल र झापा विद्रोहका योगदानहरुलाई उच्च मूल्यांकन गरेझैं हामी आजका सच्चा कम्युनिष्ट क्रान्तिकारी भन्ने शक्ति वा व्यक्तिहरुले समग्र विषयहरुमा यसरी नै सोंच्न र गर्न सक्नुपर्छ। यो टिप्पणीकार पारिजातको नेतृत्वमा ०३७ चैत्रमा स्थापित अखिल नेपाल जनसांस्कृतिक संघको संस्थापक हुनुको नाताले वा माओवादी पार्टी र जनयुद्धको शुरुवातकर्ता एक नेता हुनुको नाताले अथवा ०५७ सालमा चैत्र पाँचलाई साँस्कृतिक प्रतिरोध दिवसकारुपमा मनाउने निर्णयकर्ता माओवादीको केन्द्रीय नेतामध्येको एक भएका नातालेभन्दा एक जिम्मेवार र सत्यवादी क्रान्तिकारी अभियन्ता हुनुको नाताले कुरा भनिरहेको छ। तर यससन्दर्भमा यही टिप्पणी लेख्नेभन्दा बढी केही गर्न नसकेको आफ्नो बाध्यात्मक अवस्थाप्रति इमान्दारीपूर्वक आत्मालोचित छ। यो भन्दा र गर्दाखेरी कतिपय महानुभाव हरुलाई पत्यार नलागेपनि अहिले र अझ पछिसम्मका यो टिप्पणीकारका समग्र सोंचविचार र आचारलाई हेर्ने-बुझ्ने गरेमा यो कुरा तथ्यको आधारमा सत्य पत्तालगाउने जो कोही सच्चा मन-मस्तिष्कले पत्याउनु हुनेछ भन्नेमा यो टिप्पणीकार विश्वस्तहुँदै आफूले न गरे वा कम गरेपनि सही र राम्रो काम अरुले गरुन्भन्ने सदासयता अन्तर्निहित छभन्ने स्पष्ट नै होलाभन्ने अपेक्षा छ। जे होस्, आज सच्चा कम्युनिष्ट क्रान्तिकारी विचार र राजनीति, सर्वहारावादी पार्टी र संगठन अनि प्रतिरोधात्मक संघर्ष र संस्कृति रक्षात्मक भएको बहानामा संशोधनवादीहरु साम्राज्यवादी र प्रतिक्रियावादीहरु समक्ष आत्मसमर्पण गर्न र क्रान्तिकारी मार्क्सवादी भनिनेहरु पनि **बाँकी ४ पेजमा**

# कुनैपनि खालको राजनीतिमा पैसा र शक्ति हावी हुनुहुँदैन

## डा हेमराज शर्मा ( अध्यक्ष गैरआवासीय नेपाली संघ (एनआरएनए)

**यो साताको बिशेष**



काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए) लामो समयदेखिको विवाद र विभाजनपछि अन्ततः एकतामा आइपुगेको छ । संघको १२ औँ महाधिवेशनबाट डा हेमराज शर्माको नेतृत्वमा सर्वसम्मत कार्यसमिति बनेको छ । एनआरएनएभित्र प्राज्ञिक व्यक्तित्वको पहिचान बनाउनुभएका उहाँ विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ । उहाँले अब संगठनलाई नयाँ ऊर्जा र दृष्टिकोणसहित अगाडि बढाउने प्रतिबद्धता जनाउनुभएको छ । शर्माको प्रतिबद्धता कार्यान्वयन हुने नहुने त हेर्न बाँकी नै छ, तर अहिलेको एकताले सकारात्मक सन्देश दिएकाले उहाँलाई आगामी दिनमा काम गर्न सहज हुने अनुमान भने गर्न सकिन्छ । संघभित्रका समस्या, सुधारका लागि उहाँको भावी योजना, एनआरएनएको भविष्य, रणनीति र चुनौतीबारे गैरआवासीय नेपालीहरुको मुद्धा र सम्बोधनका योजना, एनआरएनएको लगानीलगायतका विषयमा राष्ट्रिय समाचार समितिका समाचारदाता प्रगति ढकालले डा शर्मासँग गरेको अन्तरवार्ताको सम्पादित अंश :

**लामो समयदेखि जारी विवाद र विभाजनका बीच अन्ततः एनआरएनएको एकता महाधिवेशन सफलतापूर्वक सम्पन्न भएको छ । यसै क्रममा तपाईं सर्वसम्मत रुपमा नेतृत्वमा निर्वाचित हुनुभएको छ । यस्तो जटिल परिस्थितिमा सबै पक्षलाई समेट्दै सहमति जुटाउन कसरी सम्भव भयो ?**

हाम्रो ११ औं महाधिवेशनबाट निर्वाचित डाक्टर बद्री केसीको एउटा समिति थियो, र अर्को समिति महेश श्रेष्ठ ज्यूको, गत मे महिनादेखि निर्वाचित थियो । यी दुवै समितिलाई फेरि सर्वोच्च अदालतले मान्यता दिएको थियो । एउटै अदालतको फैसला भए पनि हामी समानान्तर रुपमा काम गर्दै थियौं । तर हामी विभाजित हुँदा, नेपाल सरकार, नेपालको मिडिया, र आम गैरआवासी नेपालीहरुको दृष्टिकोण त्यति राम्रो थिएन । हाम्रो माथि केन्द्रमा विभाजन हुँदा यसको प्रभाव हाम्रो राष्ट्रिय समन्वय परिषदमा पनि परेको थियो । आम गैरआवसीय नेपालीहरुबाट पनि मिल्नुपर्ने एक किसिमको दबाव थियो । वास्तवमा, महेश श्रेष्ठ निर्वाचित भएर आउँदा देखि नै हामी एकताको सम्भावनाबारे खोजी गर्दै थियौं । त्यसपछि जेनजी आन्दोलन भयो । जेनजी आन्दोलनपछि हामीले निर्धारण गरेको अधिवेशन अक्टोबरमा हुने थियो । तर हामीले यसलाई सारेर अझ एकताको खोजी गर्ने निर्णय गर्‍यौं । त्यसपछि हामीले अलि घनिष्ठ रुपमा छलफल गर्‍यौं । नोभेम्बरमा, सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूसँग हाम्रो सामूहिक भेटमा, हामीले दुवै पक्षलाई मिलाएर छ महिनाभित्र बृहत् एकताको अधिवेशन गर्ने सम्झौता गर्‍यौं । सोअनुरुप, हामीले विभिन्न दुई समूहभित्रका उपसमूहहरु सबैलाई समेटेर, सबैको उपस्थितिमा र कार्यसमितिमा सबै पक्षको प्रतिनिधि हुनेगरी मेरो नेतृत्वमा कार्यसमिति गठन गरेका थियौं । नेतृत्वको हिसाबले पनि म फरक धारको नेतृत्व भन्न रुचाउँछु । किनभने एनआरएनएको २३ वर्षको इतिहासमा 'एकेडेमिक' क्षेत्रबाट केही नेतृत्वमा आएका थिएनन् । म आफैं कुनै पार्टीको राजनीति वा पार्टीसँग आवद्ध नभएको हुनाले, यहाँ केही परिवर्तन भएको स्थिति छ । सही समयमा यो एकता भएको छ ।

**यहाँले राजनीतिक पहुँच हुने र पैसा हुने मात्रै एनआरएनएको नेतृत्वमा पुग्ने अवसर पाउछन् भन्ने भाष्यलाई चिरिदिनुभयो ?**

वास्तवमा, मेरो एकमात्र उद्देश्य एनआरएलाई स्वतन्त्र र 'थ्री पि' मुक्त बनाउनु हो । पहिलो पी भनेको एउटा कुनै पनि राजनीतिक पार्टीसँग आस्था राख्ने पोलिटिक्स हो, हाम्रो आन्तरिक राजनीति त छँदै छ । अर्को पी भनेको चुनावमा अनावश्यक रुपमा पैसाले प्रभाव पार्नुहुँदैन भन्ने थियो । अर्को पी भनेको पावर रहेको छ । यहाँ एनआरमा आइसकेपछि नेपाल सरकारसँग हुने पहुँचलाई दुरुपयोग गर्ने होइन । तर यो थ्री पीबाट एनआरएनए स्वतन्त्र र मुक्त हुनुपर्छ भन्ने अभियान पनि थियो । यही कारणले गर्दा, हामी विभाजन र खिचातानी हुँने र हामीप्रति धेरै गैरवासी नेपालीहरुको आकर्षण कम भएको थियो । अहिले ८० लाख गैरआवासीय नेपाली छौं, भन्छौं तर आवद्धताको हिसाबले अहिले करिब एक लाख ३० हजार मात्र सदस्यहरु छन् । यो करिब दुई प्रतिशत मात्र हो । ९८ प्रतिशत गैरवासी नेपाली हामीसँग आबद्ध नै छैनन् । उनीहरुलाई पनि हामीले समेटेर ल्याउनुपर्छ । यदि नेपाल सरकारले अपेक्षा गरेअनुसार लगानी भित्र्याउने, बौद्धिक लगानीभित्र ल्याउने, ज्ञान ट्रान्सफर गर्ने हो भने सबैलाई एनआरएनएमा जोड्न जरुरी छ ।

**लामो समयदेखि देखिएको विवाद अन्त्यगर्दै संस्थाको एकता कायम राख्न, विश्वास पुनःस्थापना गर्न पक्कै पनि यहाँलाई चुनौती होला । यी र यस्ता किसिमको चुनौती समाधानगर्दै एनआरएनएलाई थप सशक्त बनाउने यहाँको योजना के छ नि ?**

मेरो पहिलो चुनौती भनेको बाहिर रहेका साथीहरुलाई एकै टिममा ल्याउनु हो । हिजो सामाजिक सञ्जालमा अलग-अलग विचार राख्ने साथीहरु अहिले एउटै टिममा छन् । उनीहरुबीच सकारात्मक वातावरण बनाउने यो हाम्रो पहिलो चुनौती हो । अर्को चुनौती भनेको, यो एकतालाई दिगो बनाउनु हो । अर्को कुरा, एनआरएनलाई 'रिब्रान्डिङ' गर्नुपर्यो, किनभने, सन् २००३ सालमा जुन संस्था स्थापना भएको थियो, त्यतिबेला विदेशमा बस्ने हामी पाँच लाख नेपाली थियौं । त्यतिबेला हाम्रो पहिलो 'जेनेरेसन'को बच्चाहरु जन्मेका थिए । अब अहिले धेरै परिवर्तन भएको छ । अहिले संख्या ८० लाखसम्म पुगेको छ । अब हाम्रा बच्चाहरु दोश्रो जेनेरेसनमा प्रवेश गरिसकेका छन् । 'पोलिटिकल' हिसाबले हेर्ने हो भने, नेपालको विश्वस्तरको राजनीतिक परिवेश पनि धेरै परिवर्तन भएको छ । त्यतिबेला पुरानो तरिका ठीक थियो । तर अब यो नयाँ परिवेशमा हामीले यसलाई अनुकूल बनाउनुपर्ने छ । अब पूरै परिवर्तन गर्नुपर्छ । एनआरएन भनेको के हो, एनआरएनलाई हेर्ने दृष्टिकोण के हो र एनआरएन भनेको केवल आर्थिक लगानी मात्र हो कि होइन भन्ने कुरा स्पष्ट हुनुपर्छ । एनआरएन भनेको बाहिर बस्ने नेपाली मात्र होइन । खाडीमा जाने नेपालीहरु दोश्रो पुस्तामा प्रवेश गर्दैछन् । पाँच पुस्ताअघि बर्मा, थाइल्याण्ड, मलेसियामा गएका नेपालीहरु पनि छन् । यदि ती सबै नेपालीहरुलाई जोड्न सकियो भने मात्र पेसागत मान्छेहरुलाई जोड्न सकिन्छ, र यसरी मात्र यो संस्था बलियो हुन्छ । साच्चिकै, राज्यले अपेक्षा गरेअनुसार काम गर्न पनि यसरी मात्र सम्भव हुन्छ । अब मेरो डेढ वर्षको 'फोकस' भनेको लगानी त आफ्नो छँदैछ । तर नागरिकताको विषयलगायतका गैरआवसीय नेपालीसँग जोडिएका मुद्धाहरु सम्बोधन गर्न लाग्ने छु । यस अवधिमा च्यारिटी कार्यक्रम अलि कति कम गर्ने निर्णय पनि गरेका छौं । मध्यपर्वमा समस्या परेका साथीहरुलाई सहयोग गर्न सक्छौं । सहयोग गर्दा मात्र हाम्रो कनेक्शन बलियो हुन्छ ।

**यहाँले भन्नुभएको जस्तै विदेशमा रहने ८० लाख नेपालीलाई एनआरएनएमा जोड्न कतिको सम्भव छ ?**

मेरो समग्र दृष्टिभनेको बाहिर भएका सबै खालका गैरवासी नेपालीलाई संघसँग जोड्ने र संगठनलाई ठूलो बनाउने हो । यसका लागि संस्थागत र वैधानिक संरचना सुधार गर्नुपर्छ । उदाहरणका लागि, हालको निर्वाचन प्रणाली यस्तो छकि सदस्यलाई काठमाडौं आउनुपर्ने, भोट दिनुपर्ने, र लाखौं खर्च गर्नुपर्ने हुन्छ । यस प्रणालीमा धेरैले सहभागी हुँदैनन् । तर, अहिले यो एकता महाअधिवेशनले निर्णय गरेको छ कि निर्वाचनको लागि काठमाडौं आउन जरुरी छैन । आआफ्नो स्थानबाट प्रत्येक पञ्किरण सदस्यले प्रत्यक्ष अनलाइन मतदान गर्न सक्छन् । यसरी नेतृत्व चयनगर्दा धेरै सकारात्मक परिवर्तन आउनेछ । किनभने, हामी डायस्पोराको शक्ति प्रयोग गर्न सक्छौं । अहिले हामीसँग करिब एकलाख ३० हजार सदस्य छन् । यसलाई खुला मतदान प्रणालीमार्फत सबैले भोट हाल्न सक्ने बनाइएमा, हाम्रो अपेक्षित सक्रिय सदस्य संख्या करिब तीन लाख पुग्न सक्छ । विस्तारै सदस्य संख्या बढेर सात-आठ लाखसम्म पुग्न सक्नेछ । त्यहाँबाट निर्वाचित अध्यक्षको शक्ति करिब राष्ट्रिय दलहरुको शक्ति बराबर हुने सम्भावना हुन्छ । त्यसपछि मात्र हामी सरकारसँग आँखामा आँखामा जुधाएर हाम्रा मुद्धामा नेगोसिएसन गर्न सक्छौं । यो आफैंमा ठूलो फोर्स हुनेछ । यदि त्यत्रो नेटवर्क बलियो भयो भने, यो एउटा किसिमको रेभोलुसन नै हुनेछ । यो मेरो ल्याएको एउटा मेजर एजेन्डा थियो, र यसलाई अहिलेको अधिवेशनले पारित गरेको छ । यसलाई हामीले इम्प्लिमेन्ट गरेर हेर्नेछौं । पहिलो पुस्तामा अलि बढी पोलिटिक्ससँग आबद्ध र व्यवसायसँग आबद्ध साथीहरु मात्र हुनुहुन्छ । एनआरएन भनेको 'रिच म्यानरको क्लब' हो र त्यहाँ जहिले पोलिटिकल प्लेग्राउन्डजस्तो देखिन्छ भन्ने थियो । तर म नेतृत्वमा आएपछि, म कुनै पार्टीसँग आबद्ध नभएको र एकेडेमिक सेक्टरबाट आएको हुनाले, अब यसमा नयाँ उर्जा जान्छ जस्तो लाग्छ । यद्यपि, पहिलो दुई-चार महिनामा कस्तो प्रकारको प्रोग्राम लिएर आउँछौं भन्ने पनि महत्वपूर्ण हुनेछ । यसैगरी विदेशमा काम गर्न जाने श्रमिकहरुलाई तालिम दिने योजना बनाएका छौं । विदेश जाँदा प्लेन कसरी चढ्ने, एयरपोर्टबाट कसरी झर्ने, त्यहाँका समस्याहरु के हुन्, कानुनी अधिकार के-के छन्, भाषाका समस्या के के छ ? सांस्कृतिक बाधा के-के छन्, ? गर्न मिल्ने-नमिल्ने कुराहरु के हुन् ? यी सबै ज्ञान भएमा सजिलो हुन्छ । यस्ता ज्ञान नहुँदा अनावश्यक झन्झटमा पर्न सकिन्छ । विभिन्न देशका एनसिसी-राष्ट्रिय समन्वय परिषद् अध्यक्षहरुको नेतृत्वमा तालिम दिन सकेमा श्रमिकले स्पष्ट जानकारी पाउन सक्छन् । हामीले हरेक महिना एउटा नियमित प्रोग्राम राख्न सक्नेछौं । हाम्रो साथीहरुले जुममार्फत, एउटा ट्रेनिङ दिनेछन् । त्यसपछि कनेक्शन निर्माण हुन्छ । यहाँबाट जाँदा, सहभागीले एनआरएन खोज्न थाल्छन् । बिद्यार्थीहरु विदेश पढ्न जाँदा कतिपय 'कन्सल्टेन्ट'हरुले गलत जानकारी दिन सक्छन् । त्यसैले हामीले नियमित एक दिन 'ओरिएन्टेसन प्रोग्राम' राखेका छौं । यसरी, अस्ट्रेलिया वा अमेरिका जाने हाम्रा बिद्यार्थीहरु पनि लिडर रोलमा आउँछन् । विदेश बस्ने नेपालीलाई खेलकुद मार्फत नेपालसँग जोड्ने गरी कार्यक्रम गर्ने छौं । अर्को भनेको ६०-६५ वर्ष उमेर पुगेका व्याक्तिहरुको १०-१५ वर्ष काम गर्न सक्ने ऊर्जा हुन्छ । विदेशमा उनीहरु कमसेकम एक्लोपन महसुस गरिरहेका छन् । उनीहरुलाई पनि आकर्षित गर्न 'स्पेसिफिक प्रोग्राम' राखेका छौं । यो 'टेक्नोलोजी' वा अन्य प्रोग्राममार्फत शुरुगर्दा धेरै मानिसहरु सहभागी हुनेछन् । यसका लागि पूर्वाधार तयार पार्नु पर्छ, र संस्थाले पनि इन्टेन्सन (सक्रियता) लिनुपर्छ । चुनौती त छ तर अहिले शुरुगर्दा अर्को कार्यकालले कार्यन्वयनगर्ने विश्वास छ ।

**अहिलेसम्म एनआरएनएको लगानी खासै भिजिवल देखिँदैन, अब भने कसरी भिजिवल बनाउने योजना छ नि ?**

लगानीको कुरा दुई किसिमले हेर्नुपर्छ । व्यक्तिले गरेको लगानी त प्रशस्तै छ । उदाहरणका लागि, एनआरएनएका पूर्वअध्यक्ष शेष घलेको लगानीमा १०-१२ अर्बको होटेल निर्माण भएको छ । संस्थापक अध्यक्ष उपेन्द्र महतोको अस्पताल छ । पूर्व अध्यक्षहरु जिवा लामिछाने, भवन भट्टले पनि नेपालमा लगानी भएको छ । जुन हामी प्रत्यक्ष देख्न सक्छौं । संस्थागत रुपमा, एनआरएन सामाजिक संस्था भएकाले आफैं लगानी गर्नुपर्दैन । यसको काम भनेको, बाहिर रहेका सम्भावित लगानीकर्ताहरुलाई पहिचानगर्नु र यदि एनआरएनका 'लिडर'हरुसँग कुनै प्रोजेक्ट छ भने त्यसमा लगानी वातावरण बनाउनु हो । अहिलेसम्म यो मोडलमा काम भइरहेको भए पनि तर खुला छैन । पदाधिकारीहरुले एउटा हाइड्रोप प्रोजेक्ट लिए भने यसलाई ओपनभन्दा पनि चिनेको हाम्रा साथीहरुसँग तपाईंले लगानी ल्याउनसक्नुहुन्छ भन्न सक्छौं । तर एकदमै खुलारुपमा कलेक्टिभ इन्भेष्टमेन्टका दुईवटामात्रै प्रोजेक्ट छन् । एनआरएन इन्फ्राष्ट्रक्चरको अहिले सेयर मार्केट पनि धेरै उच्च भइसकेको छ । शुरुमा हामीले यो लमजुङको दर्दी खोला जलबिद्युत आयोजनामा लगानी गरेका थियौं । पछिल्लो १० अर्बको भनेको नेपाल सरकारले पाँच प्रतिशत लगानी गरेर अगाडि बढाउने हो । यसको कम्पनी स्थापित हुँदैछ । हामीबीचको विभाजनको कारणले अलि कति प्रभाव परेको छ । नेपाल सरकारले गर्नुपर्ने केही नीतिगत र व्यवहारिक कुराहरु त्यहाँ पूरागर्न बाँकी छन् । अब अन्तिम चरणमा छन् । नेपालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेर अब नयाँ सरकार पनि बन्दै छ । सरकारको नेतृत्व गर्न लागेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को घोषणापत्रहेर्दा लगानीमैत्री वा डायस्पोरा फ्रेन्डली सरकार हुनेछ भन्ने अपेक्षा छ । अनि १० अर्बको प्रोजेक्ट पनि गति लिन सक्छ । मेरो विचारमा, १० अर्ब भन्नाले अहिले शुरुआती चरणमा मात्रै हो । यदि सरकारले नै नेतृत्व गरेर नेपाल इन्भेस्टमेन्ट फन्ड शुरु गर्‍योभने अर्बपतिको मात्र होइन; सानो-थोरै कमाइगर्ने व्यक्तिहरुको पनि लगानी जोड्न सकिन्छ र धेरै प्रोजेक्ट गर्न सकिन्छ ।

**गत भदौ २३ र २४ को जेनजी आन्दोलनका कारण मानवीय क्षतिसँगै अर्बौं लगानी भएका भौतिक पूर्वाधारमा पनि क्षति भयो । यस्तो बेलामा अझै पनि गैरआवासीय नेपालीको मनोबल कमजोर भइरहेको होला । अब उनीहरुको मनोबल उच्च बनाउन र लगानीमैत्री वातावरण सुनिश्चिताका लागि भावी सरकारसँग कसरी समन्वय गर्नुहुन्छ नि ?**

जेनजी आन्दोलनमा हाम्रो संस्थापक अध्यक्ष उपेन्द्र महतोको घरमा आगो लागेको थियो । बस्ने स्थिति पनि थिएन । किन भयो हामीलाई पनि अचम्म लागेको थियो । यो एउटा चुनौती हो, यस्तै अन्य चुनौतीहरु पनि आउन सक्छन् । तर यस्तै परिस्थितिमा हामीलाई चाहिने हो, 'डायस्पोरा' नेपाली । यो हाम्रो देश हो । हामीले पहिले पनि जनयुद्धको समयमा, लगानी ल्याएका थियौं । लगानीमैत्री वतावरण बनाएर एनआरएनको लगानी बढाउन सरकारले पनि पहलगर्न जरुरी छ । सबै पार्टीको घोषणापत्र हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्र डायस्पोराले चाहेको कुरा सम्बोधन गरेको छ । जस्तै नागरिकताको निरन्तरताको विषय र त्यहाँ लगानीमैत्री वातावरण पनि उल्लेख छ । राष्ट्रिय स्वतन्त्र पार्टीको कतिपय नेतृत्वमा पूर्वएनआरएनहरु छन्, र राष्ट्रिय समन्वय परिषदको विभिन्न पदमा काम गरेका व्यक्तिहरु पनि महत्वपूर्ण ठाउँमा पुगेका छन् । यसले हाम्रा मुद्धा अघि बढाउन सहज बनाउँछ । एनआरएन ( गैरआवासीय नेपाली) हरुका समस्या ठाउँअनुसार फरक-फरक छन् । मध्य पूर्वका देशहरुमा बस्ने नेपालीहरुले प्रायः रोजगारीसँग सम्बन्धित समस्या भोग्छन् । जस्तै-'वर्क पर्मिट', स्वास्थ्य बीमा, काम गर्दा हुने चोटपटक, र कहिलेकाहीँ मृत्युका घटनासमेत हुन्छ । युरोप र अन्य पश्चिमी देशहरुमा भने फरक चुनौती छ । त्यहाँ जन्मिएका वा हुर्किएका दोश्रो पुस्ताका नेपालीलाई नेपालसँग कसरी जोडिराख्ने भन्ने ठूलो प्रश्न छ । एशियाका केही देशहरु-जस्तै बर्मा, थाइल्याण्ड, फिजी-मा त नेपालीहरु पाँचौं पुस्तासम्म पुगिसकेका छन् । उनीहरुलाई पनि नेपालसँग सम्बन्ध कायम राख्न गाह्रो भइरहेको छ । यसरी, एनआरएनका समस्या उनीहरु बसेको क्षेत्र अनुसार फरक-फरक देखिन्छन् । अहिले नेपालमा पनि विदेशमा रहेका नेपालीहरुको अवस्था कस्तो छभन्ने स्पष्ट जानकारी छैन । हामीसँग ठ्याक्कै तथ्यांकभन्दा बढी अनुमानमात्रै छ । तर, हाम्रो सञ्जाल करिब ९० देशमा फैलिएको छ, जसबाट कुन-कुन देशमा कति नेपाली छन् भन्ने अनुमानगर्न सकिन्छ । संसारभरि नेपाली कहाँ छन्, उनीहरुका समस्या के छन्, र उनीहरुमा कस्तो सम्भावना (पोटेन्सियल) छ-यी सबै कुरा समेटेर एउटा 'वाइट पेपर' ( अध्ययन प्रतिवेदन) बनाउन आवश्यक छ । यसमा आर्थिक लगानी, बौद्धिक योगदान, र अन्य सहयोगका क्षेत्रहरु पनि स्पष्टगर्न सकिन्छ । यसबारे म परराष्ट्र सचिवसँग पनि छलफल गरिरहेको छु । नेपाल सरकारले पनि नीति बनाउन सक्छ, हामीहरुले पनि आफ्ना नीति बनाउन सक्छौं । साथै, नेपाल र विदेशमा रहेका नेपालीसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय ऽस्संघसंस्थासँग सहकार्य गर्नु पनि उपयोगी हुन्छ । मेरो कार्यकालमा प्रयास गर्ने छु । तपाईंहरु मध्यपूर्व जाँदा आफ्ना समस्या मलाई मात्र भनिराख्नुभन्दा, ती समस्याहरुलाई 'वाइट पेपर' (अध्ययन प्रतिवेदन)को रुपमा तयार गरेर ल्याउनु राम्रो हुन्छ । यसले सबैका लागि उपयोगी श्रोत बन्छ । साँचो कुरा के हो भने, यहाँका मिडिया र पत्रिका पढेर मात्रै समस्या राम्रोसँग बुझ्न सकिँदैन । स्पष्ट चित्र त 'वाइट पेपर' आएपछि मात्र देखिन्छ ।

**मध्यपूर्वमा जारी युद्धका कारण कति नेपालीलाई मानसिक तनाव छ । जीवन र रोजगारी नै जोखिममा छ । अझै भविष्य के होला भन्न सकिँदैन । यदी युद्धको तनाव बढ्दैगएमा आपत्कालीन उद्धारका लागि एनआरएनएको तयारी छ नि ?**

मध्यपूर्वमा युद्ध जारीरहँदा त्यहाँ भएका नेपालीमा परेको असरबारे स्थानीय राष्ट्रिय समन्वय परिषद्का नेतृत्वले तुरुन्तै एम्बेसी, नेपाल सरकारका प्रतिनिधि र एनआरएनसँग छलफल गरेर के गर्न सकिन्छ भनेर पहिल्यै पहिचान गरिसकेका छन् । त्यहाँ भएका नेपाली राजदुतावासका श्रोतहरु सीमित हुन्छन् । जहाँ पाँच-सात जना कर्मचारी मात्र हुन्छन् । अनि भाषा र संस्कृतिको पनि समस्या हुन्छ । त्यसैले सानो घटना हुँदा के गर्ने, कसलाई फोनगर्ने जस्ता कामहरु हाम्रो साथीहरुले सजिलैगर्न सक्छन् । कोभिडको समयमा पनि हामीले दुई लाखभन्दा बढी गैरआवासीय नेपालीलाई प्रत्यक्ष सहयोग गरेका थियौं । हामीले गाडीमै खाना पुर्‍याउने, क्याम्प सुरक्षित बनाउने, मानसिक स्वास्थ्यका समस्या समाधानगर्ने, २५० जना डाक्टरसँग समन्वयगर्ने, र भाषा समस्या भए नेपालीमै फोनमार्फत जानकारी दिनेजस्ता काम गरेका थियौं । यसरी धेरै नेपालीहरुको ज्यान बचाउन सफल भएका थियौं । अहिले पनि हाम्रो 'ग्रासरुट' टिम तयार नै छ । आवश्यक परे सुरक्षित स्थानको व्यवस्थाका लागि हामी तयारी अवस्थामा छौं । बुधबार हाम्रो कार्य समितिको पहिलो बैठक सकियो । जहाँ त्यहाँको अवस्था र तुरुन्तगर्न सकिने सहयोग (आर्थिक वा अन्य) बारे छलफल भयो । छलफलमा राहत कोषका लागि रु एक करोड लैजाने निर्णय भएको छ । काम शुरु भइसकेको छ । कुवेतमा एयरपोर्टमै अप्ठ्यारोमा परेका गैरआवासीय नेपालीहरुलाई त्यहाँको एनसीसी टिमले रेस्क्यु गरिसकेको छ । यसले के देखाउँछ भने, हाम्रो ग्रासरुट टिम पहिलेदेखि नै सक्रिय र तयारी अवस्थामा छ ।

**अघिल्लो नेतृत्वका कामलाई तपाईं कसरी निरन्तरता दिनुहुन्छ ?**

वास्तवमा, नागरिकता निरन्तरता र सम्पत्ति सुरक्षाजस्ता विषयहरु हाम्रो पुरानै र स्थायी समस्या हुन् । साथै, अरु सामाजिक कार्यक्रमहरु पनि छन् । तर विगतमा आन्तरिक विभाजन र विभिन्न मुद्धाका कारण काम सोचअनुसार भएन । अव भने विगतका मुद्धा सम्बोधनगर्न निरन्तर लागिरहने छु । हामीले सातै प्रदेशमा मोबाइल ब्लड बस उपलब्ध गराउने योजना छ । केही प्रदेशमा दिइसकेका छौं । अब गण्डकी र मधेस प्रदेशमा दिएपछि सबै सातै प्रदेशमा ब्लड बस पुग्नेछ । यसले दुर्घटना वा आपत्कालीन अवस्थामा घटनास्थलमै रगत संकलनगर्न मद्दत गर्छ, जसले धेरैको ज्यान बचाउन सक्छ । यो काम हामीले रेडक्रससँग मिलेर अघि बढाएका छौं । त्यसैगरी, हरेक एनसिसीले आफ्नो कार्यकालमा नेपालमा कम्तीमा एउटा परियोजना ल्याउनुपर्छ भन्ने लक्ष्यसहित 'वन एनसीसी, वन च्यारिटी प्रोजेक्ट' शुरुगरेका छौं र यसलाई निरन्तरता दिनेछौं । अब नयाँ तरिकाले कामगर्ने योजना छ । पहिले एनसीसीहरुले आफैं परियोजना छनोटगर्ने, अनि हाम्रो सहकार्यमा त्यसलाई अघि बढाउने छौं । अहिलेसम्म के समस्या छ भने-प्रोजेक्ट साँच्चिकै बनेको छ कि छैन, पैसा सही ठाउँमा प्रयोग भयो कि भएन भन्ने हेर्ने (मोनिटर गर्ने) व्यवस्था कमजोर छ । **बाँकी ८ पेजमा**

जनपक्षीय विचारप्रधान साप्ताहिक
देशप्रेम
DESHPREM National Weekly
२०८२ साल चैत ८ गते आइतबार

# ट्रेड यूनियनको खारेजी नयाँ सरकारको मुख्य चुनौती

विवक शर्मा

नेपालमा गत फागुन २१ गते निर्वाचन भएर नयाँ संसद र सरकार बन्नेक्रम शुरुभएको छ। संभवत यसैसाता अर्थात आगामी १३ गतेपछि नयाँ संसद र सरकार बन्ने संभावना रहेको छ। नयाँ संसद र सरकारको नेतृत्वगर्ने अवसर पाएको राष्ट्रिय स्वतन्त्र पार्टीले संविधान संशोधनगर्ने र त्यसमा पनि ट्रेड यूनियन गठनगर्न पाउने अधिकारको अन्त्य गर्ने/गराउने उद्घोष गरेका कारण सो पार्टीका लागि ट्रेड यूनियन मुख्य चुनौतीको बिषय बन्नेवाला छ। किनकी ट्रेड यूनियन गठनगर्न पाउने अधिकार बहुदलीय संसदीय ब्यवस्थामा मुख्य अधिकार हो। नेपालको गत भदौ २३ र २४ को बिध्वंश तथा भदौ २७ को घोषणापछि सरकारी निकायमा क्रियाशील ट्रेड यूनियनहरुको भविष्यलाई लिएर बिभिन्न किसिमका बहसहरु शुरुभएका हुन्। पेशागत सदस्य एवं आबद्ध कर्मचारी कामदारको आर्थिक, सामाजिक हित अभिवृद्धिगर्नु, सेवाको सुरक्षाको माध्यमद्वारा कामदार तथा कर्मचारीको वृत्ति विकासमा जोड दिनु, पेशागत हकहितको संरक्षण गर्नु ट्रेड यूनियनको मुख्य उद्देश्य हो। त्यसैगरी कार्यक्षेत्रमा हुने विभेदजन्य व्यवहारको कानूनीरुपमा सामूहिक प्रतिवादगर्न, समूह कार्य र गतिशील हुन, मर्यादित कामको अनुभूतिबाट समाजमा सम्मानित जीवनयापनगर्नकै लागि कर्मचारी तथा मजदुर ट्रेड यूनियन गठन भएका हुन्छन्। सामूहिक सौदाबाजीको अधिकार, मर्यादित कामको अधिकार नै ट्रेड यूनियन अभ्यासका पक्ष हुन्। ट्रेड यूनियनमा एक व्यक्ति होइन सामूहिक एकतालाई नै बल मानिन्छ। जसमा समान काम समान ज्याला, सेवाको सुरक्षाजस्ता सिद्धान्तले मार्ग निर्देशन गर्दछ। कर्मचारीको हकहितका पक्षमा वकालतगर्दा व्यवस्थापनसँग द्वन्द भएपनि संगठनको हित अभिवृद्धिमा ट्रेड यूनियन व्यवस्थापनको सहयोगी संरचना पनि हो। त्यसैले कुनैपनि सरकारले ट्रेड यूनियनलाई बोझ र झन्झटकारुपमा लिनुहुँदैन।

१८ औं शताब्दीमा बेलायतबाट शुरुभएको औद्योगिक क्रान्तिसँगै श्रमिक र व्यवस्थापनबीचको सम्बन्धबाट ट्रेड यूनियनको अवधारणाको विकास भएको मानिन्छ। औद्योगिक क्षेत्रमा एक किसिमको अभ्यास भइसकेपछि सरकारी सेवामा कामगर्ने कर्मचारीलाई पनि ट्रेड यूनियन अधिकार दिनुपर्ने कुरा उठ्न थालेको हो। कर्मचारीलाई बौद्धिक कामदारकारुपमा लिन र उनीहरुलाई पनि कामदारको परिभाषामा राख्न थालिएपछि फ्रान्सले सर्वप्रथम निजामती कर्मचारीलाई संगठित हुने अधिकार दिएको थियो। नेपालमा ००३ साल फागुन २१ गते अखिल नेपाल ट्रेड यूनियन कंग्रेसको स्थापनासँगै ट्रेड यूनियनको अभ्यास शुरुभएको पाइन्छ। ००७ सालपछि ट्रेड यूनियनबारे केही अभ्यास भएपनि राजनीतिक अस्थिरता र संक्रमणकालका कारण ट्रेड यूनियनको विषय दिगो र फराकिलो हुनसकेको थिएन। ०४६ सालको राजनीतिक परिवर्तनपछि जारीभएको निजामती सेवा ऐन-०४९ ले राजपत्र अनङ्कित कर्मचारीहरुलाई पेशागत संघसंगठन खोल्ने र त्यसमा आबद्ध हुने अधिकार दिएको थियो। सो ऐनमा ०६४ मा भएको दोश्रो संशोधनलेमात्र निजामती सेवामा पूर्णरुपमा ट्रेड यूनियन अधिकारको व्यवस्थागर्दै आधिकारिक ट्रेड यूनियनको व्यवस्थासमेत गरेको थियो। नेपालको निजामती सेवामा ट्रेड यूनियनको अभ्यास अझै व्यवस्थित हुनसकेको छैन। ट्रेड यूनियनले कर्मचारीको हक हित, सेवाको सुरक्षा एवं मर्यादित कामका लागि वकालत गर्नुपर्नेमा दलगत स्वार्थमा रुमल्लिँदा आम जनसमुदायमा नकारात्मक धारणा बन्नपुगेको स्पष्ट छ। ०७२ को संविधानको धारा ३४ ले समेत श्रम

पेशागत सदस्य एवं आबद्ध कर्मचारी कामदारको आर्थिक, सामाजिक हित अभिवृद्धिगर्नु, सेवाको सुरक्षाको माध्यमद्वारा कामदार तथा कर्मचारीको वृत्ति विकासमा जोड दिनु, पेशागत हकहितको संरक्षण गर्नु ट्रेड यूनियनको मुख्य उद्देश्य हो। त्यसैगरी कार्यक्षेत्रमा हुने विभेदजन्य व्यवहारको कानूनीरुपमा सामूहिक प्रतिवादगर्न, समूह कार्य र गतिशील हुन, मर्यादित कामको अनुभूतिबाट समाजमा सम्मानित जीवनयापनगर्नकै लागि कर्मचारी तथा मजदुर ट्रेड यूनियन गठन भएका हुन्छन्। सामूहिक सौदाबाजीको अधिकार, मर्यादित कामको अधिकार नै ट्रेड यूनियन अभ्यासका पक्ष हुन्। ट्रेड यूनियनमा एक व्यक्ति होइन सामूहिक एकतालाई नै बल मानिन्छ। जसमा समान काम समान ज्याला, सेवाको सुरक्षाजस्ता सिद्धान्तले मार्ग निर्देशन गर्दछ। कर्मचारीको हकहितका पक्षमा वकालतगर्दा व्यवस्थापनसँग द्वन्द भएपनि संगठनको हित अभिवृद्धिमा ट्रेड यूनियन व्यवस्थापनको सहयोगी संरचना पनि हो।

अधिकारलाई मौलिक हककारुपमा व्यवस्था गरेको पाइन्छ। जसमा श्रमको हकभनेर प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने र श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगार दाताका लागि शारीरिक वा बौद्धिक कार्यगर्ने कामदार वा मजदुर सम्झनु पर्छभनी व्याख्या पनि गरिएको छ। श्रमको हक अन्तर्गत धारा ३४ को उपधारा २ मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने उल्लेख छ।

उपधारा ३ मा प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड यूनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्नपाउने हक हुने छ, भनिएको छ। ट्रेड यूनियन तथा श्रमिकको अधिकारलाई थपव्यवस्थित गर्नका लागि विशिष्टिकृत कानूनका रुपमा ट्रेड यूनियन ऐन-०४९ र श्रम ऐन ०७४ समेत प्रचलनमा रहेका छन्। यस्तो अवस्थामा गत फागुन २१ को निर्वाचनमा भाग लिएको रास्वपाको प्रतिबद्धतापत्रमा दलगत ट्रेड यूनियन खारेजगर्ने उल्लेख भएपछि सबैको ध्यान आकर्षित भएको देखिएको छ। अब बन्ने सरकारले त्यसलाई तत्कालै लागुगर्ने तयारी गरेकोभन्ने कुराहरु पनि बाहिर आएका छन्। खासमा रास्वपाले आफ्नो चुनावी प्रतिबद्धतापत्रमा उल्लेख गरेको ट्रेड यूनियन खारेजीको कुरा लोकतान्त्रिक प्रणाली र श्रमिकको अधिकारको विरुद्धमा रहेको स्पष्ट छ। नेपाल यतिबेला लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रहेको छ। जहाँ श्रमिकहरुको संगठित हुने अधिकार प्रमुख आधारस्तम्भनै मानिन्छ। ०७२ को संविधानको धारा ३४ ले श्रमिकको संगठित हुने, सामूहिक सौदाबाजीगर्ने र सामाजिक सुरक्षाको हकलाई मौलिक हककारुपमा सुनिश्चित गरेको छ। मौलिक हकलाई सामान्य प्रशासनिक निर्णय वा लहडका भरमा संशोधन वा खारेजगर्न सकिँदैन। ट्रेड यूनियन अधिकार नेपालको कानूनमामात्र सीमित छैन। अन्तर्राष्ट्रिय श्रम संगठनको कन्भेन्सन ८७ र ९८ ले समेत संगठित हुने र सामूहिक सौदाबाजीको अधिकारलाई विश्वव्यापी मान्यता दिएको छ। सो कन्भेन्सन १५१ ले सार्वजनिक सेवामा कार्यरत कर्मचारीहरुको श्रम सम्बन्धलाई व्यवस्थित पनि गरेको छ। नेपाल यी अन्तर्राष्ट्रिय अभिसन्धिहरुको पक्षधर राष्ट्र भएकाले यसबाट पछिहट्न मिल्दैन। त्यसैले ट्रेड यूनियनमाथि प्रतिबन्ध लगाउने कुरा गैरराजनीतिक, सुशासन विरोधी र लोकतन्त्र विरोधी कदम हुने देखिएको छ। ट्रेड यूनियनकै कारण सरकारी निकायमा अत्यधिक दलीयकरण भयो र यसले सेवाप्रवाहमा बाधा पुऱ्यायोभन्ने राजनीतिक दाउपेचका कुराहरु मात्र हुन्। नेपालमा ट्रेड यूनियनकै कारण दलीयकरण भएको होइन, बरु शासन सञ्चालनको गलत पद्धतिका कारण त्यस्तो भएको हो। निजामती सेवामा क्रियाशील संगठनहरु राजनीतिक दलका भ्रातृ संस्था होइनन्। ती श्रम विभागमा दर्ता भएका कानूनी निकाय हुन्। कर्मचारीको व्यक्तिगत राजनीतिक आस्था हुनु स्वाभाविक हो।

तर कार्यसम्पादनमा उनीहरु तटस्थ रहनुपर्छ भन्ने बिश्वब्यापि मान्यता नै रहेको छ। प्रशासकहरुले पनि राजनीति बुझ्नुपर्छ तर राजनीतिको गोटी बन्नु हुँदैनभन्ने मान्यताहरु पनि रहेका छन्। नेपालमा सरकारी कर्मचारमिा दलीयकरणको मुख्य जड भनेकै सरुवा र बढुवामा हुने राजनीतिक हस्तक्षेप होभन्ने बिषयमा पनि धेरै ब्याख्या र बिश्लेषणहरु भएका छन्। कुनै मन्त्रीले आफ्नो एस म्यानलाईमात्र रोजेर राम्रो र कमाउ ठाउँमा सरुवा गर्छभने त्यसको कारवाही अलग्गै हुनुपर्दछ। नेपालमा ०४६ सालको परिवर्तनपछि मात्र यहाँका कर्मचारीहरुले संगठित हुने अधिकार पाएका हुन्। ०६२ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले अध्यादेशमार्फत ट्रेड यूनियन अधिकार खारेजगर्ने प्रयासगर्दा त्यसैले राजतन्त्र खारेजगर्ने परिस्थिति सिर्जना गराएको थियो। त्यतिबेलासमेत कर्मचारीहरुले सर्वोच्च अदालतमा रिट दायरगरेर ट्रेड यूनियन अधिकार कायम राख्न सफलता पाएका थिए। त्यतिबेला अन्तर्राष्ट्रिय श्रम संगठनलेसमेत नेपाल सरकारको प्रतिबन्धलाई खारेजगर्दै स्वतन्त्र यूनियन अभ्यासको पक्षमा बोलेको थियो। ०४६ होस वा ०६३ सालको आन्दोलन, जसमा ट्रेड यूनियनकै नेतृत्व रहेको थियो। खासमा देशको प्रचलित कानून र संविधानले दिएको अधिकार खोस्न खोज्नु आफैमा निरंकुशताको संकेत हो। पछिल्ला बर्षहरुमा मन्त्रालयका सचिव र सहसचिवहरु समेत मन्त्रीको पिएजस्तो भएर बस्नुपरेका अनेक उदाहारणहरु रहेका छन्। कतिपय सरकारी कर्मचारीहरुले मन्त्रीको कुरा नमान्दा कारवाहीमा पर्ने डरले प्रणालीअनुसार कामगर्न नसकेको देखिएको छ। ट्रेड यूनियनको काम भनेको कर्मचारीको मनोबल बढाउने र उनीहरुको कार्यस्थलको सुरक्षा सुनिश्चितगर्ने हो। त्यसैले ट्रेड यूनियनलाई दोषलगाएर राजनीतिक नेतृत्व उम्किन पाउने अवस्था रहँदैन। हाल जुन आधिकारिक ट्रेड यूनियनको व्यवस्था छ, त्यो निर्वाचनमार्फत आउँछ। श्रम कानूनले २५ प्रतिशत सदस्य पुऱ्याउने जोसुकैलाई संगठन दर्ताको अधिकार दिएको छ। यदि सरकारले यसलाई खुम्च्याउन खोज्योभने त्यो लोकतान्त्रिक मूल्य र बहुलवादको विरुद्ध हुनेछ र त्यसको चौतर्फी बिरोध हुनसक्ने अवस्था छ। कर्मचारीहरुले सरकारका उपसचिवसम्मलाई ट्रेड यूनियन अधिकार हुनुपर्छ भनिरहेको अवस्थामा त्यसलाई नै खारेज गर्ने/गराउने कुरा उठाउनु आफैमा अस्थिरता र कलह निम्त्याउने कुरामात्र हुन्छ। अब आउने सरकारले संविधाननै संशोधनगर्ने हैसियत राखे पनि कतिपय मौलिक अधिकारका कुराहरु हटाउन सक्दैन। किनकी ट्रेड यूनियन गठनगर्न पाउने अधिकारको कुरा संवैधानिकमात्र नभएर अन्तर्राष्ट्रिय प्रतिवद्धतासँग समेत जोडिएको कुरा हो। यदि जबरजस्ती गरियोभने त्यसकाबारेमा अन्तराष्ट्रिय स्तरमा समेत चर्को आवाज उठ्छ। नेपाल आईएलओको सदस्य राष्ट्र भएकाले त्यहाँ पनि आवाज उठ्ने अवस्था आउन सक्छ। ट्रेड यूनियनमाथिको प्रहारले सरकारलाई नै असफल बनाउने अवस्थासमेत आउन सक्छ। त्यसैले कर्मचारीले पाइआएको अधिकार खोस्नेभन्दा पनि कर्मचारीको मनोबल उच्च पारेर सुशासन दिनेतर्फ सरकारको ध्यान जानु बढी उपयुक्त हुन्छ। संसारमा कहीं पनि श्रमिकको अधिकारसँग खेलबाडगर्नु लोकतन्त्रका लागि सुखद् परिणाम हुँदैन। सार्वजनिक संगठनमा कार्यरत कर्मचारी सरकारी कर्मचारी हुने भएकाले सार्वजनिक क्षेत्रमा ट्रेड यूनियनका अधिकार उपयोगगर्दा निजी प्रतिष्ठानकोजस्तो सहजभने छैन। **बाँकी ८ पेजमा**

## नेपालमा..

एकता सधैं आँकर्षक नारा रहने गरेको छभने बिभाजन परंपराजस्तै भएको छ। गत भदौ २७ को घोषणापछि तत्कालीन माओवादी केन्द्रले एकाएक माओवादी नामको पार्टी र माओवादको सिद्धान्त दुबै छाडेर पूर्णरुपले संसदवादी बनेको कुरापनि स्मरणयोग्य रहेको छ। सो पार्टी शुरुमा बिभिन्न टुक्रामा बिभाजित भएको थियोभने पछि पटक पटक गरेर २६ वटा समूहसँग पार्टी एकता गरेको भनियो। तर गत फागुन २१ को निर्वाचनमा २६ सिटमा समेत बिजय नभएपछि हाल २६ वटा पार्टीबीचको एकताको कुरागर्न छाडिएको छ। यसअघि नै नेपाली कांग्रेसबाट रहस्यमय ढंगले कम्युनिष्ट पार्टीमा प्रवेश गरेका र ०५२ सालपछि केही बर्ष जनयुद्धका नेतृत्वकर्ता रहेको भनिएका डा. बाबुराम भट्टराईले एकाएक कम्युनिष्ट पार्टी र सिद्धान्त दुबै परित्याग गर्नुपनि आफैमा रहस्यको बिषय रहेको छ। डा. भट्टराईले आफूले कम्युनिष्ट पार्टी र राजनीति दुबै छाडेपछि आगामी १५ बर्षमा नेपालमा कुनै कम्युनिष्ट पार्टी नै नरहने घोषणा पनि गरिसक्नु भएको छ। खासमा त्यो उहाँको योजना भएको धेरैले आशंका गरेका छन्। नेपालमा कम्युनिष्ट पार्टी र शक्तिलाई छिन्नभिन्न बनाउन पुष्पकमल दाहाल र डा. भट्टराईको प्रमुख भूमिका रहेको बिभिन्न घटनाक्रमहरुले स्पष्ट पनि गरेका छन्। त्यसैले फेरी कम्युनिष्ट पार्टी र शक्तिलाई एकजुट हुन नदिन उहाँहरुको भूमिका रहने कुरामा दुईमत गर्ने ठाउँ छैन। तर आश्चर्यको बिषय के छभने नेपालमा कम्युनिष्टहरुको बिभाजन र मोर्चा समेत बन्न नसक्नुको कारणका बारेमा कुनै खोजी समेत भैरहेको छैन। त्यसैले यही फुटको आधारबाट छलफललाई अगाडि बढाउने होभने लचिलो खालको बाम मोर्चा बनाउन सकिने संभावना पनि छ। जुन विधान तथा नीति र कार्यक्रमअनुसार चलेको हुनुपर्दछ। शुरुमा जे जति समूहहरुका बीचमा मोर्चा बन्न सक्छ, त्यतिको मोर्चा बनाएर बिस्तारगर्दै लानु उपयुक्त हुने देखिएको छ। गत फागुन २१ को निर्वाचनमा पराजय ब्यहार्नु परेपछि पनि नेपाली कम्युनिष्ट पार्टी लगायतका कतिपय दलहरुले रास्वपा लगायतसँग एकता गर्ने प्रयास गरेको देखिएको छ। जसले बाम एकतालाई भाँड्ने काम गरेको छ।

## सम्पन्न...

सुधारका नाममा संसदीय र शान्तिपूर्ण संघर्षको भासमा भासिन थालिरहेको भयावह स्थिति छ। यो स्थितिमा वैदेशिक साम्राज्यवाद र घरेलु प्रतिक्रियावादका विरुद्ध वैचारिक-राजनीतिक क्षेत्रका अतिरिक्त क्रान्तिकारी संघर्ष र संस्कृतिको क्षेत्रबाट सशक्त प्रतिरोध बढाउनुको आवश्यकता र औचित्य कैयौं गुणा बढेर गएको छ। यसै आवश्यकतालाई पूरागर्नु नै सही अर्थमा क्रान्तिकारी राजनीतिक धर्म होभने यो सांस्कृतिक प्रतिरोध दिवस मनाउनु र सम्पूर्ण सहिदहरुलाई सम्झनु र सम्मानगर्नु चैत्र पाँचको मर्म हो। जसलाई सबैले सधैं संझना र स्मरण गर्नुपर्दछ।

# अन्तराष्ट्रिय

## बिश्वमा बढ्दो युद्ध र भोकमरीको अवस्थाले सिर्जना गरेका असरहरु

कर्तव्य

बिश्वमा बढ्दो युद्ध र भोकमरीको अवस्थाले बिभिन्न अवस्थाको सिर्जना गरेका छन्। विश्वको सबैभन्दा ठूलो प्राकृतिक ग्यास क्षेत्र रहेको इरानको दक्षिण पार्समा इजरायली आक्रमण भएपछि इरानले कतारको रास लाफान औद्योगिक क्षेत्रमा आक्रमण गरेको छ। जसले कतारलाई ठूलो क्षति पुऱ्याएको छ। कतारको सरकारी स्वामित्वमा रहेको पेट्रोलियम कम्पनीले एक विज्ञप्तिमा मिसाइल आक्रमणले यसको मुख्य ग्यास प्लान्टमा ठूलो क्षति पुऱ्याएको छ र यसमा आगो लागेको छ। यसपछि कतारले दुई इरानी कूटनीतिज्ञहरुलाई निष्कासन गरेको भनेको छ। मध्यपूर्वमा दशौं लाख



मानिस भोकमरीको जोखिममा परेको राष्ट्रसंघले खुलाशा पनि गरेको छ। जसलेगर्दा इरान र अमेरिका बीचको युद्ध रोक्न चौतर्फी दबाव बढेको देखिएको छ। संयुक्त राष्ट्रसंघले यदि मध्यपूर्व युद्ध आगामी जुनसम्म जारी रह्योभने थप चारकरोड ५० लाख मानिसले भोकमरीको सामनागर्न सक्ने चेतावनी पनि दिएको छ। युद्धको तेश्रो हप्तासम्ममा सयौंको मृत्युभएको छ र इरानले इजरायल र खाडी राष्ट्रहरु विरुद्ध प्रतिशोधात्मक आक्रमण गरेपछि इजरायलले लेबनानमा हेजबुल्लाहसँग पनि लडिरहेको छ। संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमका उपकार्यकारी निर्देशक कार्ल स्काउले जेनेभामा एक पत्रकार सम्मेलनमा बताउनु भएअनुसार यदि मध्यपूर्व द्वन्द जुनसम्म जारी रह्योभने, थप चारकरोड ५० लाख जनसंख्या महँगी वृद्धिका कारण तीव्र भोकमरीतर्फ धकेलिने अवस्था सिर्जना भएको छ। जसले विश्वव्यापी भोकमरीको स्तरलाई अहिलेसम्मकै उच्चस्तरमा पुऱ्याउने सम्भावना बढाएको छ। यसपहिले नै तीनकरोड १९ लाख मानिसहरु तीव्ररुपमा खाद्य असुरक्षाको शिकार भइसकेका थिए। स्काउले डब्ल्यूएफपीले गत फेब्रुअरी २८ मा युद्ध शुरुहुनु अघिनै व्यापक खाद्य संकटको सामना गरिरहेको थियो। उहाँले चरम मौसमी घटना, द्वन्द र भोकमरीको घोषणा भइरहेका कारण भोकमरी अहिलेजस्तो गम्भीर कहिल्यै भएको थिएन भन्नुभएको छ। उहाँले मध्यपूर्व युद्धका कारण डब्लुएफपीको कार्यलाई धेरै



खर्चिलो बनाइरहेको बताउनुभएको छ। स्काउले विशेषगरी बढ्दो इन्धनको मूल्य र लामो मार्गको कारण संस्थाले आपूर्ति श्रृंखलाको अवरोधको सामनागर्न कोशिस गरिरहेको छ तर यसको सञ्चालन लागत बढेको अवस्था छ। पश्चिम एशियामा जारी द्वन्दका कारण विश्वभर करिब ३२ करोड मानिस भोकमरीको जोखिममा पुगेको आँकडाहरु बाहिर आएका छन्। विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)का अनुसार संयुक्त राज्य अमेरिका, इजरायल र इरानबीच जारी द्वन्दले विश्वव्यापी भोकमरी अभूतपूर्व स्तरमा पुग्ने खतरा बढाएको छ। डब्लुएफपीकाअनुसार चरम द्वन्द र बिभिन्न स्थानमा देखिएको अनिकालको संयुक्त प्रभावका कारण हाल विश्वभर करिब ३२ करोड मानिस तीव्र खाद्य असुरक्षाको अवस्थामा छन्। यस्तो अवस्थामा मध्यपूर्वको युद्ध तेश्रो सातामा प्रवेश गरिसकेको र यसले खाद्य तथा इन्धन मूल्यमा ठूलो असर पारिरहेको चेतावनी दिइएको छ। जेनेभामा गतसाता आयोजित एक पत्रकार सम्मेलनमा डब्लुएफपीका उपकार्यकारी निर्देशक कार्ल स्काउले युद्ध लम्बिएर जुनसम्म पुग्ने र तेलको मूल्य प्रति ब्यारेल १०० डलरभन्दा माथि रहने होभने थप चारकरोड ५० लाख मानिस भोकमरीको चपेटामा पर्नसक्ने बताउनु भएको थियो। उहाँकाअनुसार यस संकटको सबैभन्दा ठूलो असर पहिलेनै कमजोर अवस्थामा रहेका जनसंख्यामा पर्ने देखिएको छ। स्काउले जीवनयापन खर्चमा आएको नयाँ वृद्धिलाई उनीहरुले धान्नसक्ने अवस्था छैन भन्नुभएको छ। यो द्वन्द गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध सैन्य कारबाही शुरु गरेपछि चर्किएको हो। त्यसपछि इरानले प्रतिकार गर्दै इजरायल र खाडी क्षेत्रका देशहरुमा आक्रमण गरेको थियोभने इरान समर्थित हिज्बुल्लाहको संलग्नतासँगै लेबनान पनि द्वन्दमा तानिएको छ। हाल डब्लुएफपीले लेबनानमा हजारौं मानिसलाई खाना र रोटी वितरण गरिरहेको अवस्था छ। आगामी तीन महिनासम्म राहत कार्य सञ्चालनगर्न **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा नेपालको भू-राजनीतिक संवेदनशीलता

**शितल अधिकारी**

आजका सन्दर्भमा नेपालको भू-राजनीतिक संवेदनशीलता अत्यन्त जटिल रहेको छ। यो हरेक देशभक्त नेपालीले बुझ्नुपर्ने बिषय रहेको छ। नेपालमा पञ्चायत ढलेको ३३ बर्ष र गणतन्त्र स्थापित भएको करिव १७ बर्ष भएको छ। तर देश र जनताका पक्षमा खासै कामहरु हुन सकिरहेका छैनन्। बरु विदेशी हस्तक्षेप बढेर नेपालकै अस्थित्वमाथि अनेक प्रश्नहरु उठ्न थालेका छन्। यतिबेला बहुसंख्यक जनतामा यथास्थितिप्रति ठूलो वितृष्णा पैदाभएको देखिएको छ। जनताले अपेक्षा गरेको जवाफदेहिता, सुशासन, आर्थिक उन्नति र राजनीतिक स्थायित्व अझै कायम हुन सकिरहेको छैन।

यो स्थिति आउनुका मूल कारणहरु के हुन्? नेपालका राजनीतिक दलहरुले यो असफलताको जिम्मा लिनुपर्छ कि पर्दैनभन्ने लगायतका बिषयमा गहन छलफल आजको प्रमुख आवश्यकतानै भएको छ। नेपाली जनता सधैँ परिवर्तनका पक्षमा रहँदैआएका छन्। परिवर्तनको त्यो चाहनालाई प्रकटगर्दा जनताले आफूलाई बिभिन्न भूमिकामा उभ्याउँदै पनि आएका छन्। विगतमा निर्दलीय र निरंकुश शासन व्यवस्था ढालेर बहुदलीय संसदीय व्यवस्था स्थापनागर्ने लडाइँमा वा गणतन्त्र प्राप्तगर्ने कठीन आन्दोलनमा नेपाली जनताले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। तर ब्यवस्थाको नाम परिवर्तन भएपनि अवस्था र चरित्रमा खासै परिवर्तन भैरहेको छैन। गत फागुन २१ गतेको निर्वाचनमा नेपाली जनताले कुनै दर्शन नभएको रास्वपालाई अत्यधिक मत दिएर बिजयी गराउनुले पनि नेपाली जनतामा रहेको असन्तोषलाई उजागर गरेको छ। नेपाली जनताले हरेक पटक व्यवस्था परिवर्तनमा लागिरहँदा आफ्नो अवस्थामा पनि परिवर्तन हुने आशा र विश्वास गरेका थिए। तर त्यसअनुसार हालसम्म कुनै परिवर्तन हुन सकिरहेको छैन। हाल नेपाल जेजस्तो राजनीतिक अवस्थामा पुगेको छ, त्यो अवस्था आउनुमा यहाँका राजनीतिक दलहरुको असफलतालाई पनि केलाउनु आवश्यक छ। विगतका परिवर्तनमाजस्तो शक्ति सन्तुलनको सीमा थियो, परिवर्तनका उद्देश्यमा जुन किसिमका अस्पष्टता र शक्तिहरुको सहभागिता थियो, त्यसैको परिणामस्वरुप अहिलेको परिस्थिति देखिएको हो। अहिलेको परिणामका लागि त्यो पृष्ठभूमिले काम गरेको छभनेमा फरक नपर्ला। नेपालमा राजनीतिक स्थायित्वले अझैपनि किन ठोसरुप लिन सकेन ? भन्ने कुराको अध्ययन र बिश्लेषणगर्ने होभने धेरै कुराहरुको खुलाशा हुनसक्छ। शासन सञ्चालनमा जवाफदेहिता, सुशासन र आर्थिक उन्नति जे जति हुनुपर्ने हो त्यति हुननसकेको देखिएको छ। जनताले आफ्नो जीवन स्थितिमा परिवर्तनको कुरागर्दा शासन सञ्चालनमा जवाफदेहिता देखियोस् र सुशासनको प्रत्याभूति होस् भन्ने चाहेका हुन्छन्। यिनै कुराको जगमामात्र आर्थिक उन्नति सम्भव छभन्ने जनआवाज पनि सुनिएको छ। अहिलेको अवस्था आउनुमा यसअघिको पृष्ठभूमिले पनि काम गरेको छ। यो विशिष्ट अवस्थामा रहेर परिवर्तनलाई सकारात्मक दिशातर्फ अघिबढाउन मुलुकलाई नेतृत्वगर्ने राजनीतिक पार्टीहरुले भूमिका खेल्न सक्नुपर्ने अवस्था छ।

बिभिन्न बर्गिय स्वार्थलाई प्रतिनिधित्वगर्ने राजनीतिक शक्तिहरुका बीचमा भएको सहकार्यका कारण प्राप्तभएको अहिलेको उपलब्धि वा परिवर्तनलाई टिकाउन र सकारात्मक दिशामा अगाडि बढाउन शासन सञ्चालनमा प्रतिस्पर्धागर्ने र त्यहाँ जनताको समर्थनमा आफ्नो श्रेष्ठता स्थापितगर्ने कुरामा लाग्नुपर्ने आवश्यकता पनि छ। जुन काम अत्यन्त चुनौतीपूर्ण छभन्ने कुरा पनि बुझ्नु आवश्यक छ। नेपालका मूलधारका राजनीतिक पार्टीहरु विस्थापित हुँदैछन्भन्ने पछिल्ला भनाइहरुमा पनि खासै सत्यता रहेको छैन। त्यसको पनि समय सापेक्ष ब्याख्या र बिश्लेषणको आवश्यकता रहेको छ। बिश्व परिस्थितमा आइरहेको परिवर्तनअनुसार नेपालका मूलधारका भनिएका राजनीतिक पार्टीहरुले आफूलाई राम्ररी अपडेटेडगर्न नसकेकै कारणले गत निर्वाचनमा उनीहरु केही पछाडि धकेलिएका हुन्। त्यसरी अपडेट हुन नसक्दा आउटडेटेडजस्तो देखिनु कुनै आश्चर्यको बिषय होइन। दर्शन, सिद्धान्त, प्रणाली, पार्टी, नेता, संस्था आदि सबैका हकमा यो कुरा लागुहुन्छ। त्यसैगरी नयाँ राजनीतिक दलहरुको उदयलाई पनि सतही पाराले लिनु उपयुक्त हुँदैन। हाल नेपालकोजस्तो बहुदलीय प्रतिश्पर्धात्मक प्रणालीमा सबैले प्रतिस्पर्धामा योग्यता र क्षमता प्रदर्शन गरेर श्रेष्ठता हाशिलगर्ने अवसर पाउनु पर्दछ। तर नेपालकोजस्तो भूराजनीतिक संवेदनशीलता र अर्थ राजनीतिको विशेष अवस्था भएको मुलुकमा तत्काल देखिएका विकृति विसंगतिका विरुद्धको असन्तुष्टि वा पपुलिज्मलाई केन्द्रमा राखेर गरिने गतिविधिले राजनीतिको दीर्घजीवन हुनसक्तैन भन्ने पनि आफैमा स्पष्ट छ। यस्तो अवस्थामा राजनीतिक दलहरुले जनताको सेवा र उनीहरुकाबीचमा आफूलाई सकृय बनाएरमात्र यसोगर्न सक्छन् र चुनौतीहरुसित जुझ्न सक्छन्। नेपालमा एकातिर पञ्चायती निरंकुशता भोगेको पुस्ता पनि बिद्यमान रहेको छभने अर्कोतिर बहुदलीय संसदीय ब्यवस्था पुनर्स्थापना भएपछि जन्मे हुर्केको पुस्ता पनि सक्रिय रहेको छ।

अझ गणतन्त्र प्राप्तिपछिको नयाँ पुस्ता पनि नयाँ ढंगले अगाडि बढ्न खोजिरहेको छ। जसमा सबैका आआफ्ना पूर्वाग्रहहरु रहनु पनि कुनै आश्चर्यको बिषय होइन। वर्तमान शासन प्रणालीमा उपरोक्त तीनवटै पुस्ताका अपेक्षामा असफल साबित हुँदैगइरहेको देखिएको छ। कतिपय नेताहरुको भनाई छ। स-आन्दोलन र परिवर्तनको इतिहास नबुझ्केकाहरु तथा बुझ्न नचाहनेहरु वा त्यसलाई अवमूल्यनगर्नेहरु र विकसित परिस्थितिमा आफूहरुलाई अपडेटेडगर्न नसक्नेहरु र यथास्थितिको पक्षपोषण गर्नेहरुको भविष्य सुरक्षित हुनसक्तैन।

नेपालका बहुसंख्यक जनता वामपन्थी समर्थक रहँदैआएका छन्। तिनले वामपन्थी शक्तिलाई राम्ररी पत्याएको तथा निर्वाचितगर्दै आइरहेको पनि देखिन्छ। तर ०४६ सालको परिवर्तन यता गैरवामपन्थी शक्तिनै बढीजसो नेपाली राजनीतिक शासनसत्तामा आरुढहुँदै आइरहेको अवस्था पनि छ। जनताको बलियो साथ र समर्थन हुँदाहुँदै पनि नेपालका वामपन्थी शक्तिहरुको हातमा शासनसत्ताको तालाचाबी आउन नसक्नुको आश्चर्यकै बिषय छ। उपरोक्त सबै घटना हुनुको पछाडि भू-राजनीतिक संवेदनशीलताले प्रभावित गरेको छ। बिभिन्न पार्टीमा देखिएको घात र अन्तरघातले पनि नेपालमा भू-राजनीतिको प्रभाव रहेको देखाएका छन्। खासगरी नेपाली कांग्रेसले गत फागुन २१ गते भएको निर्वाचनमा भएका घात र अन्तरघातको विषयलाई प्राथमिकतामा राखेर चुनावी परिणामको समीक्षा थालेको छ। अब त्यसको समीक्षा कस्ले कुन कोणबाट कसरी गर्छ ? त्योभने आफैमा रोचक बिषय रहेको छ। किनकी सो पार्टीको नियमित महाधिवेशनको घोषणा र मितिसमेत तयभैसकेपछि सो पार्टीका तत्कालीन महामन्त्रिद्वय गगन थापा र बिश्वप्रकाश शर्मालगायतले बिशेष महाधिवेशन गराएर पार्टीलाई फुट, अन्योल र अनिश्चिततामा धकेलेको देखिएको थियो। पार्टीको राजनीतिमा लामो योगदान गर्नुभएका सभापति शेरबहादुर देउवालाई षडयन्त्रपूर्णरुपमा किनारा लगाउने प्रयास भएको थियो। जुन प्रयास हालसम्म जारीरहेको छ। तथापि देउवाले हालसम्म धैर्यधारण गर्नुभएको पाइएको छ। देउवामात्र नभएर उहाँको निकट देखिएका अन्य नेताहरुलाई पनि किनारा लगाउने कामहरु भैरहेका समाचार बाहिर आएका छन्। त्यसैले सो पार्टीमा कस्ले कसलाई अन्तर्घात गऱ्योभन्ने कुरा सहजै छुट्याउन नसकिने अवस्था रहेको छ। त्यसैगरी एमाले र नेपाली कम्युनिष्ट पार्टीमा पनि चुनावी समीक्षाहरु भैरहेका छन्। सबै पार्टीको चुनावी समीक्षा सार्वजनिक भएपछि त्यसको ब्याख्या र बिश्लेषण गरेर नेपालको खास समस्या र समाधानका उपायहरुको पहिचानगर्न सकिने हुन्छ।

# नेपालमा सत्ता संघर्षले ओझेलमा परेको बर्गिय राजनीति

**बिष्णु श्रेष्ठ**

नेपालमा खासगरी ०४६ सालको राजनीतिक परिवर्तनपछि सत्ता संघर्षका कारण बर्गिय राजनीति अझेलमा परेको देखिएको छ। नेपालमा बहुदलीय संसदीय व्यवस्थाको पुनस्थापनापछि सत्तामा पुग्ने प्रतिस्पर्धामा नेपालका कम्युनिष्टहरु सधैं अग्रभागमा देखिने गरेका थिए। तर हाल आएर खासगरी गत फागुन २१ को प्रतिनिधिसभाको निर्वाचनपछि उनीहरु पछाडि परेका छन्। ०४६ साल अघि देश र जनताको पक्षमा कामगर्दै आएका कम्युनिष्ट पार्टीहरुले त्यसपछि सत्तामा पुग्ने कुरालाई सधैंभरि केन्द्रमा राख्न थाले।

जसरी पनि चुनाव जित्ने र जसरी वा जो सुकैसँग मिलेर पनि सत्तामा पुग्ने, सत्ताबाट प्राप्त साधन श्रोतलाई फेरि चुनाव जित्न प्रयोगगर्ने गोलचक्करमा हालसम्म पनि नेपालको वाम आन्दोलन रुमल्लिरहेको छ। यो गोलचक्करबाट मुक्त नभै अब नेपालमा वाम आन्दोलनको पुनर्जागरण हुनसक्दैन भन्ने कुरा पनि स्पष्ट भएको छ। आजको नेपाली वाम आन्दोलनलाई कतिपयले विष नभएको सर्प समेत भन्ने गरेका छन्। विस्तारै पँहेलो हुँदैगइरहेको नेपालको कम्युनिष्ट आन्दोलनले देशी बिद्यमानेशी प्रतिक्रियावादीहरुको षडयन्त्रलाई चिर्न नसक्ने कुरा पछिल्ला कतिपय घटनाक्रमहरुले स्पष्ट पनि गरेका छन्। त्यसैले प्रतिक्रियावादीहरुको लागि आजको नेपाली वाम आन्दोलन खासै खतराको विषय पनि रहेको छैन। यदि दुश्मनहरु हामीसँग डराउदैनन् भने हामीले बुझ्नुपर्छ कि हाम्रो आन्दोलनभित्र केही समस्याहरु रहेका छन्। यि सबै परिघटनाहरुले नेपालको वाम आन्दोलन भुत्ते हुँदैगएको स्पष्ट गरेको छ। पूँजीवादी राजनैतिक व्यवस्था भएको देशान संसदीय चुनाव जित्नका लागि मनि र मसल चाहिन्छ। त्यसैले नेपालका कम्युनिष्टहरुको अधिकांश समय नाजायज काममा मात्र समय खर्च भैरहेको छ। चुनाव जितेपछि हुने मन्त्री र उसले जुटाउने पैसाले पार्टी संगठनमा समेत उनीहरुको पकड बलियो हुँदै जान्छ। त्यसैले नेपालका कम्युनिष्ट पार्टीहरु बिभिन्न गुट उपगुटमा विभाजित भएका छन्। गत भदौ अघि नेपालमा २० वटा कम्युनिष्ट पार्टी रहेको बताइन्थ्यो। भदौ २७ गतेको घोषणापछि माओवादी केन्द्र लगायतका २६ वटा कम्युनिष्ट पार्टीहरु मिलेर नेपाली कम्युनिष्ट पार्टीको निर्माण भएको भनियो। तर सो पार्टीले गत निर्वाचनमा २६ वटा सिट समेत ल्याउन सकेनभने बजारमा कम्युनिष्ट पार्टीको संख्या अझ बढेर गएको देखिएको छ।

यसले नेपालमा क्रियाशील कम्युनिष्ट पार्टीहरुमा विचारका कुरागर्नेहरु दिनप्रतिदिन पछाडि पर्दैगएको देखाएको छ। विचारले संघर्षको माग गर्दछ। संघर्षको बाटो सँधै कठीन पनि हुन्छ। विना संघर्ष सत्ता प्राप्त हुन थालेपछि कठीन बाटोमा जान मान्छेहरु तयार हुँदैनन्। नेपालमा भएको पनि त्यही नै हो। बर्ग संघर्षको राजनीति छाडे पनि त्यसबारे कुरागर्नभने नछाडेको अवस्था छ। मानव इतिहास पल्टाएर हेर्दा दास युगदेखि हालसम्मनै बर्गहरुको अस्थित्व रहेको छ र बर्गसंघर्ष पनि हुँदैआएको छ। बर्गसंघर्ष खासमा मार्क्सवादको मूल गुदी मानिन्छ। बर्गिय समाजमा बर्गसंघर्षबिना समाज परिवर्तन वा बर्गविहीन समाजको परिकल्पनासमेत गर्न सकिँदैन। कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सकाअनुसार हालसम्म बिद्यमान सबै समाजको लिखित इतिहास बर्गसंघर्षको इतिहास हो भन्ने रहेको छ। हरेक समाजको आर्थिक परिस्थिति वा त्यो समाजको उत्पादन र वितरण प्रणालीमा उत्पन्न समस्याको परिणाम बर्गको उदय हुन्छ अर्थात् बर्गहरुको सोझो सम्बन्ध समाजको आर्थिक आधारसँग रहन्छ। उत्पादन र वितरणको असमान परिस्थितिबाट बर्गसंघर्ष शुरु भएको हुन्छ। समाजमा चल्ने जति पनि राजनीतिक संघर्षहरु छन्, वास्तवमा ति सबै बर्गसंघर्षकै रुपहरु हुन्। बर्गिय पक्षधरताका कारण लामो समयसम्म समाजमा चलेको भिषण बर्गसंघर्षनै अन्ततः मानवजातिको विकासको महत्वपूर्ण चरित्र बन्न गएको देखिएको छ।

बर्गसंघर्षको राजनीतिक निचोड पुरानो सामाजिक व्यवस्थाको अन्त्य र नयाँ सामाजिक व्यवस्थाको निर्माण हो। हरेक बर्गिय समाजमा उत्पीडक र उत्पीडक बर्ग क्रियाशील रहेका हुन्छन्। उत्पादनका साधनमाथि स्वामित्व भएको र श्रमिक बर्गको शोषण गरेर आफ्नो अस्तित्व रक्षागर्ने बर्ग उत्पीडक बर्ग हो भने त्यसको विपक्षमा रहेको, उत्पादनका साधनसँग जोडिएको तर स्वामित्व र श्रमको मूल्यबाट वञ्चित बर्ग उत्पीडित बर्ग हो। दास युग, सामन्ती युग र पूँजीवादी युगका उत्पीडक र उत्पीडित बर्गको आआफ्नो बर्गचरित्रका रुपमा बेग्लाबेग्लै भए पनि सारमा एउटै हो। भनाइको अर्थ उत्पीडक बर्गको बर्गचरित्र सबै युगमा शोषणमूलक सामाजिक व्यवस्थाको निरन्तरता दिनुपर्छभन्ने होभने उत्पीडित बर्गको बर्गचरित्र शोषणमूलक व्यवस्थालाई बर्गसंघर्षद्वारा विस्थापित गरेर न्याय र समानतामा आधारित तथा श्रमको सम्मानगर्ने प्रणालीको स्थापना गरिनुपर्छभन्ने हो।

दास युगमा दासव्यवस्थाका प्रमुख बर्ग भनेका दासमालिक र दास वा भूदास थिएभने सामन्ती व्यवस्थाका प्रमुख बर्गहरु सामन्त र खेत मजदुर थिए। पूँजीवादीपति र कारखाना मजदुर पूँजीवादी समाजका प्रमुख बर्ग हुन्। बर्गसमाजका हरेक सामाजिक व्यवस्थामा प्रमुख बर्ग र त्यसको साथमा उपबर्ग पनि हुने गर्दछन्। समाज परिवर्तनको संघर्षमा निर्णायक भूमिकाभने प्रमुख बर्गलेनै खेलेका हुन्छन्। त्यसैलेगर्दा प्रमुख सामाजिक बर्गबीच चल्ने संघर्षनै बर्गसंघर्ष हो। शोषक बर्गको विरुद्धमा शोषित बर्गको संघर्ष जति दृढ, सुसंगठित हुन्छ, समाजको प्रगतिशील रुपान्तरण पनि त्यतिकै छिटो छिटो हुनेगर्दछ भन्ने कुरा बिश्वका बिभिन्न घटनाक्रमहरुले स्पष्ट गरेका छन्। समाजको क्रान्तिकारी रुपान्तरणका लागि सर्वहारा बर्गले मालिकका विरुद्ध संघर्षका बिभिन्न रुप सञ्चालनगर्ने गर्दछन्। खासगरी **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# पारिजात स्मारिकाको लोकार्पण

काठमाडौं। पारिजात स्मृति केन्द्र काठमाडौंको आयोजनामा एक कार्यक्रमबीच प्रा डा वासुदेव त्रिपाठी, डा महेश मास्केलगायत साहित्यकार तथा विशिष्ट व्यक्तित्वहरुले संयुक्त रुपमा साहित्यकार पारिजातको ९२ औं जन्मजयन्तीका अवसरमा पारिजात स्मारिका लोकार्पण गरिएको छ। कार्यक्रममा पारिजातको जीवन, साहित्यिक योगदान र समकालीन नेपाली साहित्यमा उहाँले पुऱ्याउनुभएको प्रभावकाबारेमा चर्चा गरिएको थियो। स्मारिका लोकार्पणगर्दै प्रा डा त्रिपाठीले नेपाली साहित्यको इतिहासमा पारिजातको योगदान अत्यन्त महत्वपूर्ण र अविस्मरणीय रहेको बताउनुभएको थियो। पारिजातले लेख्नुभएको शिरीषको फूल उपन्यास आजसम्म पनि नेपाली साहित्यका पाठक र समालोचकबीच चर्चित र लोकप्रिय रहेको उहाँको भनाइ थियो। त्यसैगरी, डा मास्केले पारिजात केवल साहित्यकारमात्र नभइ सामाजिक चेतना जगाउने प्रगतिशील चिन्तक भएको बताउनुभएको थियो। पारिजातका रचनाले नेपाली समाजमा समानता, स्वतन्त्रता र मानवताको मूल्यलाई स्थापितगर्न महत्वपूर्ण भूमिका खेलेको उहाँले उल्लेख गर्नुभएको थियो। कार्यक्रममा सहभागी बिभिन्न साहित्यकार, लेखक तथा स्रष्टाहरुले पारिजातको साहित्यिक योगदानको चर्चा गर्नुभएको थियो।

# पोखरेलद्वारा लिखित पुस्तकको विमोचन

काठमाडौं। नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विपुल पोखरेलद्वारा लिखित संकल्पन पुस्तकको विमोचन गरिएको छ। सो पुस्तकलाई गोरक्ष राष्ट्रिय दैनिकले प्रकाशनमा ल्याएको हो। पूर्वराष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा उक्त पुस्तक विमोचन गरिएको हो। पूर्वराष्ट्रपति डा. रामवरण यादवले जेनजी युवाको आन्दोलन, परिवर्तन र निर्वाचनको परिणामलाई सबैले स्वीकार गर्नुपर्ने बताउनुभएको थियो। उहाँले हालै सम्पन्न निर्वाचनबाट प्राप्त दुई तिहाइनजिकको जनमतलाई राष्ट्रिय स्वतन्त्र पार्टीले गणतन्त्र, संविधान र संघीयता जोगाउँदै देश बनाउने काममा उपयोग गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको थियो। २०१५ सालको घटनालाई सम्झिनुहुँदै उहाँले नेपाली कांग्रेसले दुई तिहाइ ल्याएर बिपी कोइराला प्रधानमन्त्री हुनुभएको कुरा स्मरण गर्नुभएको थियो। उहाँले देश, संविधान, लोकतन्त्र, संघीयता, धर्मनिरपेक्ष, समावेशिता सबै बचोस्। संविधानको पालनाको काम होस् तर आगामी निर्वाचनमा प्रतिपक्ष नरहनेगरी आफू मात्रै जित्नुपर्छभन्ने शोच कसैले राख्नुहुन्न भन्नुभएको थियो। नेपाली कांग्रेसका नेता डा. मीनेन्द्र रिजालले मुलुकमा ०७४ यता कारोबारी राजनीति र गठबन्धनको संस्कार चलिरहेकामा पछिल्लो जनमतले त्यसमा ब्रेक लगाएको उल्लेख गर्नुभएको थियो। उहाँले अब विगतका गल्ती नदोहोऱ्याउँदै मुलुक अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले पोखरेलद्वारा प्रकाशित पुस्तकले अखबारी लेखनबाट बिचार निर्माणगर्न सक्ने कुरामा जोड दिनुभएको थियो। पुस्तकभित्र लोकतन्त्र, मिडिया, राजनीतिक सामाजिक सिद्धान्तका कुरा र ०७२ सालको संविधानका कुरा मुख्य पाटोमा रहेको उहाँको भनाइ छ। लेखकले १७-१८ वर्षको उमेरदेखिनै निरन्तर रुपमा पत्रकारितागर्दै आउनुभएको बताउनुभएको थियो। मिडियाको नीति निर्माणकर्ता, मूल्यांकनकर्ता र अभिलेखनगर्नेका लागि पुस्तक अत्यन्तै महत्वपूर्ण भएको उहाँको भनाइ थियो। पत्रकार बबिता बस्नेतले पुस्तकभित्रका लेखहरु संग्रहमात्रै नभएर समयको दस्ताबेज पनि भएको बताउनुभएको थियो। उहाँले पुस्तकमा लेखकले युवाको भावना र लोकतन्त्रको सबलीकरणबारे दूरदृष्टि प्रस्तुत गरेको उल्लेख गर्नुभएको थियो। लेखक पोखरेलले समकालीन राजनीति, समाज, लोकतन्त्र, विचार र पत्रकारिताका विषयमा आफूले देखेका समय र सन्दर्भलाई संकलन गरेर पुस्तककारुपमा ल्याएको बताउनुभएको थियो।

# एघार प्राज्ञको आजीवन भत्ता नपाउने

काठमाडौं। एघार प्राज्ञको आजीवन भत्ता नपाउने हुनुभएको छ। सर्वोच्च अदालतको आदेशसँगै नेपाल-प्रज्ञा प्रतिष्ठानबाट आजीवन निर्वाह भत्ता लिँदैआएका ११ आजीवन प्राज्ञ सदस्यले अब भत्ता नपाउने भएका हुन्। प्रतिष्ठानको प्राज्ञ परिषद्का कूलपति भूपाल राईको अध्यक्षतामा ०७९ फागुन ११ गते बसेको परिषद् बैठकले आजीवन सदस्यको दोहोरो भत्तारोक्ने निर्णय गरेकोमा त्यसबाट प्रभावित हुने सदस्यहरुले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। सर्वोच्च अदालतबाट गत एकगते रिट खारेज भएपछि अदालतको आदेश र प्रतिष्ठानको निर्णय कार्यान्वयन हुने प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदीले जानकारी दिनुभएको छ। आजीवन सदस्यको दोहोरो सुविधा रोक्ने विषयमा प्रतिष्ठानको निर्णयलाई अदालतबाट अनुमोदन भएकाले अबदेखि सोही बमोजिम कार्यान्वयन उहाँको भनाइ छ। परिषद्को उक्त निर्णयविरुद्ध पूर्वउपकूलपति प्रा डा वासुदेव त्रिपाठीलगायत ११ जना आजीवन प्राज्ञ सदस्यले रिट दायर गर्नुभएको थियो। न्यायाधीशद्वय मनोजकुमार शर्मा र न्यायाधीश नृपध्वज निरौलाको संयुक्त इजलासले गत एकगते सो रिट निवेदन खारेज गरेको हो। अबदेखि दोहोरो सुविधा नपाउनेहरुमा डा त्रिपाठी, प्राडा चूडामणि बन्धु रेग्मी, गंगाप्रसाद उप्रेती, प्राडा योगेन्द्रप्रसाद यादव, तीर्थबहादुर श्रेष्ठ, आरडी 'प्रभास' (राजेश्वरीदत्त चटौत), अशेषकुमार मल्ल, डा धुवचन्द्र गौतम, तोया गुरुङ, तुलसीप्रसाद जोशी (तुलसी दिवस) र शशिविक्रम शाह हुनुहुन्छ। सरकारी सेवा वा निकायको तलव/सुविधा वा निवृत्तिभरण पाउने आजीवन सदस्यहरुलाई प्रतिष्ठानले भत्ता रोक्ने निर्णय गरेको थियोभने त्यस्ता आजीवन प्राज्ञ सदस्यले आफूहरुको प्राज्ञिक योगदानका आधारमा दिइएको सम्मानवृत्ति पाएकाले त्यसलाई दोहोरो सुविधा वा पारिश्रमिक भन्न नमिल्ने तर्कगर्दै आएका थिए।

# बेलायती कथामा आधारित फिल्म प्रदर्शन हुँदै

काठमाडौं। बेलायती कथामा आधारित फिल्म प्रदर्शन हुँदैछ। मस्तिष्कमा गम्भीर चोटभएका संयुक्त अधिराज्य बेलायतस्थित स्कटल्यान्डका सातजनाले सगरमाथा आधार शिविरसम्म गरेको पदयात्रामा आधारित वृत्तचित्र द एभरेष्ट ड्रीम प्रदर्शन हुने भएको हो। अन्तरराष्ट्रिय फिल्म महोत्सवको अवसर पारेर आगामी २२ गते सो वृत्तचित्र प्रदर्शनगर्ने तयारी भइरहेको सो वृत्तचित्रका निर्देशक एवं पत्रकार गणेश पाण्डेले जानकारी दिनुभएको छ। नेपालमा प्रदर्शन भएपछि अन्तरराष्ट्रिय चलचित्र महोत्सवहरुमा पनि प्रदर्शन गर्ने लक्ष्य रहेको निर्देशक पाण्डेले बताउनुभएको छ। करिब डेढ बर्ष लगाएर तयार पारिएको सो वृत्तचित्र निर्माणमा एसोसियट निर्माता शारदा गैरे, छायाकार सुरेश श्रेष्ठ र नीरज पन्थी, सम्पादक ईश्वर कोइराला, सङ्गीतकार जुगल डंगोल र सन्दीप सरदार तथा न्यारेटर कौशल घिमिरे रहनुभएको छ।

# पारिवारिक खेती र यस्का चुनौतीहरुबारे केही कुरा

डा. नरविक्रम थापा

## साझा मञ्च



नेपालमा पारिवारिक खेती कृषि उत्पादनको प्रमुख माध्यम हो, जहाँ एउटा परिवारले प्रायः पारिवारिक श्रम प्रयोग गरेर खेतको व्यवस्थापन र सञ्चालन गर्दछ। यो ग्रामीण समुदायहरुको सांस्कृतिक र सामाजिक संरचनामा गहिरो रुपमा एकीकृत छ र देशको सामाजिक-आर्थिक विकासमा ठूलो भूमिका खेल्छ।कृषि शताब्दीयौंदेखि नेपालको अर्थतन्त्रको मेरुदण्ड बनेको छ। ऐतिहासिक रुपमा, यो धेरै हदसम्म निर्वाह-उन्मुख समाज थियो, जसमा ९० प्रतिशत् भन्दा बढी जनसंख्या सन् १९८० को दशकसम्म पारिवारिक खेतीमा निर्भर थिए। यस क्षेत्रले विगतमा राष्ट्रिय जीडीपीको ७५प्रतिशत् योगदान गरेको थियो। आब ०८१/०८२ को आर्थिक सर्वेक्षण अनुसार कुल ग्राहयस्त उत्पादनमा कृषिको योगदान २५.१७ प्रतिशत् रहेको छ। नेपालको प्रति व्यक्ति आय अमेरिकी डलर १५१७ रहेको छ (नेपालको आर्थिक सर्वेक्षण, ०८१/०८२)। खेती एउटा जीवनशैली थियो, अभ्यास र जमिन परिवार वा कुल संरचनाभित्र पुस्तौंदेखि पुस्तौंसम्म बित्दै आएको थियो। औपचारिक कृषि विस्तार सेवाहरु १९५० को दशकमा विदेशी सहायताले सुरु भयो।तस्नयाँ बाली प्रजाति र प्रविधिहरु सुरु गरियो। सन् १९५० र १९६० को दशकको उत्तरार्धमा धान (सीएच-४५) र गहुँ (लेर्मा-५२) जस्ता उच्च उत्पादन दिने बाली प्रजातिहरुको परिचय र मूल्याङ्कनले आधुनिक बाली प्रजनन प्रयासहरुको सुरुवातलाई चिह्नित गऱ्यो, जसले उत्पादकत्वमा उल्लेखनीय वृद्धि गऱ्यो। पछिल्ला केही दशकहरुमा पुरुषहरुको उल्लेखनीय आप्रवासन र भूमिमा बढ्दो दबाव देखिएको छ, जसले गर्दा भूमि खण्डित भएको छ। नीतिहरु अब निर्वाहमुखीबाट अधिक व्यावसायिक, दिगो र जलवायु-अनुकूलनकृषितिर उन्मुखभएको देखिन्छ।

**पारिवारिक खेतीका विशेषताहरु**

**पारिवारिक श्रमः** रोपाईंदेखि लिएर फसल काट्ने र फसल पछिको व्यवस्थापनसम्म अधिकांश कृषि कार्यका लागि परिवारका सदस्यहरुमा निर्भरता हुनु प्राथमिक विशेषता हो।

**साना किसानको अभिमुखीकरण:** नेपालमा ८५ प्रतिशत् भन्दा बढी फार्म परिवारद्वारा सञ्चालित छन्, र अधिकांश साना किसानहरु हुन्, प्रायः साना किसानहरुले एक हेक्टरभन्दा कम जमिनको व्यवस्थापन गर्छन्।

**निर्वाह/अर्ध-व्यावसायिक:** मुख्य लक्ष्य प्रायः घरेलु खाद्य सुरक्षा र उपभोग हो, कुनै पनि अधिशेष उत्पादन आयका लागि स्थानीय बजारमा बेचिन्छ।

**एकीकृत कृषि प्रणाली:** फार्महरुले प्रायः पशुधन, तरकारी, फलफुल र अन्नलाई एकीकृत गर्दछ, खेतको मललाई पोषक तत्वहरुको प्रमुख स्रोतको रुपमा प्रयोग गर्दछ, जुन प्राकृतिक रुपमा जैविक खेतीसँग मिल्दोजुल्दो छ।

**स्वदेशी ज्ञानः** परम्परागत खेती प्रविधि र रैथाने ज्ञान, प्रायः एक पुस्तादेखि अर्को पुस्ताहरुमार्फत प्रसारित, व्यापक रुपमा प्रयोग गरिन्छ।

**लैङ्गिक गतिशीलताः** विदेशमा कामका लागि पुरुष माइग्रेसनको साथ, महिलाहरु बढ्दो निर्णय निर्माताहरु र कृषि श्रमको प्रदर्शनकर्ताहरु बनिरहेका छन्, खेतीसँग सम्बन्धित कामको ७० प्रतिशत् भन्दा बढीको लागि लेखा रहने गरेको छ।

**जलवायु निर्भरताः** नेपाली कृषि, धेरै वर्षा पोषित (लगभग ७० प्रतिशत्) मनसुनमा अत्यधिक निर्भर छ र अनियमित वर्षा जस्ता जलवायु परिवर्तनको प्रभावको जोखिममा छ।

**बाली ढाँचाहरु**

नेपालमा बाली उत्पादनको ढाँचा धेरै हदसम्म उचाइ, जलवायु र सिँचाइको पहुँचद्वारा निर्धारित गरिन्छ।

**प्रमुख अन्न बालीहरुः** धान, मकै, कोदो, गहुँ, जौ र फापर विभिन्न क्षेत्रहरुमा प्रमुख खाद्य बालीहरु हुन्।

**क्षेत्रीय भिन्नताहरु**

नेपालका तीन मुख्य क्षेत्रहरु (तराई, पाहाड, पर्वत/हिमालय) का भिन्न क्षेत्रहरु छन् – तराई तथा मधेसले लगभग १७ प्रतिशत् ओगटेको छ, पहाडी क्षेत्र (मध्य-पहाड) ले लगभग ६८ प्रतिशत् (गैर-हिउँ पाहाड) ओगटेको छ र हिमालय पर्वतले बाँकी १५ प्रतिशत् (उच्च हिउँले ढाकिएको चुचुराहरु) समेटेको छ जसको कुल क्षेत्रफल १४७१८१.८६ वर्ग किलोमिटर छ।

**तराई क्षेत्रः** धान-गहुँ-पराल वा धान-मकै, दलहन, तेलहन बाली, तरकारी खेती जस्ता प्रणालीहरुका साथ गहन, बहु फसलका लागि आदर्श, प्रायः सिँचाइका साथ वर्षमा तीनवटा बालीहरु उब्जाइन्छ फलफूलमा आँप, लिची, केरा, रुख कटहर, भुंइकटहर, आदि लगाइन्छ भने पशुपालनमा भैंसी, गाई, बाखा, कुखुरा, माछापालन, बुङ्गुर पालन गरिन्छ। तराई २५,००० वर्ग किमी क्षेत्रफलमा फैलिएको छ। यस क्षेत्रका किसानको पारिवारिक आम्दानीको रुपमा तरकारी खेती, दुध तथा दुग्धजन्य पदार्थ जस्तै घिउ, खुवा, दही, लस्सी, पेडा आदि रहेको पाइन्छ।

**पहाडी क्षेत्रः** यस क्षेत्रमा मकै, कोदो, गहुँ, धान, जौ, फापर र आलु, तोरी, भटमास, मास जस्ता बालीहरु उत्पादन गरिन्छ यहाँ, फलफूलमा सुन्तला, जुनार, कागती, नासपाती, आरु, हलुवाबेद, केरा, अम्बा, किवी, एभोकाडो आदिकुखुरापालन,भैंसी, गाई, बाखा, बुङ्गुर, ट्राउट माछापालन, आदि पशुपालन र बालीहरुको एकीकृत प्रणालीहरु अपनाइन्छ नगदे बालीमा चिया, कफी, अलैंची, अमरिसो, आदि रहेका छन्। पहाडी भूभाग१००,००० वर्ग किमी क्षेत्रफलमा फैलिएको पाइन्छ। यस क्षेत्रमा तरकारी खेती, व्यवसायिक कुखुरापालन, कालीज पालन र डेरी उद्योग आदि पारिवारिक कृषि उपज आम्दानीका प्रमुख स्रोत हुन्।

**हिमाली/उच्च पहाडी क्षेत्र :** यस क्षेत्रमा आलु, चिनो, मकै, कोदो, गहुँ, जौ, फापर आदि जस्ता बालीहरु उत्पादन गरिन्छ। यहाँ फलफूलमा स्याउ, ओखर, आदि साथै पशुपालनमा चौरी, याक, भेडा, च्याङ्ग्रा, बाखा आदि पालिन्छ। हिमालय तथा उच्च पहाड २२,००० वर्ग किमी क्षेत्रफलमा फैलिएको छ। यस क्षेत्रको किसानको दुग्ध तथा दुग्दजन्य पदार्थ जस्तै याक चीज, घिउ, छुर्पी, ऊन, मासु, स्याउ, ओखर,जडीबुटी संकलन तथा ब्यापार, यार्सागुम्बा आदि प्रमुख पारिवारिक आम्दानीका स्रोत हुन्।

**नगद बालीतर्फ उन्मूख हुनुः** सुधारिएको सडक कनेक्टिभिटी र बजार पहुँचका साथ, केही किसानहरु परम्परागत अन्नबाट तरकारी, फलफुल (स्याउ, किवी) र औषधीय जडीबुटीहरु जस्ता उच्च मूल्यका नगद बालीहरुमा सर्दैछन्।

**अन्तरबाली र बाली चक्रः** माटाको गुणस्तर सुधार गर्न, कटान नियन्त्रण गर्न र अधिकतम उत्पादकत्वका लागि ज्वारसँग मटर वा दालसँग मकै अन्तरबालीलगाउने अभ्यासहरु गरिन्छ। यी तथ्याङ्कहरुले उपोष्णकटिबन्धीय मैदानदेखि अल्पाइन उचाइसम्म नेपालको चरम भौगोलिक विविधता देखाउँछन्।

**सामाजिक-आर्थिक विकासमा महत्व**

नेपालको विकासका लागि पारिवारिक खेती विभिन्न कारणले महत्वपूर्ण छः

**खाद्य तथा पोषण सुरक्षाः** पारिवारिक फार्महरुले देशको खाद्यान्नको ठूलो हिस्सा उत्पादन गर्छन् र घरेलु उपभोगका लागि आवश्यक अन्न, तरकारी र पशुधन उत्पादनहरु सुनिश्चित गर्छन्, जसले राष्ट्रिय खाद्य सुरक्षामा उल्लेखनीय योगदान पुऱ्याउँछ।

**जीविकोपार्जन र रोजगारः** ६० प्रतिशत् भन्दा बढी जनसंख्या अझै पनि आफ्नो जीविकोपार्जनका लागि कृषिमा निर्भर छन्, जसले यसलाई विशेष गरी ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानीको प्राथमिक स्रोत बनाउँछ।

**गरिबी न्यूनीकरणः** ग्रामीण विकासका लागि पारिवारिक खेतीलाई सहयोग गर्नु महत्वपूर्ण छ। जसले विशेषगरी सीमान्तकृत समुदायहरुमा राम्रो आय, रोजगारीका अवसरहरु र गरिबी घटाउने सम्भावना प्रदान गर्दछ।

**सांस्कृतिक संरक्षण र सामाजिक एकताः** कृषि **बाँकी ७ पेजमा**

# समाचार विविध

## बैंकिङ क्षेत्रमा अराजकता बढेको खुलाशा

काठमाडौं। नेपाल प्रहरीको साइबर ब्यूरोले प्रभु बैंकका फाइनान्स विभागका प्रमुख पक्राउ गरेको छ। बैंकिङ कसुरको अभियोगमा प्रभु बैंकका कर्पोरेट एण्ड प्रोजेक्ट फाइनान्स विभागका प्रमुख दिनेश डंगोललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। ब्यूरोले अशोक शेरचनसमेत माथि अनुसन्धान भइरहेको बेला थप तथ्य प्राप्त भएपछि डंगोललाई पनि पक्राउ गरेको हो। सो बैंकको महत्वपूर्ण विभागमा कार्यरत डंगोलले नेपाल राष्ट्रबैंकबाट जारीभएको निर्देशन तथा प्रचलित कानून विपरित कार्यगरेको तथा प्रभु म्यानेजमेन्ट प्रालि समेतमा प्रवाह ऋणमा कर्जा दुरुपयोग गरेको पाइएको छ। आरोपी डंगोलमाथि जिल्ला अदालत काठमाडौंबाट अनुमति लिई थप अनुसन्धान भइरहेको ब्यूरोका सूचना अधिकारी शिवकुमार श्रेष्ठले जानकारी दिनुभएको छ। ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले प्रभु बैंकबाट 'प्रभु म्यानेजमेन्ट प्रालि'मा प्रवाह भएको कर्जा दुरुपयोग प्रकरणमा डंगोलको संलग्नता देखिएपछि उहाँलाई पक्राउ गरिएको जानकारी दिनुभएको छ। त्यसैगरी अर्को एक समाचारअनुसार फरार रहेका फाइनान्सका अध्यक्ष पक्राउ परेको थाहाभएको छ। नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष काठमाडौंको नागार्जुन नगरपालिका-५ सितापाईलाबस्ने काठमाडौं महानगरपालिका-२४ बटु घरभएका योगेन्द्रप्रसाद श्रेष्ठलाई प्रहरीले पक्राउगरेको हो। छबर्ष कैद र २२ करोडभन्दा बढी जरिवाना तोकिएको अवस्थामा फरार रहेका श्रेष्ठसमेतले नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडसँग सम्बद्धरही अनियमित एवं गैरकानूनी तवरले निक्षेपकर्ता एबं संस्थाको हित विपरित हुने कार्यगरी बैंकिङ कसूरमा संलग्न रहेकोहुँदा सर्वोच्च अदालतको ०८१ भदौ पाँचगतेको फैसलाले श्रेष्ठलाई दुईवटा मुद्धामा क्रमशः १९ करोड ४६ लाख एकहजार ६६२ रुपैयाँ ३९ पैसा जरिवाना, तीनबर्ष कैद र तीनकरोड २१ लाख ३९ हजार ६८१ रुपैयाँ ५१ पैसा जरिवाना तथा तीनबर्ष कैद सजाय ठहर गरेको थियो।

## बीरगञ्ज महानगरले करको दायरा बढाउने

काठमाडौं। पर्साको बीरगञ्ज महानगरले करको दायरा बढाउँदै घरजग्गा बहाल कर संकलन व्यवस्थितगर्ने भएको छ। बीरगञ्ज महानगरद्वारा गतसाता आयोजित कार्यक्रममा सरोकारवाला निकायले प्यानलम्बर स्थानीय तहबाटै जारीगरेर कर संकलन प्रणालीलाई व्यवस्थित गराउनुपर्ने बताएका थिए। त्यसक्रममा वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले घरजग्गा बहाल कर संकलनगर्ने एकल अधिकार स्थानीय सरकारको भएपनि उक्त कर अहिले केन्द्र सरकारमातहत रहेको आन्तरिक राजस्व कार्यालयमा जम्मा हुने परिपाटीले ठूलो राजस्व गुमाउनुपरेको बताउनु भएको थियो। उहाँले संविधानले स्थानीय तहलाई दिएको अधिकारअनुसार बहाल कर महानगरपालिकामै बुझाउने व्यवस्था लागुगर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताउनु भएको थियो। आन्तरिक राजस्व कार्यालय वीरगञ्जका प्रमुख कर अधिकृत टीकाराज चौलागाईंले महानगरपालिकाको कर संकलनगर्ने अभियानमा सहयोगगर्न कार्यालय तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँले करदाता सेवा कार्यालय खारेज भएपछि स्थानीय तहबाटै प्यान नम्बर जारी गर्ने प्रक्रिया अघिबढिरहेको छ। कार्यालयले महानगरलाई आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध गराउन पनि तयार रहेका छौं भन्नुभएको थियो। सहभागीहरुले कर प्रणालीलाई सरल, पारदर्शी र सेवामैत्री बनाउन स्थानीय तह, कर कार्यालय र व्यवसायीबीच सहकार्य आवश्यक रहेको धारणा व्यक्तगर्दै करसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव समेत दिएका थिए।

## चिनियाँ कम्युनिष्ट पार्टीद्वारा बधाई

काठमाडौं। चिनियाँ कम्युनिष्ट पार्टी (सिपीसी)ले नेपालको गत फागुन २१ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई मिलेको सफलताप्रति बधाई तथा शुभकामना व्यक्त गरेको छ। सिपीसीको अन्तरराष्ट्रिय विभागले हालै पठाएको उक्त बधाई सन्देशमा दुई पार्टीबीचको बढ्दो सम्बन्धप्रति खुसी व्यक्तगर्दै आगामी दिनमा हुने सहकार्यबाट सम्बन्ध थप विस्तार हुने विश्वास व्यक्त गरिएको छ। सिपीसीले रास्वपासँग विभिन्न क्षेत्रमा अनुभव आदानप्रदान, आपसी सिकाइ तथा द्विपक्षीय सम्बन्धको स्थिर विकासका लागि सहकार्यगर्न तत्परता देखाएको रास्वपाका नेता खनालले जानकारी दिनुभएको छ। रास्वपाले नेपालको स्वतन्त्र परराष्ट्र नीति तथा पञ्चशीलको सिद्धान्तप्रति प्रतिबद्ध रहँदै छिमेकी राष्ट्रहरुसँगको सम्बन्धलाई उच्च प्राथमिकतामा राख्ने जनाएको छ। रास्वपाका अन्तराष्ट्रिय सम्बन्ध विभागका प्रमुख शिशिर खनालले पार्टीलाई प्राप्त पत्रबारे जानकारी दिनुभएको हो। उहाँकाअनुसार पत्रमार्फत सिपीसीले रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र साहको नेतृत्वमा चीन र नेपालबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा व्यक्त गरिएको छ। सो पत्रमा दुई देशबीचको राजनीतिक आपसी विश्वासलाई थप मजबुत बनाउँदै दुवै देश र जनताको हितमा साझा भविष्यसहितको समुदाय निर्माणगर्ने प्रतिबद्धता जनाइएको छ।

## इन्धनको मूल्यमा सहुलियत दिन माग

काठमाडौं। इन्धनको मूल्यमा अत्यधिक मूल्य बढेपछि सहुलियत दिन माग भएको छ। यसैक्रममा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पेट्रोलियम पदार्थको मूल्यमा सहुलियत दिन सरकारसँग आग्रह गर्नुभएको छ। महामन्त्री पौडेलले एक भिडियो सन्देश जारी गरी मध्यपूर्वमा देखिएको द्वन्दको असरले नेपालमा महँगी बढ्न लागेकोभन्दै त्यसलाई रोक्न पेट्रोलियम पदार्थमा सहुलियत दिन सरकारसँग आग्रह गर्नुभएको हो। उहाँले मध्यपूर्वमा देखिएको द्वन्दले पेट्रोलियम पदार्थको मूल्यवृद्धिहुँदा यातायात क्षेत्रमा मात्र नभएर सबैतिर यसको बहानामा मूल्यवृद्धि हुने खतरा बढेको बताउनुभएको छ। उहाँले विगत केही दिनदेखि मध्यपूर्वका देशमा भएका घटनाले हामीलाई प्रभाव पार्ने दखिएको छ, मोटरसाइकल चढेर हिँड्नेदेखि दूध लिएर घर जानेसम्मका जोकोहीको पनि खर्च बढेको छ, सबैतिर पेट्रोलियमको मूल्यवृद्धिलाई देखाएर मूल्यवृद्धि भयावह हुने सम्भावना बढेर गएको छ। वैकल्पिक ऊर्जाबाट चल्ने गाडीमा प्रोत्साहित गर्नुपर्छ, यस्तै वैकल्पिक ऊर्जाको प्रयोगबाट पेट्रोलियम पदार्थको उपभोग न्यूनीकरणगर्न सकिने सबै स्थिति प्रयोगमा ल्याउन सक्नुपर्छ भन्नुभएको छ। उहाँले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि कारण महँगी बढ्ने खतरा रहेको र त्यसलाई रोक्न बजार अनुगमन गरेर कालोबजारी हुन नदिन आग्रह गर्नुभएको छ।

# चिनियाँ विकासको मोडल र नेपालले अनुशरण गर्नुपर्ने कुराहरु

काठमाडौं। नेपालको छिमेकी मुलुक चीनले विश्वलाईनै चकित पार्नेगरी विकास गरिरहेको छभने नेपाल भारत र अमेरिकासँगको राजनीतिक संलग्नताका कारण चिनियाँ मोडलको विकास प्रणाली अपनाउनबाट पछि परिरहेको छ। पछिल्ला दिनमा चिनियाँ तथा अन्तराष्ट्रिय सञ्चार माध्यमहरुले जनाएअनुसार चिनियाँ आर्थिक तथा समाजिक विकासको सफलताको पछाडि चिनियाँ पञ्च वर्षिय योजनाको सफल कार्यान्वयनलाई मानिन्छ। चीनको राजनीति र आर्थिक क्षेत्रका जानकार तथा चर्चित लेखक चेतनाथ आचार्यले एक लेखमा उल्लेख गर्नुभएअनुसार यतिबेला चीन १४ औं पञ्चवर्षिय योजना (सन् २०२१-२०२५) लाई सफलतापूर्वक सम्पन्न गरेर १५ औं पञ्चवर्षिय योजना (२०२६-२०३०) कार्यान्वयन गर्ने/गराउने क्रममा रहेको छ। चीनको नयाँ घोषणाहरुमा वैज्ञानिक तथा प्राविधिक क्षेत्रमा आत्मनिर्भरता अभिवृद्धिगर्ने र सन् २०३५ सम्ममा समाजवादी आधुनिकी करणको आधारभुत लक्ष्यतर्फ अग्रसरमा केन्द्रित हुने उल्लेख छन्। औद्योगिक उन्नयन, वैज्ञानिक तथा प्राविधिक नवप्रवर्तन, ग्रामीण पुनरुत्थान, सहकारीका नयाँ रुपहरु विकासगर्दै उच्चस्तरीय खुलापन विस्तारगर्दै हरित विकासलाई निरन्तरता दिने विषयलाई चीनले प्राथमिकतामा



राखेको पाइन्छ। १४ औं पञ्चबर्षिय योजनाका मुख्य उपलब्धिहरुमा आर्थिक वृद्धि र स्थिरता पहिलो नम्बरमा रहेको पाइन्छ। सन् २०२४ मा चीनको कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) १३४ ट्रिलियन युआन नाघेको थियो। जसमा औसत वार्षिक वृद्धिदर ५.५ प्रतिशत रह्यो। सो अवधिमा चीनको अर्थतन्त्र करिब ३५ ट्रिलियन युआनले विस्तारहुँदै विश्वव्यापी आर्थिक वृद्धिमा औसत ३० प्रतिशत योगदान दिएको तथ्यांक रहेको छ। त्यसैगरी दोश्रो उपलब्धिमा प्राविधिक तथा औद्योगिक प्रगतिलाई लिन सकिन्छ। चीन लगातार १५ वर्षसम्म विश्वको सबभन्दा ठूलो उत्पादक राष्ट्र बनेको छ। भनिन्छ यस अवधिमा चीनले एआई उद्योगमा सन् २०२३ मा मात्र ५७८.७ अर्ब युआन लगानी गरेको थियोभने क्वान्टम सञ्चार र उच्चस्तरीय चिप्समा ठूलो सफलता हासिल गरेको थियो। विश्वस्तरीय प्रतिस्पर्धामा डिपसिकजस्ता एआई मोडलले उच्च स्थान प्राप्तगरेको देखिएको छ। त्यसैगरी अन्तरिक्ष स्टेसन निर्माण, चन्द्रमाको दुर्गम भागबाट नमूना संकलन र विश्वकै पहिलो चौथोपुस्ताको आणविक ऊर्जा प्लान्टलाई चीनले व्यावसायिक सञ्चालनमा ल्याएको पाइन्छ। त्यसैगरी गरिबी निवारण र जनजीविकामा सुधारमा पनि चीनले ठूलो सफलता हाँशिल गरेकाने छ। सार्बजनिक भएका पछिल्ला समाचार बिबरणहरु अनुसार चौधौं पञ्च बर्षिय योजना अवधिमा चीनले अघिल्लो अवधि (तेह्रौं पञ्च बर्षिय योजना) मा गरिबीबाट मुक्तगरेको नौकरोड ८९ लाख ९० हजार जनतालाई संरक्षणगर्दै गरिबीबाट उकासिएकाहरु **बाँकी ७ पेजमा**

## सम्पन्न...

अभ्यासहरु स्थानीय संस्कृति, सामुदायिक पहिचान, र परम्परागत ज्ञान र स्थानीय बिउ प्रजातिहरुको संरक्षणसँग जोडिएको छ, जसले विगत, वर्तमान र भावी पुस्ताहरुलाई जोड्दछ।

**महिला सशक्तिकरण:** पुरुषहरु बसाइँ सर्दै जाँदा, महिलाहरुले प्रमुख भूमिका खेल्छन्, जसले उचित सहयोगका साथ महत्वपूर्ण महिला सशक्तिकरण र समुदायभित्र लैङ्गिक गतिशीलतामा परिवर्तन ल्याउन सक्छ।

**वातावरणीय दिगोपना र जलवायु लचिलोपन:** परम्परागत र एकीकृत खेती अभ्यासहरु, जस्तै कृषि-पारिस्थितिकी र जैविक मलको प्रयोग, जैविक विविधता संरक्षण गर्न, माटोको स्वास्थ्य सुधार गर्न र जलवायु अनुकूलन समाधानहरु प्रस्ताव गर्न मद्दत गर्दछ।

**नेपालमा पारिवारिक खेतीको दिगोपना**

नेपालमा पारिवारिक खेती स्वाभाविक रुपमा वातावरणीय, सामाजिक र आर्थिक पक्षहरुमा दिगोपनसँग जोडिएको छ, जसले ग्रामीण आजीविका र खाद्य सुरक्षाको मेरुदण्ड बनाउँछ।

**वातावरणीय दिगोपना:** नेपालका पारिवारिक फार्महरु प्रायः परम्परागत अभ्यासहरुमा भर पर्छन् जुन पारिस्थितिकीय रुपमा अनुकूल छन् र वातावरणीय संरक्षणमा योगदान पुर्याउँछन्।

**जैविक विविधता र माटोको स्वास्थ्य:** परम्परागत मिश्रित कृषि प्रणालीले पशुधन, तरकारी, फलफुल र अन्नलाई एकीकृत गर्दछ, जैविक विविधतालाई बढावा दिन्छ र सिन्थेटिक रसायनको सट्टा खेतको मल र कम्पोस्टको प्रयोग गरेर माटोको उर्वरता कायम राख्छ।

**जलवायु लचिलोपन:** अन्तर फसल, कृषि वानिकी, वर्षा जल संचयन, र देशी, जलवायु-लचिलो बिउ प्रयोग गर्ने जस्ता अभ्यासहरुले अनियमित मौसम ढाँचा, खडेरी, र जलवायु परिवर्तनले गर्दा हुने भूस्खलन विरुद्ध लचिलोपन निर्माण गर्न मद्दत गर्दछ।

**कम प्रदूषण:** रासायनिक मल र कीटनाशकहरुको कम वा कुनै प्रयोगले माटोको क्षरण, पानी प्रदूषण, र ग्रीनहाउस ग्याँस उत्सर्जनलाई कम गर्दछ, प्राकृतिक वातावरण र जनस्वास्थ्यको रक्षा गर्दछ।

**जल व्यवस्थापन:** ड्रिप इरिगेसन, मल्चिङ, र सामुदायिक पानी ट्याङ्की निर्माण जस्ता कुशल जल व्यवस्थापन प्रविधिहरुले जलस्रोतको संरक्षण गर्न मद्दत गर्दछ, जुन अभावको सामना गर्ने क्षेत्रहरुमा एक महत्वपूर्ण पक्ष हो।

**सामाजिक दिगोपना**

परिवारिक खेतीले समुदायभित्र सामाजिक संरचना र समानता कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्छ।

**महिला सशक्तिकरण:** धेरै पुरुषहरु कामका लागि बसाइँ सरिरहेका छन्, महिलाहरु बढ्दो रुपमा कृषिमा प्राथमिक निर्णयकर्ताहरु बनिरहेका छन्, जसले महिला नेतृत्वको कृषि समूह र सहकारीहरुको उदयलाई बढावा दिन्छ जसले समानता र लचिलोपनलाई प्रवर्द्धन गर्दछ।

**सामुदायिक एकता र ज्ञान हस्तान्तरण:** पारिवारिक खेतीले समुदायको बलियो भावनालाई बढावा दिन्छ, सांस्कृतिक सम्पदाको संरक्षण गर्दछ र पुस्तौँ पुस्तासम्म परम्परागत कृषि ज्ञानको हस्तान्तरणलाई सहज बनाउँछ।

**खाद्य तथा पोषणसुरक्षा :** स्थानीय खाद्य सुरक्षा र स्वस्थ, स्थानीय रुपमा उब्जाइएका उत्पादनहरुमा पहुँच सुनिश्चित गर्दै पारिवारिक फार्महरुले देशमा खपत हुने अधिकांश खाद्यान्न उत्पादन गर्छन्।

**आर्थिक दिगोपना** जबकि धेरै पारिवारिक फार्महरु निर्वाह स्तरमा सञ्चालन हुन्छन्, तिनीहरुले दिगो अभ्यासहरु र संस्थागत समर्थनको माध्यमबाट आर्थिक व्यवहार्यताका लागि महत्वपूर्ण सम्भावना प्रदान गर्छन्।

**बजार पहुँच र मूल्य श्रृंखलाहरु:** दिगो मूल्य श्रृंखलाहरु विकास गर्ने, किसानहरुलाई बजारसँग जोड्ने, र कृषि-व्यवसायहरुलाई सहयोग गर्ने पहलहरुले किसानहरुको आय सुधार गर्न र फसल पछिको घाटा कम गर्न मद्दत गर्दछ।

**लागत घटाउने:** खेतीमा जैविक सामग्री र स्थानीय स्रोतहरुमा निर्भरताले रासायनिक मल र कीटनाशक जस्ता महँगो बाह्य सामग्रीहरुमा निर्भरता घटाउँछ, उत्पादन लागत घटाउँछ।

**विविधीकरण र उद्यमिता:** बाली विविधीकरण (तरकारी, कफी, र जडिबुटी जस्ता उच्च मूल्य नगद बालीहरु) लाई प्रोत्साहित गर्दै र कृषि उद्यमशीलतालाई समर्थन गर्दै, विशेषगरी युवा र महिलाहरुमा, नयाँ आर्थिक अवसरहरु र स्थिर आजीविका प्रदान गर्दछ। यी वातावरणीय, सामाजिक र आर्थिक पक्षहरुलाई एकीकृत गरेर नेपालमा पारिवारिक खेती खाद्य सुरक्षा र दिगो विकास लक्ष्यहरु प्राप्त गर्ने महत्वपूर्ण मार्ग हो।

**ग्रामीण अर्थतन्त्रमा पारिवारिक खेतीको योगदान**

पारिवारिक खेती नेपालको ग्रामीण अर्थतन्त्रको मेरुदण्ड हो। जसले खाद्य सुरक्षा, जनसंख्याको ६० प्रतिशत् भन्दा बढीको जीविकोपार्जन, र सांस्कृतिक पहिचानको संरक्षण गर्दछ। यद्यपि यसको प्रत्यक्ष जीडीपी सेयर घटेको छ। यी साना, परिवारद्वारा सञ्चालित फार्महरुले देशको अधिकांश खाद्यान्न उत्पादन गर्दछ। जैविक विविधता ( जैविक अभ्यासहरु) कायम राख्दछ र पशुधन र बालीहरु मार्फत आय उत्पन्न गर्दछ, र स्थानीय व्यवसायहरुलाई प्रवर्द्धन गर्दछ, जसले तिनीहरुलाई गरिबी निवारण र ग्रामीण दिगोपनका लागि महत्वपूर्ण योगदान गर्दछ।

**प्रमुख योगदानहरु**

**खाद्य तथा पोषण सुरक्षा:** पारिवारिक फार्महरुले घरेलु उपभोगका लागि आवश्यक अन्न, तरकारी, फलफुल र दुग्ध आपूर्ति गर्छन्, ग्रामीण परिवारहरुलाई प्रत्यक्ष खाना दिन्छन् र बजारमा निर्भरता कम गर्छन्।

**जीविकोपार्जन र रोजगार:** कृषि, पारिवारिक फार्महरुको प्रभुत्व, अधिकांश ग्रामीण नेपालीहरुका लागि प्राथमिक आय स्रोत हो, यसमा ६० प्रतिशत् भन्दा बढी निर्भर छ, जीडीपी सेयर घट्दै गए पनि।

**सांस्कृतिक सम्पदा र जैवविविधता:** यी फार्महरुले परम्परागत कृषि ज्ञान, विविध स्थानीय बिउ प्रजातिहरु र जैविक अभ्यासहरु, प्रायः पशुधन, बालीहरु, र घर बगैंचाहरु एकीकृत गर्दछ।

**आर्थिक गुणक प्रभाव:** कृषि गतिविधिहरुले स्थानीय व्यवसायलाई समर्थन गर्दै कृषि सामग्री (बिउ, मल, उपकरण) र उत्पादनको बिक्रीको मागमार्फत स्थानीय अर्थतन्त्रलाई प्रोत्साहित गर्दछ।

**गरिबी निवारण:** पारिवारिक खेती प्रणालीभित्र गाईवस्तु (गाई, भैसी, बाख्रा, कुखुरा, बुङ्गुर आदि) आय, पोषण आपूर्ति (दूध, मासु) र कमजोर घरपरिवारलाई सहयोग गर्नु महत्वपूर्ण हुन्छ, जसले विपद्मा सुरक्षा सञ्जालको रुपमा काम गर्दछ। गरिबी निवारणको लागि कृषि तथा पशुपालन व्यवसाय इन्जिनको रुपमा रहेको भए पनि कृषिको व्यवसायिकीकरण गर्न नसकिएकाले अझै २०.२७ प्रतिशत् जनसंख्या गरिबीको रेखामुनी रहेको पाइन्छ।

**जैविक खेती:** पारिवारिक फार्म ( पशुधन, तरकारी, अनाज) को एकीकृत प्रकृतिले स्वाभाविक रुपमा जैविक विधिहरुलाई बढावा दिन्छ, खेतको मल र न्यूनतम रसायनहरुमा भर पर्दछ। नेपालमा जैविक खेतीको प्रचुर सम्भावना भए पनि यसतर्फ खासै ध्यान दिएको पाइदैन। केही जिल्ला र प्रदेश सरकारले जैविक कृषिको पहल गरे पनि नतिजा भने उत्साहजनक देखिदैन।

**चुनौती र भविष्यको दिशा**

**जीडीपीमा गिरावट:** अझै पनि महत्वपूर्ण भए पनि, राष्ट्रिय जीडीपीमा कृषिको हिस्सा घटेको छ, जसले मूल्य अभिवृद्धि र औद्योगिकीकरणको आवश्यकतालाई सङ्केत गर्दछ।

**आधुनिकीकरणका आवश्यकताहरु:** फार्महरुले कम उत्पादकता, आधुनिक प्रविधिहरुमा सीमित पहुँच, र जलवायु परिवर्तनका प्रभावहरु जस्ता चुनौतिहरुको सामना गर्छन्। जसले राम्रो प्रविधि, सिँचाइ, र बजार पहुँचको आवश्यकतालाई प्रकाश पार्छ।

**नीतिगत सहयोग :** संयुक्त राष्ट्र संघको पारिवारिक खेतीको दशकजस्ता पहलहरुको उद्देश्य नीतिहरुलाई बढावा दिने, सहकारी संस्थाहरुलाई समर्थन गर्ने (धादिङमा देखापरेको जस्तै) र ग्रामीण रुपान्तरणमा पारिवारिक खेतीको भूमिकालाई बलियो बनाउन बजार पहुँच सुधार गर्ने रहेको देखिन्छ।

**निष्कर्ष** नेपालमा पारिवारिक खेती ग्रामीण अर्थतन्त्र, खाद्य सुरक्षा र वातावरणीय लचिलोपनको मेरुदण्ड होभन्ने निष्कर्षमा पुगेको छ। तैपनि यसले राष्ट्रिय आर्थिक रुपान्तरणको सम्भावनामा बाधा पुऱ्याउने गम्भीर चुनौतीहरुको सामना गरिरहेको छ। यो साना, खण्डित जमिनहरु र परम्परागत, प्रायः निर्वाह-उन्मुख, अभ्यासहरुद्वारा सञ्चालित छ। नेपालका अधिकांश परिवारहरु पारिवारिक खेतीमा संलग्न छन्। यस क्षेत्रमा खपत हुने करिब ८० प्रतिशत् खाद्यान्न उत्पादन गर्छन् र घरेलु स्तरको खाद्य सुरक्षा सुनिश्चित गर्छन्। नेपालको कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा कृषिको महत्वपूर्ण योगदान छ। तर यो हिस्सा घट्दै गएको छ। यो क्षेत्र कम उत्पादकत्व, आधुनिक प्रविधिको अभाव, अपर्याप्त सिँचाइ, बजार र ऋणमा सीमित पहुँचद्वारा ग्रसित छ। विदेशी रोजगारीका लागि उच्च पुरुष आप्रवासनका साथ, महिलाहरु बढ्दोरुपमा प्राथमिक निर्णयकर्ता र कृषिमा मुख्य श्रम शक्ति बनिरहेका छन्। यो परिवर्तनले उनीहरुको कामको भार बढाउँदै सहकारी र कृषि व्यवसायमा महिलाको नेतृत्वका लागि अवसरहंयस्रु पनि सिर्जना गर्दछ। नेपालका पारिवारिक फार्महरुले प्रायः परम्परागत, विविध खेती अभ्यासहरु प्रयोग गर्छन्। जुन स्वाभाविक रुपमा जलवायु लचिलो हुन्छ, जस्तै अन्तर बाली र स्वदेशी बिउहरु प्रयोग गर्ने। यी विधिहरुलाई अनियमित मनसुन र भूस्खलन जस्ता बढ्दो जलवायु आघातहरु अनुकूल बनाउनको लागि कुञ्जीको रुपमा हेरिन्छ। एउटा प्रमुख चिन्ताको विषय भनेको युवाहरुमा कृषिमा घट्दो चासो हो किनभने यसलाई कम-स्थिति, कम तलब दिने जागिरको रुपमा धारणा गरिएको छ। यसले श्रमिकको गम्भीर अभाव, जग्गा परित्याग र बुढेसकालमा खेतीगर्ने जनसंख्या निम्त्याउँछ। धेरै पहाडी र हिमाली खेतहरु कम रासायनिक सामग्री प्रयोगका कारण पूर्वनिर्धारित रुपमा व्यवस्थित छन्। जैविक उत्पादनको बढ्दो माग पूरा गर्न सहकारी र लक्षित सहयोगमार्फत जैविक र जलवायु-स्मार्ट कृषि अभ्यासहरु बढाउने महत्वपूर्ण सम्भावना छ। सारमा, पारिवारिक खेती एउटा लचिलो प्रणाली हो जसमा दिगो ग्रामीण विकास चलाउन र राष्ट्रिय खाद्य सुरक्षालाई सम्बोधन गर्ने क्षमता राख्छ। तर यसका लागि पर्याप्त नीतिगत परिवर्तन आवश्यक छ। यसको पूर्ण क्षमतालाई अनलकगर्न, यसलाई केवल निर्वाह गतिविधिको रुपमा हेर्नुभन्दा आर्थिक रुपान्तरणको इन्जिनको रुपमा मान्यता दिन आवश्यक छ। प्रविधि, बजार पहुँच, र सर्वसुलभ कर्जा, हरेक बालीको समर्थन मूल्य तोक्ने, उत्पादनका आधारमा अनुदानको व्यवस्था गर्ने, गरिब तथा निम्न मधयम वर्गमा कृषि प्रसार कार्यक्रम केन्द्रित गर्ने, व्यवसायिक खेतीतर्फ किसानलाई आकर्षित गर्ने जस्ता कुरामा तीनै तहका सरकारले ध्यान दिनु पर्ने देखिन्छ। किसानको श्रमको सम्मान र कृषि उपजको उचित न्युनतम मूल्य निर्धारण, कृषि तालिम, कृषि सामग्री, आधुनिक प्रविधिको सुविधा आदि प्रदानगर्नु सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रष्ट रुपमा आउनुपर्छ। अस्तु।

## चिनियाँ...

मध्ये ३ करोडभन्दा बढीलाई रोजगारी उपलब्धसमेत गराएको देखिएको छ। पुनः गरिबीमा फर्किने जोखिममा रहेका ६० लाखभन्दा बढी मानिसलाई सहयोगसमेत गरेको छ। चीनले विश्वकै ठूलो सामाजिक सुरक्षा प्रणाली र मध्यम आय भएको जनसंख्या निर्माण पनि गरेको पाइन्छ। चीनले प्राप्तगरेको अर्को उपलब्धिमा अन्तर्राष्ट्रिय सहयोग र खुलापन पनि रहेको छ। उच्चस्तरीय खुलापनको नीति अन्तर्गत चीनले बिआरआई परियोजनाहरु अन्तर्गत सन् २०२५ को पहिलो चार महिनामा मात्रै ३ अर्ब ७९ करोड ९० लाख अमेरिकी डलर राजस्व आर्जन गरेको तथ्यांकहरुमा उल्लेख छ। चीनले १६० भन्दा बढी देशमा विकास सहायता पनि उपलब्ध गराएको छ। यसै अवधिमा चीनले ४.७ ट्रिलियन युआनभन्दा बढी वैदेशिक लगानी भित्र्याएको पाइन्छ। चीनले १५ औं पञ्च बर्षिय योजनामा उच्च-गुणस्तरको विकासलाई केन्द्रमा राख्दै बाह्य जोखिमहरुको सामनागर्न प्राविधिक आत्मनिर्भरता बढाउने, औद्योगिक स्तरोन्नतिगर्ने र घरेलु खपतलाई प्राथमिकतामा राख्ने नीति लिएको देखिएको छ। यी नीति सफल बनाउन एआई/रोबोटिक्स विकास, हरित ऊर्जा संक्रमण र राष्ट्रिय सुरक्षालाई प्राथमिकतामा राख्दै द्रुत र मात्रा-सञ्चालित आर्थिक वृद्धिभन्दा संरचनात्मक आर्थिक परिवर्तनका लागि पहल गर्ने दिशानिर्देश गरेको छ। चीनले हरित संक्रमण र ऊर्जा सुरक्षालाई दिगो विकासको आधार मानेको छ। यस्ता आधारले सुन्दर चीन पहलहरु प्राप्तगर्ने लक्ष्यकासाथ कार्बन उत्सर्जनलाई शिखरमा पुऱ्याउने, नवीकरणीय ऊर्जा (सौर्य, वायु, आणविक) लाई बढावा दिने र ऊर्जा दक्षता स्तरोन्नतिगर्ने प्रतिबद्धता जनाएको छ। चीनले कोइला र तेल खपतका लागि योजनाहरु प्रस्तुत गरेर एक महत्वपूर्ण परिवर्तनलाई अँगालेको पाइन्छ। १५ औं पञ्च बर्षिय योजनामा चीनले औद्योगिक स्तरोन्नतिका लागि थप लचिलो औद्योगिक आधार सिर्जनागर्न प्रविधि एकीकरण मार्फत परम्परागत उत्पादन क्षेत्रहरुलाई आधुनिकीकरण गर्ने कुराहरु पनि बाहिर आएका छन्। राष्ट्रिय सुरक्षासँग आर्थिक वृद्धि सन्तुलनगर्न आपूर्ति शृंखला, खाद्य, ऊर्जा र डेटा सुरक्षालाई सुनिश्चितगर्न राष्ट्रिय सुरक्षा र स्थिरता अपनाएको पाइन्छ। चीनमा हालै सम्पन्न बाह्रौं राष्ट्रिय जनकंग्रेसको चौथो अधिवेशनमा प्रस्तुत चीनको सरकारी कार्य प्रतिवेदनमा आर्थिक तथा सामाजिक विकासका लागि १५ औं पञ्चबर्षिय योजनाबारे धेरै महत्वपूर्ण तथ्यांक र बिवरणहरु उल्लेख छन्। उक्त प्रतिवेदन अनुसार सन् २०२६ देखि २०३० सम्म चीनको सामाजिक तथा आर्थिक विकासका लागि बाध्यकारी मार्गदर्शक हुने उल्लेख छ। चीनले सन् २०३० सम्म कुल ऊर्जा खपतमा गैर-जीवाश्म ऊर्जाको हिस्सा २५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको देखिएको छ। सन् २०२५ मा चीनले २१.७ प्रतिशत मात्र गैरजीवाश्म ऊर्जा खपतगर्न सकेको तथ्यांक छ। चीनले १५ औं पञ्च बर्षिय योजना अवधिमा २५ प्रतिशतको लक्ष्य भेट्न निकै मेहनत गर्नुपर्ने अवस्था रहेको छ। यसका लागि चीनले विद्युतीय सवारी साधन अर्थात इभी प्रोत्साहन गर्न थालेको छ। सन् २०२६ मा बेइजिङले कूल एक लाख ६० हजार नयाँ हरित ऊर्जा सवारी साधन अनुमतिपत्र जारीगर्ने योजना बनाएको प्राप्त बिवरणहरुमा उल्लेख छ। यसमा वार्षिक ८० हजार नियमित कोटा र थप ८० हजार अनुमतिपत्रहरु समावेश रहेका छन्। चीनले सन् २०३५ को अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धता पूरागर्न आफ्नो नयाँ ऊर्जा क्षमता हालको १,८०० गिगावाटलाई दोब्बर बनाउनुपर्ने छ। यही उद्देश्य पूरागर्न चीनले आफ्नो उत्तरी क्षेत्रहरुमा तीनवटा स्वच्छ-ऊर्जा आधार र दक्षिण-पश्चिम चीनमा एकीकृत जल-वायु-सौर्य परिसर विकास गर्नुपर्ने नीति लिएको पाइन्छ। १५ औ पञ्च बर्षिय योजना अवधिमै चीनले सन् २०३० सम्म चिनियाँको सरदर आयु ८० वर्ष पुऱ्याउने लक्ष्य राखेको छ। यो लक्ष्य पूरागर्न चीन सरकारले स्वास्थ्य प्रणाली सुधार्दै पहिलो पटक व्यावसायिक स्वास्थ्य बीमाको विकासलाई प्रतिवेदनमा समावेश गरेको छ। चीनले विदेशी लगानीलाई आकर्षणगर्न पन्ध्रौं पञ्च बर्षिय योजनामा विभिन्न योजना अगाडि सारेको पाइन्छ। चीनको सामाजिक र जनसांख्यिक चुनौतीहरु पनि थपिएका देखिन्छन्। बढ्दो युवा बेरोजगारीदर र जनसंख्या वृद्धिदर नकारात्मकहुँदा संरचनात्मक समस्या देखिन थालेको छ। छिमेकी चीनको विकास मोडलका बारेमा नेपालले अबका दिनमा छलफल चलाउनु जरुरी रहेको छ। चीनको विकास रणनीतिमा आधारित बिआरआईको कार्यान्वयनले नेपालको विकासले पनि गति लिने ठानिएको छ। कतिपय विकास बिरोधीहरुले नेपालमा बिआरआईको कार्यान्वयन हुन नदिन अनेक प्रपञ्च गुरिरहेका छन्।

## नेपालमा...

बैचारिक, आर्थिक तथा राजनीतिक संघर्षका महत्वपूर्ण रुपलाई संगठित गरेर क्रान्तिकारी आन्दोलनको विकास गरेपछिमात्र राजनीतिक आन्दोलनले सफलता प्राप्त गर्दछ भन्ने बिद्वानहरुको निष्कर्ष रहेको छ। प्रमुख बर्गहरुका बीचमा चल्ने आर्थिक संघर्षले उत्पीडित बर्गको प्रत्यक्ष हितको प्रतिनिधित्व गर्दछभने बैचारिक संघर्षले आर्थिक तथा राजनीतिक संघर्षलाई सफल पार्न सहयोगीको भूमिका खेलेको हुन्छ। बैचारिक संघर्षको सहयोग लिएर आर्थिक संघर्षले उच्चतम विकासगर्दै राजनीतिक संघर्षमा संक्रमणभई राजनीतिक संघर्ष सफल हुन्छ। त्यसैले स्थानीय समस्यालाई लिएर सञ्चालन हुने ग्रामीण बर्गसंघर्ष तथा राष्ट्रिय समस्यालाई लिएर हुने राजनीतिक संघर्ष सबैको भूमिका समाज परिवर्तनका लागि महत्वपूर्ण रहने भएपनि निर्णायक संघर्षभने राजनीतिक संघर्षनै होभन्ने कुरा इतिहासमा पटक पटक प्रमाणित पनि भएको छ। नेपाल लगायत संसारभरि ठुल्ठूला राजनीतिक संघर्षबाटनै पुरानो र निरंकेश सत्ताको अन्त्यभई नयाँ र अगैगामी सामाजिक सत्ताको उदय भएको हुन्छ। मानव विकासको इतिहासलाई केलाएर हेर्दा दासकालीन व्यवस्था र दासमालिकका विरुद्धमा दासको शक्तिशाली राजनीतिक संघर्षबाट हजारौं बर्ष पुरानो दास व्यवस्थाको अन्त्य भएको देखिएको छ। त्यो भन्दा केही प्रगतिशील सामन्ती व्यवस्थाले त्यसको स्थान लिन पुग्यो। एक हजार ५०० बर्ष सत्ताभोग गरेको सामन्ती व्यवस्था पनि राजनीतिक संघर्षको बलमा विश्वबाट समाप्त भएर त्योभन्दा केही प्रगतिशील पूँजीवादी व्यवस्था स्थापना हुनपुग्यो। आजको २१ औ शताब्दीमा पनि विश्वभरिनै पूँजीवादी शोषण कायम रहेको छ। जसले साम्राज्यवादीरुप समेत ग्रहण गरिसकेको अवस्था छ। त्यसैले आजको युगलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग मानिन्छ। साम्राज्यवादी शोषण, दमन र उत्पीडनका विरुद्धमा विश्वका श्रमजीवी बर्गहरु एकभएर संघर्ष गर्नुपर्ने र साम्राज्यवादलाई घुँडा टेकाउनुपर्ने अवस्था छ। जसको जिम्मेवारी सर्वहारा बर्ग र खासगरी उसको प्रतिनिधिमूलक संगठन कम्युनिष्ट पार्टीको काँधमा आइपुगेको छ। साम्राज्यवादी शोषणबाट एकातिर अविकसित, अल्पविकसित र विकासोन्मुख देशले सास्ती भोगिरहेका छन्भने अर्कोतर्फ साम्राज्यवादी मुलुककै बीचमा पनि बिश्वका कमजोर देशमाथि पहिले कसले साम्राज्य कायमगर्ने भन्ने आपसी होड चल्नेगरेको देखिएको छ। साम्राज्यवादी शक्तिको आपसी द्वन्दका कारणले पनि विश्व साम्राज्यवाद आफै मरणशील अवस्थामा रहेको छ। यस्तो अवस्थामा कम्युनिष्ट पार्टीहरुले एकजुट भएर धक्का दिनुपर्ने हुन्छ। तर नेपालमा पछिल्ला दिनमा सडक र संसदमा हुने संघर्षले प्रतिगामीहरुलाई खासै असरपार्न सकेको देखिएको छैन। त्यसैगरी सरकारमा हुने संघर्षले हाम्रो उत्पादन पद्धति, शिक्षा नीति, मौद्रिक नीति र बिद्यमान नीतिहरुमा प्रगतिशील परिवर्तन गर्नुपर्नेमा त्यो पनि हुन सकिरहेको छैन। ०४६ सालको राजनीतिक परिवर्तनपछि वनेका वाम संसद र सरकारहरुले त्यो स्तरको भूमिका निर्वाहगर्न सकिरहेका छैनन्। यतिबेला देशमा एकातिर सही क्रान्तिकारी भनिएका कम्युनिष्ट पार्टीहरुका बीचमा एकता हुन सकिरहेको छैनभने अर्कातिर संसदवादी कम्युनिष्टहरु पनि किनारा लागेको अवस्था छ। सरकार र प्रमुख प्रतिपक्षी दल दुबैमा दक्षिणपन्थी पार्टीहरु रहेका छन्। त्यसैले कम्युनिष्ट पार्टीहरुको झल्को समेत जनताले देख्न नपाउने अवस्था सिर्जना भएको छ। अब आउने आगामी आब ०८३/०८४ को सरकारको नीति तथा कार्यक्रम र बजेटले नेपाल कता जान लागेको होभन्ने कुरा स्पष्टगर्ने छ। त्यसैले नेपालका कम्युनिष्ट पार्टीहरुले बर्गसंघर्षको राजनीतिलाई स्थापित गराउन अथक प्रयास गर्नुपर्ने अवस्था छ। यसतर्फ सबै दलहरुको ध्यान जान आवश्यक छ।

## बिश्वमा...

संस्थाले तत्काल ७७ मिलियन अमेरिकी डलर थप सहयोगको अपिल गरेको छ। डब्लुएफपीकाअनुसार हालको युद्ध शुरुहुनु अघिनै विश्व खाद्य संकट गम्भीर अवस्थामा थियो। पछिल्लो पाँचबर्षमा तीव्र खाद्य असुरक्षा तीन गुणाले बढेको र गतबर्ष अन्तर्राष्ट्रिय सहयोगमा ४० प्रतिशत कटौतीहुँदा राहत कार्यमा ठूलो चुनौती थपिएको छ। युद्धका कारण इन्धन मूल्य वृद्धि, ढुवानी लागत बढ्नु र आपूर्ति श्रृंखला लम्बिनुले राहत कार्य झन् महँगो बनेको छ। ढुवानी खर्च १८ प्रतिशतले बढेको र सवारी साधनहरु महँगो इन्धनमा निर्भर हुनुपरेको अवस्था छ। यस संकटले युद्ध क्षेत्रभन्दा टाढाका देशहरुमा पनि कृषि उत्पादनमा असरपार्ने खतरा बढेको छ। विशेषगरी हर्मुज जलमार्गहुँदै रासायनिक मल निर्यातमा अवरोधहुँदा सोमालिया र केन्याजस्ता अफ्रिकी देशहरुमा रोपाइँ सिजन प्रभावित हुनसक्ने चेतावनी दिइएको छ। सोमालियामा त अवस्था झन् गम्भीर बन्दैगएको छ। लगातार दुईपटकको खडेरीका कारण त्यहाँ अनिकालको संकेत देखिएको छ। पर्याप्त बजेट अभावका कारण डब्लुएफपीले त्यहाँ सातलाख मानिसलाई सहयोगगर्न नसकेको जनाएको छ। यस्तै, सुडानमा अनिकालको अवस्थामा रहेका नागरिकका लागि खाद्य सहायता कटौती गरिएको छ भने अफगानिस्तानमा तीव्र कुपोषणका शिकार बालबालिकामध्ये चार जनामध्ये एक जनालाई मात्रै सहयोगगर्न सकिएको छ। ‘सहयोग अभावकै कारण अफगानिस्तानमा मानिसहरुको मृत्यु भइरहेको छ,’ स्काउले चेतावनीदिँदै विश्व समुदायसँग थप मानवीय सहायता उपलब्ध गराउन आग्रह गरेका छन्। ईरानसँग सम्बन्धित तनाव र सम्भावित युद्धका कारण अरब क्षेत्रका क्षेत्रीय र घरेलु मिडियामा खाडी क्षेत्रको सुरक्षाबारे निरन्तर बहस भइरहेको छ। यस क्रममा गल्फ कोपरेशन काउस्निल (जीसीसी) देशहरुको अमेरिकाप्रतिको दृष्टिकोण फरक, फरक देखिएको छ। यही मार्च १६ मा रोयटर्सले खाडी देशहरुले होर्मुज संकट गहिरिँदै जाँदा ईरानलाई स्थायीरुपमा निष्क्रिय बनाउन अमेरिकामाथि दबाब दिएका रिपोर्ट प्रकाशित गरेको थियो। तर केही अरब मिडियाले अमेरिकाको ईरानमाथि आक्रमण गर्ने निर्णयको आलोचनागर्दै वाशिंटनले खाडी देशहरु नै निशाना बन्न सक्ने जोखिमलाई बेवास्तागरेको आरोप लगाएका छन्। यसरी युद्ध बढ्दै गएकाले समस्या पनि थपिने र विश्वनै भोकमरीको चपेटामा पर्ने संकेतहरु देखिन थालेका छन्।